सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ चैत २०८२, शनिबार (21 March 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ्याउ नयाँ

एआई र आलोचनात्मक चेत



मानिसले आफ्नो सोच र निर्णय प्रक्रिया एआईलाई जिम्मा दियो भने बाहिरबाट नियन्त्रण आफ्नै हातमा देखिए पनि वास्तविक नियन्त्रण प्रविधिले गर्छ

● **हिमपाल श्रेष्ठ**, प्रविधिविज्ञ

जात व्यवस्थाको अन्त्य : अन्तर्जातीय विवाह र बुद्ध धम्म मार्ग



● **मेखराज उदय**

इरान युद्धका कारण मल आपूर्ति प्रभावित हुने जोखिम तत्काललाई टऱ्यो

दुबईस्थित सन इन्टरनेसनल एफजेडईले युरिया र सिंगापुरस्थित आदित्य बिर्ला ग्लोबल ट्रेडिङले डिएपी मल आयात गर्ने

विस्तृत पृष्ठ ७

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ जेन-जी आन्दोलनमा राज्यबाट मानव अधिकारको गम्भीर उल्लंघन

ओली, लेखक, प्रधानसेनापतिसहितका सुरक्षा परिषद्का पदाधिकारीलाई कारबाही सिफारिस

मानव अधिकार आयोगको छानबिन समितिले अध्यक्ष तपबहादुर मगरलाई बुझायो १० हजार पृष्ठको प्रतिवेदन



■ छानबिन समिति संयोजक **लिली थापा** भन्छिन्-

विस्तृत छानबिन गरी दोषीलाई कारबाही सिफारिस गरेका छौं

हामीले ९० भन्दा धेरै व्यक्तिको बयान लियौं, सयौं व्यक्तिसँग छलफल गर्‍यौं र विभिन्न विज्ञहरू राखेर फरेन्सिक तथा ब्यालेस्टिक रिपोर्टहरूसमेत समावेश गरेर करिब १० हजार पृष्ठको प्रतिवेदन बुझाएका छौं। छानबिनमा दोषी देखिएकाहरू कारबाही सिफारिसमा छन्। आयोगको बैठकले यसलाई अनुमोदन गरेपछि सार्वजनिक हुनेछ।

नवराज मैनाली / नयाँ पत्रिका

राष्ट्रिय मानव अधिकार आयोगले २३ भदौको जेन-जी आन्दोलनमा राज्यबाट मानव अधिकारको गम्भीर उल्लंघन भएको निष्कर्षसहित तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, प्रधानसेनापति अशोकराज सिग्देलगायतका राष्ट्रिय सुरक्षा परिषद्का पदाधिकारीहरूलाई कारबाही सिफारिस गरेको छ। आयोगले ६ महिना लामो छानबिनपछि व्यक्ति तोकेरै कारबाही सिफारिस गरेको हो। यसअघि पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले पनि उनीहरूलाई कारबाहीको दायरामा ल्याउन सिफारिस गरेको थियो।

मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्नु सरकारका लागि केवल कानुनी जिम्मेवारी मात्र नभई नैतिक दायित्वसमेत मानिन्छ। प्रतिवेदन कार्यान्वयन नगरे

» पृष्ठ २ मा क्रमशः

■ कारबाही सिफारिसमा परेका तत्कालीन सुरक्षा परिषद्का पदाधिकारी



घातक हतियारबाट गोली प्रहार : फरेन्सिक रिपोर्ट

आन्दोलनकारीमाथि घातक हतियारबाट गोली प्रहार गरेको मृतकको फरेन्सिक रिपोर्टबाट देखिएको छ। फरेन्सिकविज्ञ डा. हरिहर वस्तीको सहयोगमा आयोगले यससम्बन्धी विश्लेषण गरेको थियो। छानबिन समितिकी संयोजक लिली थापाले करिब चार सय भिडियो हेरेर आफूहरूले विश्लेषण गरेको र त्यहाँ अत्यधिक बल प्रयोग भएको देखिएको बताइन्।

■ जाँचबुझ आयोगको प्रतिवेदन नयाँ सरकारले कार्यान्वयन गर्ने

जेन-जी आन्दोलनसम्बन्धी पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनको कार्यान्वयनबाट वर्तमान चुनावी सरकार पन्छिएको छ। प्रधानमन्त्री सुशीला कार्कीले प्रतिवेदन आफैंले सार्वजनिक गर्ने बताए पनि सरकार सार्वजनिक नगर्ने निष्कर्षमा पुगेको छ। गत १ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले प्रतिवेदन ग्रहण गर्ने निर्णय गरेको थियो। तत्काल सार्वजनिक गर्दा शान्ति सुरक्षामा असर पर्न सक्ने भएकाले सार्वजनिक नगर्ने निर्णय गरिएको सरकारका एक मन्त्री बताउँछन्।

आयोगले तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीसहित प्रहरीका उच्च अधिकारीलाई पनि कारबाहीको सिफारिस गरेको थियो। जुन विषय तत्काल सार्वजनिक गर्दा सुरक्षा निकायमा नकारात्मक असर पर्न सक्ने भएकाले पनि प्रतिवेदन नयाँ सरकारलाई जिम्मा लगाउने वर्तमान सरकारको तयारी छ। कार्की नेतृत्वको आयोगले गत २४ फागुनमा प्रतिवेदन बुझाएको हो। प्रतिवेदनमा कारबाहीसहित सुशासनसम्बन्धी विभिन्न सिफारिस गरिएको छ। प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै युवाहरूले प्रदर्शन गर्दै आएका छन्।

■ कांग्रेस केन्द्रीय कार्यसमितिमा चुनावी समीक्षा

सभापतिको राजीनामा अस्वीकार गर्ने उपसभापति शर्माको प्रस्ताव



केन्द्रीय कार्यालय सानेपामा शुक्रबार बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठक। तस्बिर : नयाँ पत्रिका



■ सभापतिको राजीनामाबारे उपसभापति विश्वप्रकाश शर्माको प्रतिवेदनमा भनिएको छ-

विशेष महाधिवेशनबाट पार्टीको नयाँ नेतृत्व आएको ५० दिनको छोटो अवधिमा कसैले पनि दिग्विजयको परिणाम खोज्नु युक्तिसंगत र व्यक्तिप्रति न्याय हुन्न, अनि प्रतिकूलता चिरेर पार्टीलाई अनुकूलतामा पुऱ्याउने कमान्ड छोड्नेर सभापतिले पद त्याग गर्नु संगठनप्रति न्याय हुन्न। यो बैठक स्थिति सम्हाल्ने गहन दायित्व, सबैभन्दा प्रधान नैतिक दायित्व ठहर गर्दै सभापति गगन थापाले आफ्नो पदबाट दिनुभएको राजीनामा अस्वीकृत गर्ने निर्णय गर्दछ। कसैले पनि कुनै पनि कालखण्डमा कम्तीमा एक कार्यकाल पूरै नेतृत्व गरेपछि निर्वाचन सामना गर्दा गम्भीर पराजय हुन्छ भने पद त्यागको नैतिक दायित्व पनि गम्भीर रूपमै आकर्षित हुन्छ। तर, डढेलो लागेको जंगलमा आगो निभाउन अन्तिममा पुगेको व्यक्तिलाई आगो ननिभ्दा आगलागीको दोष बोकाउनु न्यायसंगत बिल्कुलै हुँदैन।

भ्रातृ संस्थाबाट नेविसंघ अलग्गियो

शुरोजंग पाण्डे / नयाँ पत्रिका

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले शुक्रबारदेखि सुरु भएको केन्द्रीय कार्यसमिति बैठकमा पेस गरेको चुनावी समीक्षा प्रतिवेदनमा सभापति गगन थापाको राजीनामा अस्वीकृत गर्न प्रस्ताव गरेका छन्, जसमा अधिकांश केन्द्रीय सदस्यले समर्थन जनाएका छन्।

विशेष महाधिवेशनबाट सभापति बनेका थापालाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सार्दै कांग्रेस निर्वाचनमा होमिएको थियो। तर, कांग्रेसले अप्रत्याशित पराजय भोगेपछि

» पृष्ठ २ मा क्रमशः

■ समीक्षामा हारका २७ कारण

उपसभापति विश्वप्रकाश शर्माले पेस गरेको चुनावी समीक्षासम्बन्धी २९ बुँदे विस्तृत दस्ताबेजमा हारका २७ कारण प्रस्तुत गरेका छन्। विशेष महाधिवेशन सम्पन्न भएको पाँच दिनमै उम्मेदवारी दर्ता र ५० दिनमै निर्वाचन भएको कारणलगायत घटनाक्रम समेटेर समीक्षा गरिएको छ।

०७२ पछि राजनीतिक दलहरूमा जनताले नयाँ शैली र नयाँपन अपेक्षा गरे पनि पार्टी र नेताहरूले परिमार्जित हुन नसकेकोलाई कांग्रेसले हारको कारण मानेको छ। देशले अहिलेसम्म स्थिर सरकार नपाउनु र खासगरी बहुदलीय कालमा ३५ वर्षमा २५ वटा सरकार फेरिँदा नागरिक असन्तोष बढेको, पुरानै अनुहार पटक-पटक प्रधानमन्त्री बनेको, नीति र थितिमा बेथिति देखिएको, ०७४ पछि करिब दुईतिहाइको सरकार बन्दा पनि नयाँ डिपार्चर नभएको र प्रदेश सरकारहरूले पनि राम्रो काम नगरेकालाई कांग्रेसले हारको कारण मानेको छ। यस्तै, कांग्रेसले गठबन्धन संस्कृति, ०७४ पछिका निर्वाचनपछि सम्पन्न उपनिर्वाचनका परिणामप्रति गम्भीर नबन्नु र जेन-जी आन्दोलन असन्तुष्टिको उत्कर्षका रूपमा देखिएको पक्ष पनि हारको कारण मानेको छ।

यसबाहेक व्यवहारवादका नाममा विरोधाभास देखिनु, प्रतिपक्षी स्वर कमजोर बनाउनु, पछिल्लोपटक सरकार बन्दा भएको सातबुँदे सहमति कार्यान्वयन नहुनु, चरम गुटबन्दी, अति राजनीतीकरण, नेताहरूको सम्मानजनक बहिर्गमनको नीति बनाएर कार्यान्वयनमा ल्याउन नसक्नुलाई पनि कांग्रेसले हारको कारणका रूपमा पेस गरेको छ। यस्तै, भ्रष्टाचार, ढिलासुस्ती, ३५ वर्ष केही नभएको भन्ने भाष्य, श्रीलंका बन्ने त्रास, लोकप्रियतावादको लहर नबुझ्नु, एल्गोरिदम, वैदेशिक रोजगारीको बेथिति र पीडा पनि हारका कारण बनेको कांग्रेसले औंल्याएको छ।

■ तयार हुँदै सेतो मत्स्येन्द्रनाथको रथ



काठमाडौंको दरबारमार्गमा सेतो मत्स्येन्द्रनाथको रथ बनाइँदै। यस वर्ष रथ तान्ने साइत १२ चैत साँझ ४ बजे जुरेको छ। तस्बिर: **दिपेन्द्र ढुंगाना** / नयाँ पत्रिका

अशान्त मध्यपूर्व

युद्धको 'टार्गेट'मा परेका कम्पनीमा पनि नेपाली कार्यरत

त्रास फैलाउने युद्धसँग सम्बन्धित भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेको आरोपमा युएईमा ६ र इरानमा एक नेपाली पक्राउ

नयाँ पत्रिका

युद्धका कारण तीन सातादेखि अशान्त मध्यपूर्वी देशका युद्धसँग जोडिएका ठाउँमा पनि नेपाली कार्यरत रहेको पाइएको छ। विशेषतः विमानस्थल, समुद्री बन्दरगाह, ग्यास प्लान्ट, ऊर्जासम्बन्धी पूर्वाधार, जहाज कम्पनीहरू, अमेरिकी सैन्य बेस, अमेरिकी विश्वविद्यालय, बहुराष्ट्रिय कम्पनीमा नेपाली कार्यरत छन्। उनीहरूको संख्या यकिन भएको छैन। सुरक्षा जोखिम भने बढेको छ।

इरानमा हालसम्म ६ जना रहेको जानकारी रहेकोमा थप पाँचजना भेटिएका छन्। उनीहरूमध्ये एकजना पत्रकार परेका छन्। त्यसबाहेकका १० जनामध्ये तीनजना भारतीय राजदूतावासमा कार्यरत छन् भने सातजना सम्पर्कमा रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

युद्धसँग सम्बन्धित भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेको अभियोगमा युएईमा ६ र इरानमा एक नेपाली पत्रकाउ परेका छन्। उनीहरूको विवरण परराष्ट्रले सार्वजनिक गरेको छैन। विशेषतः त्रास फैलाउने उद्देश्यले भिडियो सामग्री बनाएर सामाजिक सञ्जालमा पोस्ट गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको हो।

'हामीले सुरुदेखि नै यस्तो कार्यमा नलाग्न भनेका थियौं,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा भने, 'तर, उहाँहरूले त्यहाँको कानुनले वर्जित गरेका भिडियो सेयर गर्नुभएको रहेछ। कतिपय देशमा यस्तो केसमा एक वर्ष कैद हुने र देशनिकालामा पर्ने हुँदो रहेछ। युएईमा एक लाख दिराम (स्थानीय मुद्रा)सम्मको जरिवाना रहेछ।'

जोखिममा रहेका नेपालीलाई आवश्यक परेमा उद्धारका लागि सरकार तयार रहेको र त्यसका लागि गृहकार्य भइरहेको पनि प्रवक्ता क्षेत्रीले बताए। 'जोखिमपूर्ण कम्पनीहरू तथा निकायमा कार्यरत नेपालीलाई सुरक्षा सावधानीका लागि हाम्रो प्रयास जारी छ। उहाँहरूमा कोल्याटरल रिस्क बढेको छ,' उनले भने। मध्यपूर्वी क्षेत्रका १० नेपाली कूटनीतिक नियोगबाट नियमित रूपमा जानकारी लिने काम भइरहेको र त्यसको समीक्षा मन्त्रालयले गरिरहेको उनले बताए।

युएईमा इरानी ड्रोन निष्क्रिय गर्न खोज्दा गोरखाका दिवस श्रेष्ठको मृत्यु भएको छ भने त्यहाँ घाइते भएका २० जना नेपालीमध्ये एकजना अस्पतालमा उपचाररत छन्। 'उपचाररत एकजनाको पनि अवस्था सामान्य छ भन्ने जानकारी आएको छ, १९ जना त घर फर्किसक्नुभएको छ,' क्षेत्रीले भने।

हालसम्म मध्यपूर्वी एसियामा नेपालीहरू सुरक्षित रहेको परराष्ट्रको भनाइ छ। सरकारले

» पृष्ठ २ मा क्रमशः

■ देशभर हावाहुरीसँगै वर्षा आज मध्य र पूर्वी नेपालकेन्द्रित वर्षा हुने


मकवानपुरगढीमा ६ घण्टामा ४६.४ मिमि वर्षा, काठमाडौंको बबरमहलमा एक घण्टामै २०.४ मिमि रेकर्ड

नयाँ पत्रिका

शुक्रबार अपराह्नदेखि देशभर ठुलो हावाहुरीसहित वर्षा भएको छ। विशेषगरी बागमती र लुम्बिनी प्रदेशमा भीषण हावाहुरी चलेर दिउँसै अँध्यारो वातावरण बनेको थियो। पश्चिमी हिमाली क्षेत्रमा हिमपात पनि भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार मकवानपुरगढीमा ६ घण्टाभित्र सबैभन्दा बढी ४६.४ मिमि वर्षा मापन भएको छ।

» पृष्ठ २ मा क्रमशः



हावाहुरीसँगै पानी परिरहेका वेला शुक्रबार साँझ काठमाडौंबाट देखिएको चट्याङ। तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

दाउन्ने सडकमा राति मालवाहक गाडी निषेध

ठुलो वर्षाले सडक चिप्लो बनेपछि नारायणगढ-बुटवल सडक योजनाअन्तर्गत दाउन्ने-बर्दघाट सडकखण्डमा रातिको समयमा मालवाहक सवारी सञ्चालनमा अस्थायी रोक लगाइएको छ। सडक विभागअन्तर्गत सञ्चालित नारायणगढ-बुटवल सडक योजना (पश्चिमखण्ड)ले शुक्रबार सूचना जारी गर्दै शुक्रबार रातिदेखि आइतबारसम्म रातिको समय (साँझ ७ बजेदेखि बिहान ५ बजेसम्म) ठुला मालवाहक सवारीसाधनलाई बर्दघाटतर्फ त्रिवेणीचोक (टिसिएन चोक) र दुम्कीबासतर्फ बजार क्षेत्रमा रोकिने व्यवस्था गरिएको जनाएको छ। निर्माणाधीन दुम्कीबास-दाउन्ने-बर्दघाट क्षेत्रमा भारी वर्षाका कारण सडक चिप्लिएको, ठुला मालवाहक सवारी चिप्लिने र अड्किने समस्या बढेको जनाएको छ। छोटो तथा लामो दूरीका यात्रुवाहक सवारी र आकस्मिक सेवाका सवारीलाई भने प्राथमिकताका आधारमा सञ्चालन गर्न दिइने जनाइएको छ।

ओली, लेखक...

पृष्ठ १ बाट क्रमशः

सरकार मानव अधिकारप्रति असंवेदनशील भएको सन्देश अन्तर्राष्ट्रिस्तरमा समेत जान्छ, जुन भावी सरकारका लागि समेत चुनौतीपूर्ण विषय हुन सक्छ ।

आयोगकी सदस्य लिली थापा अध्यक्षताको छानबिन समितिले शुक्रबार आयोग अध्यक्ष तपबहादुर मगरलाई प्रतिवेदन बुझाएको छ । करिब १० हजार पृष्ठको प्रतिवेदनमा जिल्लासम्मका सुरक्षा समितिमा रहेका अधिकारीलाई पनि जिम्मेवार ठहराइएको छ । आन्दोलनका क्रममा सुरक्षा अधिकारीले अत्यधिक बल प्रयोग गरेको प्रतिवेदनमा उल्लेख छ ।

आगामी साता आयोगको बैठकमा प्रतिवेदन पेस गरी त्यसलाई सार्वजनिक गर्ने तयारी छ । आयोगको बैठकले निर्णय गरेपछि प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयनका लागि सरकारलाई सिफारिस गरिनेछ ।

छानबिन समिति संयोजक थापाले आफूहरूले सबै पक्षसँग छलफल गरेर विस्तृत छानबिन प्रतिवेदन तयार गरेको बताइन् । 'हामीले ९० भन्दा धेरै व्यक्तिको बयान लियौं, सयौं व्यक्तिसँग छलफल गर्‍यौं र विभिन्न विज्ञहरू राखेर फरेन्सिक तथा ब्यालेस्टिक रिपोर्टहरूसमेत राखेर करिब १० हजार पृष्ठको प्रतिवेदन बुझाएका छौं,' उनी भन्छिन्, 'छानबिनमा दोषी देखिएकाहरू कारबाही सिफारिसमा छन् । आयोग बैठकले यसलाई अनुमोदन गरेपछि सार्वजनिक हुनेछ ।'

आयोगले केही जेन-जी अगुवाको पनि बयान लिएको थियो । उनीहरूको हकमा पनि प्रतिवेदनमा सिफारिस रहेको स्रोत बताउँछ । आयोगले गत २४ भदौमा छानबिन समिति गठन गरेर काम थालेको थियो । समितिका सदस्यहरूमा सहसचिवहरू यज्ञराज अधिकारी र प्रकाशदत्त भट्ट, उपसचिव गीता दाहाल तथा अधिकृतद्वय अनिजकुमार परियार र सिर्जना श्रेष्ठ छन् । समितिले विभिन्न विज्ञहरूको सहयोग लिएर प्रतिवेदन बनाएको हो ।

जिल्ला सुरक्षा समितिदेखि राष्ट्रिय सुरक्षा परिषद्का पदाधिकारीसम्म जिम्मेवार ठहर

२३ भदौको जेन-जी आन्दोलनमा ठुलो मानवीय क्षति हुनुमा आयोगले जिल्ला सुरक्षा समितिदेखि राष्ट्रिय सुरक्षा परिषद्सम्मको जिम्मेवारी औंल्याएको छ । प्रधानमन्त्री अध्यक्ष हुने राष्ट्रिय सुरक्षा पदाधिकारीमा गृहमन्त्री, रक्षामन्त्री, अर्थमन्त्री, परराष्ट्रमन्त्री, मुख्यसचिव र प्रधानसेनापति सदस्य तथा रक्षासचिव सदस्यसचिव रहने प्रावधान छ ।

तत्कालीन केपी ओली नेतृत्वको सरकारमा रमेश लेखक गृहमन्त्री, विष्णु पौडेल अर्थमन्त्री, आरजु राणा देउवा परराष्ट्रमन्त्री, मानवीर राई रक्षामन्त्री, एकनारायण अर्याल मुख्यसचिव, अशोकराज सिग्देल प्रधानसेनापति र रामेश्वर दंगाल रक्षासचिव थिए । परिषद्को पदाधिकारीको हैसियतमा उनीहरू सबैलाई आयोगको छानबिन समितिले जिम्मेवार ठहर गरेको छ । राष्ट्रिय सुरक्षाको विश्लेषण गर्ने र सुरक्षा रणनीति बनाउने यो देशको सर्वोच्च निकाय हो । यसले आफ्नो जिम्मेवारीमा संवेदनशील नहुँदा २३ भदौको आन्दोलन सुरक्षा निकायको नियन्त्रणबाहिर गएको र ठुलो क्षति भएको आयोगले औंल्याएको छ ।

छानबिन समितिका एक अधिकारीका अनुसार केन्द्रीय सुरक्षा समितिका पदाधिकारी तथा काठमाडौंको जिल्ला सुरक्षा समितिका पदाधिकारीलाई पनि जिम्मेवारी ठहऱ्याएर मानव अधिकार हननमा कारबाही सिफारिस गरिएको छ । गृहमन्त्रीको अध्यक्षतामा हुने केन्द्रीय सुरक्षा समितिमा नेपाली सेनाका रथी र अन्य तीन सुरक्षा निकायका प्रमुख तथा गृहसचिव सदस्य हुन्छन् । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने जिल्ला सुरक्षा समितिले पनि आन्दोलनको राम्रो आकलन गर्न सफल भएको र पछि अनावश्यक बल प्रयोग गरेको प्रतिवेदनमा उल्लेख छ ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक तथा तत्कालीन आइजिपी खापुडलगायतलाई फौजदारी मुद्दामै कारबाही सिफारिस गरेको थियो । तर, आयोगको प्रतिवेदनमा भने मानव अधिकार हननमा मात्र दोषी ठहर गरेको स्रोत बताउँछ ।

दमकमा मेयर-उपमेयर टकराव
उपमेयरले गरिन् नगरसभा बहिष्कार



झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिकाका मेयर रामकुमार थापा र उपमेयर रेगिना भट्टराईको टकराव सतहमा आएको छ । उपमेयर भट्टराई र दुई वडाध्यक्षसहित कांग्रेसबाट निर्वाचित पाँच नगरसभा सदस्यले शुक्रबार भएको दमक नगरपालिकाको १८औं नगरसभा बहिष्कार गरेका हुन् ।

आफूलाई जानकारी नदिई बिहीबार नगरसभा तयारीस्वरूप कार्यपालिका बैठक बसेको उनको आरोप छ । 'कहिले सार्वजनिक कार्यक्रममै अपहेलना गर्नुभयो । कहिले फेसबुकमार्फत गर्नुभयो । मैले अपहेलित भएको महसुस गरेर काम गरिरहेको छु,' भट्टराईले भनिन्, 'कार्यपालिकाको बैठकबारेसम्म जानकारी पनि दिइएन । मेरो अधिकारमाथि पनि हस्तक्षेप भएको छ । मेरो अधिकार क्षेत्रभित्रको कुनै कार्यक्रम गर्दा भन्दा कर्मचारीले मेयरलाई सोध्नु र समय मिलाएर गर्नु भन्ने गरेका छन् ।'

मेयर थापाले कुनै विषयमा आफूसँग समन्वय नगरेको भट्टराईको दाबी छ । 'संस्थागत रूपमा म नगरपालिकाको दोस्रो मुख्य व्यक्ति । तर, नगरसभाको एजेन्डा के हुन्छ, मलाई थाहा छैन,' उनले भनिन्, 'नगरसभाका एजेन्डाका विषयलाई बैठक बोलाइएको पनि थाहा छैन । मैले त्यहाँ गएर के पढ्ने ? के भन्ने ?'

मेयरको आसननजिकै राखिएको उपमेयरको कुर्सी खाली राखेर नगरसभा सम्पन्न गरिएको हो । उपमेयर संयोजक भएको समितिको प्रतिवेदन तथा विधेयक समितिका सदस्यले प्रस्तुत गरिएका थिए । नगरसभा सञ्चालन भइरहेको समयमा केहीबेर नगरसभा स्थगित गरेर कार्यपालिका बैठक बस्दै प्रतिवेदन र विधेयक प्रस्तुत गर्ने सदस्यको टुंगो लगाइएको थियो ।

मेयर रामकुमार थापाले भने नगरसभाबारे उपमेयर भट्टराईलाई जानकारी गराइएको बताए । '१२ फागुनमा भएको कार्यपालिका बैठक नगरसभा गर्ने निर्णय गरेको हो । त्यसमा उहाँ पनि सहभागी हुनुहुन्थ्यो,' उनले भने, 'सबैलाई जस्तै उहाँलाई पनि एजेन्डासहित म्यासेज पठाएकै हो । धेरै समितिका संयोजक उहाँ हुनुहुन्छ । उहाँले नै प्रतिवेदन तयार पार्नुभयो । प्रस्तुत गर्ने वेलामा आउनुहुन्न । त्यसको जिम्मा त हामी लिन सक्दैनौं नि !' मेयर राप्रपाबाट र उपमेयर कांग्रेसबाट निर्वाचित हुन् ।

लुम्बिनी प्रादेशिक अस्पतालमा एमआरआई सेवा सुरु

बुटवल/ लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा शुक्रबारदेखि एमआरआई सेवा सुरु भएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले अस्पतालको १६औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा एमआरआई सेवाको शुभारम्भ गर्दै लुम्बिनी प्रादेशिक अस्पताललाई थप उचाइमा पुऱ्याउन प्रतिष्ठानका रूपमा विकास गर्ने गरी पहल भइरहेको बताए । विशिष्ट र विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच थप सुनिश्चित गर्न प्रतिष्ठानको अवधारणा अघि सारिएको उनले बताए । अस्पताललाई एक हजार दुई सय शय्यामा स्तरोन्नति गर्ने गरी भवन निर्माणको काम भइरहेको छ ।

उर्लाबारी र सुन्दरहरैंचामा बर्डफ्लु पुष्टि

प्रभावित चार किमि क्षेत्रका कुखुरा नष्ट गर्ने निर्णय

विराटनगर/ मोरङको उर्लाबारी र सुन्दरहरैंचाका दुईवटा कुखुरा फार्ममा बर्ल्डफ्लु संक्रमण पुष्टि भएपछि उच्च सतर्कता अपनाइएको छ । उर्लाबारी नगरपालिका- ८ स्थित उमेश थापाको 'अठियाबारी कृषि फार्म र सुन्दरहरैंचा नगरपालिका- ४ स्थित नारायण वाग्लेको हलेसी महादेव कृषि फार्मका कुखुरामा बर्डफ्लु पुष्टि भएपछि थप संक्रमण फैलिन नदिन उच्च सतर्कता अपनाइएको हो ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङका प्रमुख डा. अजयकुमार साहका अनुसार पशु सेवा विभागले गठन गरेको तीन सदस्यीय 'इमर्जेन्सी डिजिज इन्भेस्टिगेसन टिम'को स्थलगत विश्लेषण र नमुना परीक्षणका आधारमा दुवै कुखुरा फर्ममा बर्डफ्लु संक्रमण पुष्टि भएको हो ।

जिल्ला प्राविधिक समितिको शुक्रबारको बैठकले प्रभावित तीन किलोमिटर क्षेत्रमा चार किल्ला तोकेर पक्षी र पक्षीजन्य वस्तुको नष्ट गर्ने निर्णय गरेको छ । त्यस्तै, संक्रमित क्षेत्रमा आवतजावत तथा पक्षीजन्य पदार्थको ओसारपसारमा पूर्ण प्रतिबन्ध लगाइएको उनले बताए । बर्डफ्लु संक्रमण पुष्टि भएको क्षेत्रमा ४१ दिनसम्म स्वास्थ्य जोखिम मानेर कुखुरा उत्पादनमा रोक लगाइनेछ ।

सभापतिको...

पृष्ठ १ बाट क्रमशः

आफूसमेत निर्वाचन हारेका सभापति थापाले नैतिक जिम्मेवारी लिँदै उपसभापति शर्मासमक्ष राजीनामा दिएका थिए ।

उपसभापति शर्माले पेस गरेको समीक्षा प्रतिवेदनमा राजीनामा दिने निर्णय संगठन र दलप्रति न्यायसंगत नभएको उल्लेख छ । ५० दिनको छोटो अवधिमा कसैले पनि निर्वाचनको पूर्ण मूल्यांकन गरेर दिग्विजयको परिणाम निकाल्नु उचित नहुने उनको तर्क छ । सभापतिले पद त्याग गर्नु व्यक्तिगत दृष्टिले मात्र नभई संगठनप्रति पनि न्यायसंगत नहुने भएकाले राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस गरिएको शर्माको भनाइ छ ।

'राजनीतिमा 'हनिमुन पिरियड' भन्ने गरिन्छ, खासगरी सरकारको नेतृत्व कसैले सम्हालेको सुरुवाती सय दिनलाई । त्यो 'वार्मअप'को अवधिमा उसको कामको सकारात्मक या नकारात्मक संकेत बुझ्न सकिन्छ । तर, सम्पूर्ण परीक्षण र समग्र समीक्षा गर्न सकिन्न,' शर्माले पार्टी राजनीति जोड्दै भनेका छन्, 'त्यही कोणबाट समीक्षा गर्दा विशेष महाधिवेशनबाट पार्टीको नयाँ नेतृत्व आएको ५० दिनको छोटो अवधिमा कसैले पनि दिग्विजयको परिणाम खोज्नु युक्तिसंगत र व्यक्तिप्रति न्याय हुन्न, अनि प्रतिकूलता चिरेर पार्टीलाई अनुकूलतामा पुऱ्याउने कमान्ड छोडेर सभापतिले पद त्याग गर्नु संगठनप्रति न्याय हुन्न ।'

त्यसका बाबजुद नैतिक जिम्मेवारी अनुभूत गर्ने सभापतिको भावनालाई उच्च कदर गर्दै शर्माले लेखेका छन्, 'यो बैठक स्थिति सम्हाल्ने गहन दायित्व, सबैभन्दा प्रधान नैतिक दायित्व ठहर गर्दै सभापति गगन थापाले आफ्नो पदबाट दिनुभएको राजीनामा अस्वीकृत गर्ने निर्णय गर्दछ ।'

कांग्रेसले एक कार्यकालमा अन्तिमतिर मात्र गगनले नेतृत्व गरेका कारण पनि नैतिक जिम्मेवारी बोकाउन नहुने तर्क पनि गरेको छ । 'कसैले पनि कुनै पनि कालखण्डमा कम्तीमा एक कार्यकाल पूरै नेतृत्व गरेपछि निर्वाचन सामना गर्दा गम्भीर पराजय हुन्छ भने पद त्यागको नैतिक दायित्व पनि गम्भीर रूपमै आकर्षित हुन्छ,' शर्माको प्रतिवेदनमा छ, 'तर, डढेलो लागेको जंगलमा आगो निभाउन अन्तिममा पुगेको व्यक्तिलाई आगो ननिभ्दा आगलागीको दोष बोकाउनु न्यायसंगत बिल्कुलै हुँदैन ।'

बैठकपछि प्रवक्ता देवराज चालिसेले सबै केन्द्रीय सदस्यले सभापतिले राजीनामा फिर्ता लिएर वर्तमान परिस्थितिलाई व्यवस्थापन गर्नुपर्ने धारणा राखेको बताए । 'चुनावी परिणामपछि पछिल्लो राजनीतिमा राजीनामा दिने चलन नेपाली कांग्रेसबाटै सुरु भयो । अन्य पार्टीले पनि पराजय भोगेका छन्, तर कम्तीमा नेपाली कांग्रेसका सभापतिले नै राजीनामा दिएका थिए । त्यसलाई स्वीकृति वा अस्वीकृत गर्ने अधिकार केन्द्रीय समितिमा निहित छ । अधिकांश सदस्यले यसलाई उपयुक्त नभएको ठानेर राजीनामा फिर्ता गर्नुपर्ने सुझाव दिएका छन्,' उनले भने ।

प्रवक्ता चालिसेले बैठकमा धेरै सदस्यले अपर्याप्त समयका कारण पार्टीले अपेक्षित नतिजा नपाएको निष्कर्ष व्यक्त गरेका बताए । 'हामीले केवल ५० दिनको छोटो नेतृत्व अवधिमा पार्टी सम्हाल्ने अवसर पाएका थियौं, तर यति समय मिहिनेतका लागि पर्याप्त थिएन । यही कारणले पनि निर्वाचन परिणाम अपेक्षित नआएको होला भन्ने हाम्रो बैठकको बुझाइ रह्यो,' उनले भने ।

उपसभापति शर्माले पहिलो दलका रूपमा विजयी बन्न नसके पनि कांग्रेसले अपनाएको मूल नीतिको विजय भएको तर्क पेस गरेका छन् । 'कांग्रेसले अंगीकार गरेको राजनीतिक र आर्थिक नीतिका पछिल्तिर पुराना/नयाँ सबै दल उभिन आइपुगेका छन् । वर्तमान संविधान, संसदीय प्रणाली, संघीयता र सामाजिक न्यायसहितको उदार अर्थव्यवस्था अबको नेपालमा सबैको साझा मूल मार्ग बन्न पुगेको छ,' उनले भनेका छन्, 'प्रतिपक्षी बेन्च जिम्मेवार ढंगले प्रस्तुत हुँदा त्यसले एकातर्फ लोकतान्त्रिक पद्धतिको सुदृढीकरणलाई बल पुग्छ, अर्कातर्फ समुन्नतिको गतिलाई सकारात्मक साथ पुग्नेछ । राम्रा कुरालाई साथ, खराबीमा खरो विमति कांग्रेसको रहनेछ ।'

उनले पराजय हुँदा पनि देशभर पार्टीपंक्तिमा दृढ ढंगले अघि बढेर नयाँ परिस्थितिको विकास गर्न सकिन्छ भन्ने ऊर्जा देखिएको बताएका छन् । विशेष महाधिवेशन गरेर चुनावमा नगएको भए र चुनावमा अहिलेभन्दा खराब अवस्था आउने विश्लेषण गर्दै शर्माले प्रतिकूल अवस्थाबिच चुनावमा जाँदा परिणाम अनुकूल नआउनु अनौठो नभएको तर्क गरेका छन् ।

समीक्षा प्रतिवेदनमा उनले नवीन ऊर्जासहित पार्टीलाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् । 'वर्षौंदेखिको नागरिकको असन्तुष्टि फागुन २१ को निर्वाचनबाट हाम्रो विपक्षमा मतका रूपमा प्रकट भइसकेको छ । अब यो विगत बनिसक्यो,' उनले भनेका छन्, 'अब नयाँ ढंगले अघि बढेर, कांग्रेसले देशका लागि विगतमा गरेका सबै राम्रा काम शान्तसँग नागरिक पंक्तिमा पुऱ्याउन हामीलाई समय मिलेको छ । नयाँ परिस्थिति विकास गर्न नयाँ संकल्प र नयाँ विश्वासका साथ नवीन ऊर्जाले हामी अग्रसर हुनु छ ।'

बैठक शनिबार बिहान ८ बजेबाट सुरु हुने गरी स्थगित भएको छ । शुक्रबारको बैठकमा सहमहामन्त्री फर्मुल्लाह मन्सुर, केन्द्रीय सदस्यहरू अर्जुनप्रसाद जोशी, भरतकुमार शाह, धना खतिवडा, सुधीरकुमार शिवाकोटी, सुवासकुमार पोखरेल, कमलप्रसाद भुसालले धारणा राखेका थिए । त्यस्तै, केन्द्रीय सदस्यहरू जितनारायण श्रेष्ठ, रमेशप्रसाद धमला, लीलादेवी बोखिम लिम्बू, भरतबहादुर खड्का, जनकराज गिरी, देवप्रसाद तिमिल्सिना, शम्भुबहादुर बुढाथोकी, टेकराज पौडेल, केशवराज शर्मा आचार्य, नारायणप्रसाद भट्टराई, डा. अमिता प्रधान, उमा शिवाकोटी, इन्दिरा कार्की, विश्वनाथ रिजाल, सुनीलकुमार यादव, प्रदेश सभापतिहरू उद्धव थापा (कोशी) र अमरसिंह पुन (लुम्बिनी)ले धारणा राखेको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलाललले बताए ।

भ्रातृ संस्थाबाट नेविसंघ अलग्गियो

कांग्रेस भ्रातृ संस्था नेपाल विद्यार्थी संघ पार्टीको भ्रातृ संस्थाबाट अलग्गिएको छ । काठमाडौंमा सम्पन्न नेविसंघको सिनेट बैठकले पार्टीको भ्रातृ संस्थाबाट अलग्गिएर संघलाई विद्यार्थीको हितग्राही संस्थाका रूपमा सञ्चालन गर्ने निर्णय गरेको हो । सिनेट बैठकले नेपाली कांग्रेसको सिद्धान्त र नीतिप्रति आस्था रहे पनि पार्टीको प्रत्यक्ष प्रभाव र प्रणालीभित्र नरहने कार्यगत स्वायत्ततासम्बन्धी प्रस्ताव पास गरेको छ । संघका अध्यक्ष दुजाङ शेर्पाले सिनेट बैठकले विद्यार्थी आन्दोलनलाई सुधार गर्दै कार्यप्रणालीलाई स्वायत्त बनाउने निर्णय लिएको बताए । 'बदलिँदो समयअनुसार विद्यार्थी आन्दोलनमा सुधारको आवश्यकता थियो, त्यसलाई आत्मसात् गर्दै सिनेट बैठकले कार्यप्रणालीलाई स्वायत्त बनाउने निर्णय गरिएको हो,' शेर्पाको भनाइ छ । यद्यपि, पार्टीको नीतिलाई सैद्धान्तिक समर्थन भने जारी रहने उनले बताए ।

युद्धको ...

पृष्ठ १ बाट क्रमशः

परराष्ट्रसचिव अमृतबहादुर राईको नेतृत्वमा इमर्जेन्सी रेस्पोन्स टिम गठन गरेको छ भने परराष्ट्रले इमर्जेन्सी कन्ट्रोल रुम स्थापना गरेको छ । 'रेस्पोन्स टिम र कन्ट्रोल रुममा २४सै घण्टा अहोरात्र काम भइरहेको छ,' प्रवक्ता क्षेत्रीले भने ।

कन्सुलर सेवा विभागले तयार गरेको विद्युतीय फाराममा हालसम्म ८२ हजार एक सयजनाले नाम दर्ता गरेका छन् । तीमध्ये ६ हजारजनाले 'असुरक्षित छौं' भनेका थिए । 'तर, अहिले असुरक्षित भयौं भन्नेहरूको संख्या पनि घटेको छ,' प्रवक्ता क्षेत्रीले भने । मध्यपूर्वका सबै नेपाली नियोगले हटलाइन सम्पर्क खुला राखेका छन् ।

मध्यपूर्वी देशका विमानस्थलहरूको ट्रान्जिटमा कोही पनि नेपाली यात्रु अलपत्र नभएको पनि परराष्ट्रले जनाएको छ । युद्ध सुरु भएसँगै विमानस्थल बन्द भएपछि नेपालबाट मध्यपूर्व हुँदै बाहिर जाने र बाहिरबाट मध्यपूर्व हुँदै आउने यात्रु रोकिएका थिए । 'सुरुमा दोहा, दुबई, जेद्दा र कुवेत सिटीमा रहेका विमानस्थलहरूमा ट्रान्जिटमा रोकिनुपर्ने अवस्था थियो । यो समस्या अहिले हटेको छ । दोहा र दुबई विमानस्थलमा हवाई सम्पर्क नियमित भएको छ,' प्रवक्ता क्षेत्रीले भने, 'अहिले त्यहाँ कोही पनि ट्रान्जिटमा हुनुहुन्न । जेद्दाबाट ५२ जना हजयात्री फर्किसक्नुभएको छ । कुवेत सिटीमा रहेका ३३ जना यात्रु नेपाल फर्किने व्यवस्थापन भइसकेको छ ।'

परराष्ट्रसचिव नेतृत्वको आपत्कालीन प्रतिकार्य कार्यदललले नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सलाई साउदी अरब, ओमान, कतार, दुबई, अबुधाबीमा यात्रुहरूले नै हवाई भाडा व्यहोर्ने गरी रेस्क्यु उडान अनुमतिका लागि प्रयास गरेको छ ।

परराष्ट्र मन्त्रालयका पश्चिम एसिया तथा अफ्रिका महाशाखा प्रमुख रामकाजी खड्काका अनुसार इजरायल, इरान, कुवेत, बहराइन र इराकबाहेकका खाडी क्षेत्रका मुलुकमा कार्यरत रहेका, तर श्रम स्वीकृतिको म्याद सकिएका नेपालीको हकमा श्रम स्वीकृति दिने निर्णय भएको छ । बिदामा नेपाल आएका तथा ती देशमा फर्केर काम गर्नेहरूको हकमा स्वीकृति दिने, तर नयाँ श्रम स्वीकृति स्थगन यथावत् रहेको पनि परराष्ट्रले स्पष्ट पारेको छ । 'इजरायल, कुवेत र बहराइनमा रहेका नेपालीलाई श्रम स्वीकृति नवीकरण गर्ने र त्यहाँ अवैध रूपमा बसेकालाई वैधानीकरण गर्नुपर्ने माग आएको छ । यसबारे अर्को बैठकले निर्णय गर्ला,' खड्काले भने ।

आज मध्य...

पृष्ठ १ बाट क्रमशः

काठमाडौंको बबरमहलमा एक घण्टाभित्रै २०.४ मिमि वर्षा रेकर्ड भएको छ । 'छोटो समयमै ठुलो पानी पऱ्यो, हावाहुरी, चट्याङ र असिनापानी परेको छ,' जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले भने, 'यो वर्षा अस्वाभाविक होइन, पश्चिमी वायुमा न्यूनचापीय प्रणाली मिसिनुका साथै स्थानीय वायु पनि सक्रिय भएकाले ठुलो पानी र हावाहुरी चलेको हो ।'

शुक्रबार अपराह्नपछि ६ घण्टामा मकवानपुरगढीमा ४६.४, काठमाडौंको बबरमहलमा ४५, मकवानपुरको चिसापानीगढीमा ३६, सर्लाहीको बोर्लेनीमा ३१.२, नवलपरासीको डन्डामा ३०.८, काभ्रेको बोल्देमा ३० र लमजुङको बेँसीसहरमा २९.८ मिलिमिटर वर्षा मापन भएको छ ।

आज पनि हावाहुरी र वर्षा हुने

जल तथा मौसम विज्ञान विभागका मौसमविद् हरिप्रसाद दाहालका अनुसार आज शनिबार पनि हावाहुरी र वर्षाको सम्भावना छ । 'देशका धेरै ठाउँमा बादल लाग्ने देखिन्छ । तर, शुक्रबारको जस्तो नभए पनि वर्षा हुन्छ । पूर्व र मध्यमा हावाहुरी पनि चल्छ,' उनले भने, 'शनिबार रातिबाट प्रणाली कमजोर हुन्छ, आइतबार केही ठाउँबाहेकमा पानी पर्दैन ।'

विभागका अनुसार शनिबार कोशी, मधेश, बागमती र गण्डकीका धेरै स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका केही स्थानमा मेघगर्जन, चट्याङ, असिना र हावाहुरीसहित मध्यम वर्षाको सम्भावना छ ।

आइतबार देशका पहाडी र हिमाली क्षेत्रमा थौरै स्थान तथा कोशी र लुम्बिनीका तराई भूभागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना छ ।

पहिरोले कान्तिलोकपथ अवरुद्ध

मकवानपुरको भीमफेदी गाउँपालिका-८, गँगटेमा शुक्रबार पहिरो खस्दा कान्तिलोकपथ सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ ।

प्रहरीका अनुसार शुक्रबार साँझ करिब ५ बजे सडकमाथिबाट पहिरो खस्दा सडक अवरुद्ध भएको हो । पहिरोका कारण सवारी आवागमनपूर्ण रूपमा प्रभावित भएको छ ।

बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड
BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED
रजिष्टर्ड कार्यालयः पानीपोखरी, महाराजगञ्ज-३, काठमाण्डौ, फोन नं. ०१-४५३०१५०
इमेलः lowertadi@gmail.com वेभसाईटः www.buddhabhuminepalhydro.com.np
को
हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/१०/२९ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको ४०,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला यही **मिति २०८२/१२/२२ गतेका दिन देखि २०८३/०१/१३ गते**सम्म गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस हकप्रद शेयर निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२/१२/०६ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्नु हुन अनुरोध गर्दछौं ।

सि.नं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरुः
१.	श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, पानीपोखरी, महाराजगञ्ज, काठमाण्डौ ।
२.	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौं ।
३.	श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, जलविद्युत गृह रहेको स्थान थप्रेक, पञ्चकन्या गाउँपालिका वडा नं. ४, नुवाकोट ।
४.	श्री एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरु क्रमश : विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत ।
५.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि- आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिने छ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
एन आई सी एशिया क्यापिटल लिमिटेड
थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय त्रिपुरेश्वर काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक

प्रकाशित मिति २०८२/१२/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	
जय भद्र आचार्यको नाति, प्रजापति आचार्यको छोरा, चितवन जिल्ला, साविक रत्ननगर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ९ बस्ने **चिन्तामणी आचार्य** (ना.प्र.नं. २३२०/५९१, जारि मिति २०४४/१२/२१, जि.प्र.का. चितवन) ।	
व्यक्तिगत जमानतकर्ताको विवरण	
१. प्रजापति आचार्यको बुहारी, चिन्तामणी आचार्य

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ७ चैत ०८२
nayapatrikaofficial @nayapatrik

एआई र आलोचनात्मक चेत


मानिसले आफ्नो सोच र निर्णय प्रक्रिया एआईलाई जिम्मा दियो भने बाहिरबाट नियन्त्रण आफ्नै हातमा देखिए पनि वास्तविक नियन्त्रण प्रविधिले गर्छ

प्रविधि



● **हिमपाल श्रेष्ठ**, प्रविधिविज्ञ

हेमपाल श्रेष्ठ दुई दशकभन्दा बढी समयदेखि आइटी क्षेत्रमा क्रियाशील छन् । आइटी विज्ञका रूपमा उनले विभिन्न सरकारी, गैरसरकारी क्षेत्रमा काम गर्दै आइरहेका छन् । नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका लागि 'डिजिटल नेपाल फ्रेमवर्क'को सहलेखनमा उनले योगदान दिएका थिए । श्रीलंकास्थित युनिभर्सिटी अफ कोलम्बोमा साइबर सेक्युरिटी अध्ययन गरिरहेका उनीसँग एआई र आलोचनात्मक चेतबारे **पवन बराइली**ले कुराकानी गरेका छन् :



सुपर एआई भन्नाले भविष्यमा यस्तो एआईको विकास हुनु हो, जसले सोच्ने, विश्लेषण गर्ने र निर्णय गर्नेजस्ता काम मानिसभन्दा धेरै छिटो गर्न सक्छ । यस्तो प्लाटफर्मले ठुलो मात्रामा जानकारी संग्रह गर्ने क्षमता राख्छ । यही कारणले मानिसको सोच र निर्णय प्रक्रियामा समेत प्रभाव पार्न सक्ने सम्भावना देखिन्छ ।

मानिसलाई अन्य प्राणीभन्दा फरक बनाउने मुख्य विशेषता उसको बौद्धिकता हो । अरू प्राणीको तुलनामा मानिसमा सोच्ने, बुझ्ने र सिकेका कुरालाई आधार बनाएर नयाँ सिर्जना गर्ने क्षमता हुन्छ । यही कारणले मानिसलाई सचेत र चेतनशील प्राणीका रूपमा चिनिन्छ । मानिसले कुनै विषयलाई केवल देखेर वा सुनेर मात्र होइन, त्यसको अर्थ बुझेर आफ्नो विचार निर्माण गर्न सक्छ । उसले जीवन र समाजका मूल्य र दृष्टिकोणलाई पनि मूल्यांकन गरिरहेको हुन्छ ।

मानिससँग विचार गर्ने क्षमता मात्र होइन, सही र गलत छुट्याउन सक्ने चेत पनि हुन्छ । यही चेतनाले मानिसलाई नैतिक निर्णय गर्न, समाजका मूल्य बुझ्न र जिम्मेवार व्यवहार गर्न प्रेरित गर्छ । यसैले मानिसलाई अन्य प्राणीबाट अलग पहिचान दिन्छ । तर, बौद्धिकता र स्मरणशीलता भने फरक-फरक कुरा हुन् । स्मरणशीलता भनेको जानकारीलाई सम्झने क्षमता हो, बौद्धिकता भनेको त्यसलाई बुझेर विश्लेषण गर्ने र नयाँ विचार वा सिर्जना गर्ने क्षमता हो ।

अहिलेसम्म प्रविधि स्मरण गर्ने र सूचनालाई छिटो प्रशोधन गर्ने क्षमतामा सक्षम थिए । तर, पछिल्लो समय कृत्रिम बुद्धिमत्ता (एआई) को विकाससँगै प्रविधिले केवल जानकारी र केही हदसम्म विश्लेषण गर्ने र नयाँ सामग्री सिर्जना गर्ने क्षमतासमेत प्रदर्शन गर्न थालेको छ ।

एआईको मूल आधार भाषा र ज्ञानको सम्बन्ध हो । कुनै पनि विषयको ज्ञान प्रायः भाषामार्फत व्यक्त हुन्छ । यदि कसैसँग भाषाको ज्ञान छैन भने उसले कुनै कुरा देखेर वा अनुभव गरेर केही हदसम्म बुझ्न सक्छ, तर त्यसलाई स्पष्ट रूपमा व्यक्त गर्न वा प्रयोग गर्न सक्दैन । त्यसैले, ज्ञानलाई बुझ्न र प्रयोग गर्न भाषाको महत्त्वपूर्ण भूमिका हुन्छ ।

सन् २०१७-१८ तिर गुगलले नयाँ प्रकारको एआई मोडेल विकास गऱ्यो, जसले केवल शब्द मात्र होइन, सन्दर्भ र परिवेशसमेत बुझ्ने क्षमता देखायो । अर्थात्, कुन परिस्थितिलाई कसरी भन्ने र त्यसको वास्तविक अर्थ के हो भन्ने कुरा विश्लेषण गरेर प्रतिक्रिया दिन सक्ने प्रविधि विकसित हुन थाल्यो । यसले मानवको भाषिक व्यवहारलाई अनुकरण गर्ने दिशामा ठुलो फड्को माऱ्यो । मानिसको बोली वा व्यवहार नक्कल गर्ने उदाहरण हामी सुगामा पनि देख्न सक्छौं । सुगाले मानिसको आवाज तुरुन्तै नक्कल गर्न सक्छ । एआईले पनि मानिसको भाषा, ज्ञान र बुझाइलाई अनुकरण गर्न थाल्यो । जब कुनै प्रणालीले ज्ञानलाई बुझेर त्यसको आधारमा प्रतिक्रिया दिन सक्छ, त्यही क्षमतालाई बुद्धिमत्तासँग जोडेर हेरिन्छ ।

मानिसले सोच्ने र मेसिनले सोच्ने प्रक्रियाबिचको दूरी क्रमशः घट्दै गएको छ । मानिसले सोच्दा आफ्नो अनुभव, सिकाइ र परिवेशका आधारमा सोच्छ । तर, मेसिनलाई भने विशेष भूमिकामा राखेर सोच्न लगाउन सकिन्छ । उदाहरणका लागि, कुनै एआई प्लाटफर्मलाई विश्वविद्यालयका प्राध्यापकजस्तो सोच भनियो भने त्यसले सोही भूमिकाअनुसार प्रतिक्रिया दिन सक्छ । वकिलको दृष्टिकोणबाट सोच भनियो भने त्यसरी पनि विश्लेषण गर्न सक्छ ।

अहिले एआई नयाँ सामग्री सिर्जना गर्ने दिशातर्फ अघि बढिरहेको छ । यसले समाजका विभिन्न विषय, तथ्य र सन्दर्भलाई बुझेर नयाँ जानकारी, विचार वा सामग्री उत्पादन गर्न सक्ने क्षमता देखाउन थालेको छ । अहिलेको प्रविधि क्रमशः अझ उन्नत हुँदै 'सुपर एआई' को सम्भावनातर्फ उन्मुख हुँदै गएको छ । सुपर एआई भन्नाले भविष्यमा यस्तो एआईको विकास हुनु हो, जसले सोच्ने, विश्लेषण गर्ने र निर्णय गर्नेजस्ता काम मानिसभन्दा धेरै छिटो गर्न सक्छ । यस्तो प्लाटफर्मले ठुलो मात्रामा जानकारी संग्रह गर्ने क्षमता राख्छ । यही कारणले यसले मानिसको सोच र निर्णय प्रक्रियामा समेत प्रभाव पार्न सक्ने सम्भावना देखिन्छ ।

अहिलेको अवस्थालाई हेर्दा हामी सीमित कार्य गर्ने एआई (न्यारो एआई) बाट सामग्री सिर्जना गर्ने एआई (जेनेरेटिभ एआई) तर्फ अघि बढिरहेका छौं । भविष्यमा यही प्रविधि अझ विकसित हुँदै गएर सुपर एआईतर्फ पुग्ने सम्भावना छ । हाल एआईले समाजमा जुन गतिमा सेवा र प्रयोग विस्तार गरिरहेको छ, त्यसले आगामी दिनमा अझ व्यापक रूपमा प्रयोग हुने संकेत देखाउँछ । यही परिवर्तनले प्रविधि र मानव बौद्धिकताको सम्बन्धलाई नयाँ ढंगले सोच्नुपर्ने अवस्था सिर्जना गरेको छ ।

सघाउँछ कि असर गर्छ ?

हामीले न्यारो इन्टेलिजेन्सलाई सहज मान्यौं । यसलाई हामीले अहिलेसम्म सीमित कामका लागि प्रयोग गर्दै आइरहेका छौं । तर, भविष्यमा एआई अझ अगाडि बढ्दै जाँदा यसले मानिसको सीप र व्यवहारमा प्रभाव पार्ने सम्भावना पनि देखिन्छ । उदाहरणका लागि यदि पूर्ण रूपमा स्वचालित रूपमा चल्ने गाडी (अटो-ड्राइभिङ कार) सामान्य रूपमा प्रयोग हुन थाल्यो भने मानिसले आफैं गाडी चलाउने अभ्यास बिस्तारै घट्न सक्छ । त्यसपछि मानव जाति प्रविधिमाथि बढी निर्भर बन्न सक्छ ।

त्यस्तै, कुनै विषयबारे खोज गर्ने, अनुसन्धान गर्ने, तुलना गर्ने र निष्कर्ष निकाल्नेजस्ता बौद्धिक काम पनि मानिसले मेसिनलाई नै जिम्मा दिन थाले भने मानिसको आफ्नै सीप र अभ्यासमा कमी आउन सक्छ । यसरी अत्यधिक निर्भरता बढेमा मानिसको सीपमा ह्रास आउने जोखिम रहन्छ ।

यदि हामी एआईमाथि निर्भर भयौं भने कुनै कारणले बन्द वा अवरुद्ध भएको अवस्थामा समस्या आउन सक्छ । एआई विभिन्न एल्गोरिदममा चलिरहेको हुन्छ । यो गलत दिशामा गए वा दिग्भ्रमित भयो भने त्यसले प्रयोगकर्तालाई गलत दिशातर्फ लैजान सक्छ । यसको उदाहरण सामाजिक सञ्जालमा देख्न सकिन्छ । जस्तै, धेरै मानिसले केही मिनेट मात्र हेर्छु भनेर भिडियो हेर्न सुरु गर्छन्, तर एल्गोरिदमले प्रयोगकर्ताको रुचिअनुसार भिडियो देखाइरहँदा उनीहरूलाई थाहै नपाई घन्टौं समय बित्न सक्छ । यसरी एल्गोरिदमले मानिसको ध्यानलाई बाँधेर राख्ने क्षमता राख्छ ।

पहिला ज्ञान प्राप्त गर्न निकै समय, अभ्यास र अध्ययन आवश्यक पर्थ्यो । तर, अहिले प्रविधिको विकाससँगै ज्ञान र जानकारी सहज रूपमा उपलब्ध हुन थालेका छन् । यसले मानिसलाई धेरै सुविधा दिएको छ । इन्टेलिजेन्स बजारमा सहजै किन्दा पाइने वस्तुजस्तै बनेको छ । आवश्यक परेमा मानिसले त्यसलाई सजिलै किन्न सक्छ र प्रयोग गर्न सक्छ । तर, कहिलेकाहीं यसले 'अब म सजिलै सोच्न सक्छु' भन्ने भ्रम पनि सिर्जना गर्न सक्छ । यो अवस्थालाई अटो-ड्राइभिङ गाडीको उदाहरणलाई लिन सकिन्छ । गाडीभित्र स्टेयरिङ सिटमा मानिस बसिरहेको हुन्छ, तर वास्तविक नियन्त्रण भने प्रविधिकै हातमा हुन्छ । ठिक त्यस्तै, यदि मानिसले आफ्नो सोच र निर्णय प्रक्रिया एआईलाई जिम्मा दियो भने बाहिरबाट नियन्त्रण आफ्नै हातमा देखिए पनि वास्तविक नियन्त्रण प्रविधिले गर्छ । भविष्यमा अटो ड्राइभिङ कार आयो भने मानिस आफैंले ड्राइभ गर्ने अभ्यास घट्नेछ । मानिस अटो ड्राइभिङमा निर्भर बन्न सक्छ ।

आलोचनात्मक चेतमा ह्रास

एआई सिस्टमले यति छोटो समयमा दरिलो उपस्थिति गर्न सक्छ भन्ने कसैले विश्वासै गरेको थिएन । यो आफैंमा सकारात्मक कुरा पनि हो । तर, यसका नकरात्मक पक्ष पनि धेरै छन् । अहिले गीतसंगीत सिर्जना गर्नेदेखि भिडियोसमेत एआईले निर्माण गर्न थाल्यो ।

बौद्धिक सिर्जनाको क्षेत्रमा पनि एआईका कारण केही चुनौती देखिन थालेका छन् । कुनै अनुसन्धान, प्रतिवेदन वा थेसिस तयार गर्दा धेरै काम एआईको सहयोगले गर्न सकिन्छ । त्यसले सामग्री खोज्ने, जानकारी संकलन गर्ने र विश्लेषणसमेत छोटो समयमा उपलब्ध गराइदिन्छ । यसरी तयार भएको सामग्री प्रयोग गर्दा धेरैलाई सबै काम आफैंले गरेकोजस्तो लाग्न सक्छ । तर, अत्यधिक सहजताले मानिसलाई अल्छी बनाउने जोखिम पनि हुन्छ ।

पहिले अनुसन्धानका लागि पुस्तकालयमा गएर धेरै समय लगाएर सामग्री खोज्नुपर्थ्यो । अहिले त्यस्ता धेरै जानकारी एआईमार्फत केही मिनेटमै प्राप्त गर्न सकिन्छ । तर, यसको अर्थ मानिसले आफ्नै अध्ययन र अनुसन्धान छाड्नुपर्छ भन्ने होइन । बरु एआईलाई सहयोगी उपकरणका रूपमा प्रयोग गर्दै आफ्नै क्षमता, जिज्ञासा र अनुसन्धान गर्ने बानीलाई अझ विकसित गर्न आवश्यक हुन्छ ।

एआई प्रयोग गर्दा मानिस सचेत हुनुपर्छ । विशेषगरी विश्वसनीयता र अनुसन्धानको गुणस्तरका हिसाबले हामी अझ सुदृढ बन्न आवश्यक छ । सावधानीपूर्वक प्रयोग नगर्ने हो भने एआईले हाम्रो आलोचनात्मक सोच र बौद्धिक क्षमतामा ह्रास ल्याउने सम्भावना धेरै छ । त्यसैले, कुनै विषयलाई धेरै कोणबाट हेर्ने, आफ्नै अध्ययन र विश्लेषणलाई प्राथमिकता दिने अभ्यास अझ महत्त्वपूर्ण बन्दै गएको छ । हाम्रो समाजमा खुला रूपमा विचार राख्ने र प्रश्न गर्ने संस्कृतिसमेत हराउँछ । यसले सामाजिक सञ्जालमा आउने जानकारीलाई पहिलो दृष्टिमै सत्य ठान्ने प्रवृत्तिले मानिस दिग्भ्रमित हुन सक्ने जोखिम पनि बढाउँछ ।

चिन्तन प्रक्रियामा प्रभाव

एआईले आफ्नो व्यक्तित्व विकास गरिरहेको छ । हामी अहिले एआईको संसारमा तैरिरहेका छौं कि त्यसको बहावमा बगिरहेका छौं भन्ने कुरा महत्त्वपूर्ण छ । यदि हामी एआईको बहावमै बगिरह्यौं भने समस्या उत्पन्न हुन सक्छ । जस्तो- पछिल्लो समय विद्यालयदेखि विश्वविद्यालयसम्मका विद्यार्थीले एआईको प्रयोग गर्न थालेका छन् । एआईको प्रभाव अहिले एक प्रकारको सुनामीजस्तै देखिएको छ, जसले कक्षा ६-७ का बालबालिकादेखि मास्टर्स र पिएचडी अध्ययन गर्ने विद्यार्थीसम्मलाई प्रत्यक्ष रूपमा असर पारिरहेको छ ।

> सावधानीपूर्वक प्रयोग नगर्ने हो भने एआईले हाम्रो आलोचनात्मक सोच र बौद्धिक क्षमतामा ह्रास ल्याउने सम्भावना धेरै छ । हाम्रो समाजमा खुला रूपमा विचार राख्ने र प्रश्न गर्ने संस्कृतिसमेत हराउँछ ।

अहिले धेरै विद्यार्थीले अध्ययनका लागि एआईबाट सिर्जना भएका सन्दर्भ सामग्री प्रयोग गरिरहेका छन् । तर, ती सामग्रीलाई मूल्यांकन गर्ने वा सही दिशानिर्देश दिने शिक्षक, अभिभावक र समाजका अगुवा भने एआईबारे पर्याप्त जानकार छैनन् । जसले एआईको वास्तविक शक्ति र सीमालाई ठिकसँग सम्बोधन गर्न सकिरहेका छैनन् ।

बालबालिकामा स्वाभाविक रूपमा जिज्ञासुपन र कुतूहलता हुन्छ । उनीहरू कुनै पनि विषयपछाडिको सत्य जान्न उत्सुक हुन्छन् । यस्तो अवस्थामा उनीहरूका लागि सजिलै उपलब्ध भरपर्दो साथीको रूपमा एआई बनाएको पाइन्छ । पढाइसम्बन्धी विषय होस् वा व्यक्तिगत जिज्ञासा, विद्यार्थीहरू धेरै कुरामा एआईतर्फ नै मोडिन थालेका छन् ।

यसले परिवार र समाजसँगको संवादभन्दा एआईमाथि निर्भरता बढाउने सम्भावना छ । पहिले कुनै कुरा बुझ्न, सोध्न मन लाग्दा आमा, बुबा, दाजु-दिदी वा शिक्षकसँग सोध्ने चलन थियो । घर वा अभिभावक सिकाइको पहिलो विद्यालय हुन्थ्यो । तर, अहिले धेरै बालबालिकामा प्रश्नको उत्तर एआईसँग खोज्ने अवस्था बन्दै गएको छ । जसले उसको 'नेचुरल च्वाइस अफ कन्फिडेन्ट' ह्रास हुँदै जाने जोखिम हुन्छ ।

समाज परिवर्तनशील छ, प्रविधिले त्यसलाई निरन्तर रूपान्तरण गरिरहेको छ । एआईका सकारात्मक पक्ष पनि छन् । यसका तमाम चुनौती पनि छन् । आजको डिजिटल परिवेशमा युवा र विद्यार्थीले निर्णय लिनुपर्ने वेला कसलाई भरोसा गर्ने भन्ने प्रश्न पनि महत्त्वपूर्ण बनेको छ । त्यसैले शिक्षा प्रणालीलाई समयअनुकूल परिमार्जन गर्नु आवश्यक देखिन्छ । युवालाई सही मार्गदर्शन दिन परिवार, शिक्षक, समाज र प्रेरणादायी व्यक्तित्वको भूमिका अझै पनि महत्त्वपूर्ण हुन्छ । एआईले जानकारी दिन सक्छ, तर सामाजिक रूपमा मार्गदर्शन गर्ने वा जीवनका मूल्य सिकाउने भूमिका मानिसकै रहन्छ ।

यसरी 'नेचुरल च्वाइस अफ कन्फिडेन्ट' अर्थात् आफ्ना नजिकका मानिससँग सल्लाह गर्ने र सोध्ने संस्कार कमजोर हुन सक्छ । त्यसको प्रभाव दीर्घकालमा विद्यार्थीको सामाजिक चेतना र नागरिकका रूपमा उसको सोच-विचारको संरचनामा पनि परिवर्तन ल्याउने सम्भावना रहन्छ । एआईको प्रयोगलाई विवेकपूर्ण र सन्तुलित ढंगले प्रयोग गर्नुपर्ने आवश्यकता अझ बढेको छ ।

हराउँदै सामाजिक संस्कार

युवापुस्ताको आलोचनात्मक चेतना र सिर्जनात्मक सोच विकास हुनका लागि उनीहरूलाई ज्ञानस्रोत र मार्गदर्शक आवश्यक हुन्छ । आफूलाई सही जानकारी दिने 'सोर्स अफ नलेज' र 'सोर्स अफ अथोरिटी' खोज्छ । जहाँबाट उनीहरूले कुनै विषयबारे धारणा बनाउन र निर्णय गर्न आधार पाउँछन् । अझ साना बालबालिकाका लागि त्यस्ता आधिकारिक स्रोत प्रायः आफ्नै परिवारभित्र हुन्छ । आमा-बुबा, दाजु-दिदी वा आफूभन्दा ठुला व्यक्ति नै उनीहरूका लागि ज्ञानका पहिला स्रोत र मार्गदर्शक हुन्छन् । उनीहरूले समाजका संस्कार, नैतिक व्यवहार र जीवनका धेरै पाठ यही परिवेशबाट सिक्ने गर्छन् ।

घरभित्र आमा-बुबा र दाजु-दिदीले गर्ने व्यवहार, बोल्ने शैली र काम गर्ने तरिका उनीहरूले अवलोकन गर्छन् । बिस्तारै त्यसैलाई अनुसरण गर्न थाल्छन् । यही प्रक्रियाबाट सामाजिक संस्कार र मूल्यहरू हस्तान्तरण हुन्छन् । तर, अहिले स्रोतको रूपमा एआईलाई प्रयोग गरेको देखिन्छ ।

मोबाइल र डिजिटल उपकरणको प्रयोग बढ्दै जाँदा बालबालिका र युवापुस्ता एक्लिँदै गएकोजस्तो देखिन्छ । पहिले बालबालिका बाहिर खेल्थे, साथीभाइसँग समय बिताउँथे । घरपरिवारसँगै विभिन्न काममा सहभागी हुन्थे । त्यो सामाजिक संस्कार पनि हो । अहिले धेरै समय मोबाइलमा बिताउने बानी परेको छ । यसले सामाजिक अन्तर्क्रिया कम गराएको छ । कुनै पनि व्यक्तिको बौद्धिकता र मनोविज्ञानको विकास उसले हुर्किने वातावरणमा धेरै निर्भर हुन्छ । परिवार कस्तो छ, साथीभाइ कस्ता छन्, उसले कसरी संवाद गर्छ, यी सबै कुराले उसको सोच र विचार निर्माणमा भूमिका खेल्छ । तर, अहिले एआईमा निर्भर हुन थालेको देखिन्छ ।

एआईसँग मानिसभन्दा धेरै जानकारी हुन सक्छ । त्यसले कुनै विषयबारे विचार निर्माण गर्न सहयोग गर्छ । तर, एआईले दिएको विचार सधैं परिपक्व र अन्तिम सत्य हुन्छ भन्ने हुँदैन । धेरै अवस्थामा त्यो काँचो माटोजस्तै हुन्छ, आकार दिन बाँकी हुन्छ । त्यसैले एआईले दिएको जानकारीलाई कसरी बुझ्ने र मूल्यांकन गर्ने भन्ने क्षमता बढाउनुपर्छ ।

अर्को चुनौती एआईका एल्गोरिदमहरूले प्रयोगकर्ताको रुचिअनुसार सामग्री देखाउने गर्छ । मानिसलाई जे मन पर्छ, एआईले त्यस्तै सामग्री देखाउँदै लैजान्छ । प्रयोगकर्ताले आफू सही छु वा गलत छु भन्ने फरक छुट्याउन सक्नुपर्छ । एआईले कहिलेकाहीं गलत वा अपूर्ण जानकारीलाई समेत सहीजस्तो बनाएर देखाउने जोखिम हुन्छ ।

अघिल्लो पुस्तामा धेरै मानिसले औपचारिक शिक्षा नपाए पनि जीवन अनुभवबाट ज्ञान लिएका थिए । नयाँ पुस्ताले भने पढाइ, मिडिया र प्रविधिबाट धेरै जानकारी पाएको छ । तर, जानकारी धेरै भए पनि कहिलेकाहीं निर्णय क्षमता कमजोर हुने जोखिम देखिन्छ । यदि एआईमाथि निर्भरता अत्यधिक बढ्यो भने बालबालिकाले जीवनमा आवश्यक पर्ने आधारभूत सामाजिक अनुभव (मतभेदसँग जुध्ने, कसैसँग सहमत वा असहमत हुने, कहिले नम्र हुने र कहिले दृढ रहने) सिक्नबाट वञ्चित हुन सक्छन् । त्यसैले, नयाँ पुस्ताले आफ्नो आलोचनात्मक चेतना, विवेक र सामाजिक मूल्यलाई सन्तुलित रूपमा विकास गर्नु आजको सबैभन्दा ठुलो आवश्यकता बनेको छ ।

डिजिटल साक्षरता कमजोर

नेपाली समाजमा डिजिटल साक्षरता अझै कमजोर अवस्थामै छ । नेपाली समाज सामाजिक र सांस्कृतिक हिसाबले धेरै अघि भए पनि डिजिटल प्रविधिको प्रयोग र त्यसको गहिरो बुझाइ छैन । प्रायः डिजिटल माध्यममा आउने जानकारीलाई सजिलै स्वीकार गर्छौं । अहिले धेरैजसो मानिस डिजिटल प्रविधि प्रयोग गर्न मात्र साक्षर भएका छन् । अर्थात्, सामाजिक सञ्जाल वा विभिन्न एप चलाउन जान्दछन् ।

एआईमा जसको पहुँच छ, उसले राम्रो लाभ लिन सक्छ । राम्रोसँग प्रयोग गर्न सक्यो भने परिणाम पनि पाउँछ । जसको पहुँच छ, तर आफ्नो प्रभाव छैन, उसलाई एआईले अप्ठ्यारोमा पनि पार्न सक्छ । त्यसैले, एआई प्रयोग गर्दा अझ सचेत र जिम्मेवार बन्न आवश्यक छ ।

अहिले हरेक स्मार्ट फोनमा एआई एप समावेश हुन्छ । अबको दश वर्षमा आइटी र अन्य जागिर घटेर जाने निश्चित छ । एआईले अर्को काम सिर्जना गर्न सक्छ । मानिस पनि एआईमा ट्रेन्ड हुन जरुरी छ । त्यसैले, एआईलाई सही रूपमा प्रयोग गर्न सिक्नुका साथै हाम्रो सामाजिक संरचना, पारिवारिक शिक्षा र सामुदायिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै लैजानु जरुरी छ ।

द कला सालोनमा संगी श्रेष्ठको अन्तर्दृष्टि

संगी श्रेष्ठको 'अन्तर्दृष्टि' कलात्मक चेत, शिल्प र साधनाका हिसाबले नेपाली कला जगत्को एउटा महत्त्वपूर्ण र हेर्नैपर्ने प्रदर्शनी हो। क्यानभास र माटोको यो संगमले उनको कलायात्रालाई नयाँ उचाइमा पुऱ्याएको छ।



क्यानभास



● रवि मिश्र

काठमाडौंको कोलाहलबिच ठमेलको छाया सेन्टरको माथिल्लो तल्लाले यतिवेला एउटा गहिरो मौनता पर्खिरहेको छ। 'द कला सालोन'मा चलिरहेको कलाकार संगी श्रेष्ठको 'अन्तर्दृष्टि' नामको एकल कला प्रदर्शनीले दर्शकलाई त्यही मौनता र आत्मचिन्तनको गहिराइमा लैजाने प्रयास गर्छ। क्युरेटर सोफिया एल. पाण्डेको परिकल्पनामा तयार भएको यो प्रदर्शनी कलाकार श्रेष्ठको दुई वर्ष लामो कला साधनाको प्रतिफल हो।

संगी श्रेष्ठको चित्रकला शैलीमा आधुनिकता र आध्यात्मिकताको सन्तुलन भेटिन्छ। उनका चित्रहरूमा दर्शकले क्यानभासको कुनामा यसो हेरेर 'होइन, कलाकारको सिग्नेचर कता छ ?' भन्दै खोजिरहनुपर्दैन। सिंगो पेन्टिङको शैली, त्यसमा प्रयोग भएका आयात, वर्ग, सर्कल र बहुभुजजस्ता ज्यामितीय आकार र पात्रका बिस्तारै खुलेका आँखाको भाव नै उनको बलियो 'सिग्नेचर' हो।

चित्रकला र सिरेमिकबिचको गहिरो अन्तरसम्बन्ध यस प्रदर्शनीको बलियो पक्ष हो। यहाँ यी दुई विधा छुट्टाछुट्टै अस्तित्वमा छैनन्। क्यानभासमा कोरिएका आकृतिहरूको ठ्याक्कै प्रतिछाया सिरेमिक्समा देखिन्छ। सिरेमिक्स कलालाई हेर्दा आफैंमा एउटा पेन्टिङजस्तो लाग्छ। एउटै विचारलाई समतल क्यानभास होस् वा त्रि-आयामिक माटोमा होस्, दुई फरक माध्यम उत्तिकै सन्तुलनका साथ उतार्न सक्नु कलाकारको खुबी हो।

सिरेमिक कला केवल माटो मुछेर सिर्जनात्मकता देखाउने विधा होइन। यसको आफ्नै जटिल प्रविधि र विज्ञान छ। माटोलाई निश्चित आकृति दिएर पोल्नु। फेरि त्यसमा रङ अर्थात् ग्लेज भर्नु र पुनः उच्च तापक्रममा पोल्नु आफैंमा एउटा कठिन परीक्षा हो।

कलाकार श्रेष्ठ भन्छिन्, 'पोलेपछि आउने परिवर्तनसम्म विचार गरेर रङ गर्नुपर्छ।' तापक्रम परिवर्तन हुँदा रङको रसायन नै बदलिने यो विधामा केवल कल्पनाले मात्र पुग्दैन। लामो अनुभव, निरन्तरको 'एक्स्पेरिमेन्ट' र ठुलै धैर्यको जरुरत पर्छ। यसको महँगो माध्यम पनि चर्चायोग्य छ। प्रदर्शनीमा राखिएको केही सिरेमिक 'पट' जसको भित्री भागमा 'गोल्डेन कोट' लगाइएको छ। त्यो केवल रङ होइन, कलाकार श्रेष्ठ यसमा सुनको अंश हुने बताउँछिन्। यसले माटोको सामान्य स्वरूपलाई बहुमूल्य कलाकृतिमा रूपान्तरण गरिदिएको छ।

प्रदर्शनीको अर्को मुख्य आकर्षण भनेको हलको बिचमा टेबलमा सिसाको बक्सभित्र राखिएको मसीले बनाइएको लामो कलाकृति हो। इजिप्ट बस्दा कलाकारले हरेक दिन सिर्जना गरेको यो डायरी-शैलीको कलाकृति एउटै लामो पेपरमा कोरिएको छ। यसले एक सर्जकको दैनिकी, उसको शिल्पप्रतिको इमानदारी र कामप्रतिको निरन्तरको अनुशासनलाई भल्काउँछ। यसको 'डिस्प्ले' तरिका पनि निकै कलात्मक छ।

उनका चित्रहरूमा देखिने नारी आकृतिलाई क्युरेटर पाण्डेले 'आधुनिक शक्ति'को संज्ञा दिएकी छिन्। पाण्डे भन्छिन्, 'यी पात्रहरूको आधा खुलेको आँखाले बाहिरी संसारलाई होइन, जागृत आन्तरिक चेतना'लाई नियालिरहेको भान हुन्छ।' यसपटक संगीले चम्किला रङहरूको सट्टा गाढा र सौम्य रङहरूको प्रयोग गरेकी छिन्, जसले उदासी होइन, बरु दृढता र रूपान्तरणको रहस्य बोकेका छन्।

यस प्रदर्शनीको सबैभन्दा ठुलो र बिझाउने कमजोर पक्ष भनेको यसको प्रदर्शनी स्थान हो। छाया सेन्टरजस्तो 'भीमकाय' व्यापारिक कम्प्लेक्सको कुन कुनामा, कुन टुप्पामा यो नयाँ आर्ट ग्यालरी छ भनेर सामान्य कला-प्रेमीले अनुमान गर्न सक्दैनन्। ग्यालरी त्यहाँ छ भन्ने कुरा धेरैलाई थाहै छैन। जो पायो त्यो मानिस त्यहाँसम्म पुग्दै पुग्दैन। स्क्यालेटरबाट छाया सेन्टरको आँगनको चहलपहल हेर्दै तला उक्लिन रमाइलै हुन्छ।

ग्यालरीभित्र प्रवेश गरिसकेपछि पनि 'सेटिङ' र प्रकाश व्यवस्थापन उतिबिघ्न गतिलो छैन। एउटा आर्ट ग्यालरीको प्रकाशले कलाकृतिलाई उजिल्याउनुपर्ने हो, तर यहाँ त्यस्तो सन्तुलन पुगेको देखिँदैन। सबैभन्दा खड्किने कुरा त ग्यालरीको छाना हो। छानाको असरल्ल फलामका डन्डीले दर्शकको ध्यान कलाकृतिबाट नराम्ररी भंग गर्छन्। ध्यानस्थ र शान्त कलाकृति हेरिरहँदा माथि देखिने ती निर्माण-अधुराजस्ता लाग्ने फलामका डन्डीहरूले भिजुअल अनुभवलाई नराम्री बिथोल्छन्।

त्यो भीमकाय भवन कसको हो थाहा छैन, तर भवन जति ठुलो छ, भवनवालाको चित्त असाध्यै सानो देखिन्छ। ग्यालरीमा कला हेर्न जाने दर्शक वा त्यही भवनमा जाने ग्राहकलाई पार्किङ शुल्क ठटाइरहेको भेटिन्छ। त्यो पनि अन्य ठाउँकोभन्दा तेब्बर। भुक्तानी गर्ने काउन्टरमा दर्शकले भोग्नुपर्ने मानसिक सास्ती भन्ने उदेकलाग्दो छ। केही गरी तपाईंसँग खुद्रा पैसा छैन भने तपाईंले कर्मचारीबाट चिसो व्यवहार र अपमान खेप्नुपर्छ। डिजिटल पे गर्छु भन्नुभयो भने भन्नै ठुलो सजाय भोग्नुपर्छ। तपाईंले आफ्नो फोनबाट रकम काटिएको र सेन्ड भएको स्लिप देखाएर मात्र पुग्दैन। उनीहरूको फोनमा रकम पुगेको 'नोटिफिकेसन' नबजुन्जेल तपाईं त्यहाँ कठघरामा उभ्याइएको अपराधीझैं जिल्ल पेरेर उभिरहनुपर्छ। त्यहाँ जब नोटिफिकेसन बज्छ, तब मात्र तपाईं त्यहाँबाट रिहा हुनुहुन्छ। एउटा शान्त कला हेरेर निस्केको दर्शकले पार्किङको बेसमेन्टमा आइपुग्दा आफ्नो सम्पूर्ण शान्ति र ऊर्जा गुमाइसक्छ।

आगामी दिनमा कलाकार, क्युरेटर र आयोजकले ग्यालरी छनोट गर्दा ठाउँ पहुँचयोग्य छ कि छैन ध्यान दिनु जरुरी छ। कला सबैको पहुँचमा हुनुपर्छ, केवल खरिदकर्ताको ड्राइङ रुममा झुन्डिनुअघिको 'प्राइभेट सो' जस्तो मात्र बन्नुहुँदैन।

यस प्रदर्शनीमा र समग्र नेपाली कला क्षेत्रमै देखिएको अर्को समस्या 'अनटाइटल' अर्थात् शीर्षकविहीन चित्र हुन्।

संगी श्रेष्ठले यी कलाकृति सिर्जना गर्न दुई वर्षको कडा मिहिनेत र साधना खर्चिएकी छिन्। तर, यति धेरै मिहिनेत पोखिएको कलाकृतिलाई एउटा सानो 'शीर्षक' दिन उनी र उनीजस्ता अधिकांश नेपाली कलाकार किन झिँजो मान्छन् ? दर्शकले चित्र हेरेर आफैं अर्थ लगाऊन् भन्नु अल्छीपना हो। शीर्षकले दर्शकलाई चित्रको गहिराइमा प्रवेश गर्ने चाबीको काम गर्छ। त्यो चाबी नै नदिई दर्शकलाई अलपत्र छोड्नु न्यायोचित होइन।

समग्रमा, संगी श्रेष्ठको 'अन्तर्दृष्टि' कलात्मक चेत, शिल्प र साधनाका हिसाबले नेपाली कला जगत्को एउटा महत्त्वपूर्ण र हेर्नैपर्ने प्रदर्शनी हो। क्यानभास र माटोको यो संगमले उनको कला यात्रालाई नयाँ उचाइमा पुऱ्याएको छ। कला उत्कृष्ट छ, तर कलासम्म पुग्ने बाटो र वातावरण सुधिनु आवश्यक छ।

बँसीसहरदेखि चामेसम्म मर्स्याङ्दी किनारैकिनार



नियात्रा



● धर्मेन्द्र विह्वल

लमजुङको सुन्दर गाउँ भुजुङबाट सदरमुकाम बँसीसहर आइपुग्दा बिहानको करिब साढे ११ बजिरहेको थियो। नेपाल पत्रकार महासंघ लमजुङका अध्यक्ष सन्देश पौडेल 'होटेल नमस्ते'मा हामीलाई कुरेर बसेका थिए। बिहानको खानासँगै खाने भन्ने हाम्रो हिजैको सल्लाह थियो। भुजुङबाट तल झर्दा परमेश्वर (नेपाल पत्रकार महासंघ लमजुङका पूर्वअध्यक्ष)ले गाउँसहर देखाउँदै त्यहाँ रहेको शाहवंशीय राजाको दरबारबारे जानकारी गराए। यही दरबारबाट विसं १६१५/१६ तिर लिगलिगकोटमा दौडेर द्रव्य शाह गोरखाका राजा बनेका थिए।

पत्रकार नवीन र यादव पनि होटेलमा आइपुगे। खाना खाँदै गर्दा स्थानीय अग्रज पत्रकार कृष्ण केसी, जनक श्रेष्ठ र कृषक संगीत नेपालीसँग पनि भेट भयो। जनक अहिले म कार्यरत संस्था राष्ट्रिय समाचार समिति (रासस)मा कार्यरत छन् भने संगीत पुराना पत्रकार हुन्। संगीतसँगको मेरो संगत धेरै पुरानो हो। करिब २०५५ देखि तीन वर्षजति होला हामीले हिमालय टाइम्समा सँगै काम गरेका थियौं। भेटमा हामीले पुराना कुरा सम्झियौं। उहिले र अहिलेको पत्रकारिताको तुलना गऱ्यौं। समाचारको परिभाषा र निर्माण प्रक्रियाबारे चर्चा गऱ्यौं। हालै सम्पन्न चुनावबारे पनि थोरै मूल्यांकन गर्ने प्रयत्न गऱ्यौं।

'गेटवे अफ मनाङ'बाट चामेको यात्रा

अब हामीले उकालो अर्थात् मनाङतर्फको यात्रा गर्नु थियो। त्यसतर्फ जाने हाम्रो गाडी त्यहीं होटेलछेउमा आइपुगेको थियो। यहाँदेखिको यात्रामा मेरी पत्नी मुन्नी, छोरी कृतिका, नाति इभान पनि सहभागी थिए। ज्वाईं नवराज पौडेल हाल मनाङका प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यरत रहेकाले त्यहाँको यात्रा पक्कै पनि सहज र सरल हुने अपेक्षा अस्वाभाविक थिएन।

हामी दिउँसो करिब दुई बजेतिर बँसीसहरबाट दुईवटा गाडीमा प्रस्थान गरेका थियौं। लमजुङको यो मेरो तेस्रो यात्रा भए पनि मनाङ जाने अवसर भने यसअघि जुर्न सकेको थिएन। लमजुङ खास गरी बँसीसहरलाई 'गेटवे अफ मनाङ' पनि भनिन्छ, तर यो गेटवे मेरा लागि बल्ल खुल्दै थियो अर्थात् म पहिलोपटक मनाङ गइरहेको थिएँ। मनाङअघि मैले नेपालका ७४ जिल्ला टेकिसकेको थिएँ। म ७५औं जिल्ला टेक्न जाँदै छु। रोमाञ्च, कौतुहल र उत्सुकता मनभरि छातीभरि अटेसमटेस भइरहेका थिए। म आफ्नो प्रसन्नताको व्याख्या गर्ने सक्दिनँ। घुम्नुभन्दा पनि मनाङ टेक्नु मेरा लागि महत्त्वपूर्ण थियो। मनाङ यात्रा गर्ने धेरैजसो आन्तरिक र बाह्य पर्यटकको यात्रा-लक्ष्य तिलिचो ताल र थोराङलापास हुने गरे पनि मेरो लक्ष्य भने यसपटक बढीमा माथिल्लो मनाङसम्म मात्र थियो।

बँसीसहरबाट मनाङको चामेसम्मको ६५ किलोमिटरको यात्रा केवल गन्तव्यमा पुग्ने माध्यम मात्र होइन, प्रकृतिसँग साक्षात्कार गर्ने एक जीवन्त अनुभव पनि हो भन्दा अस्वाभाविक हुँदैन। मलाई लाग्छ, मर्स्याङदी नदी किनारैकिनारको हिमाल, नदी, झरना र हरियालीको संगमले भरिएको यो यात्रामार्गले हरेक यात्रुलाई मोहित बनाउँछ। म अपवाद हुने कुरै थिएन।

बाटो क्रमशः पहाडी घुम्ती हुँदै उकालो लाग्न थाल्यो। मर्स्याङ्दी नदीको किनारैकिनारअगाडि बढ्दै गर्दा गाडीको झ्यालबाट देखिने दृश्य मनमोहक थिए। नदीको तीव्र बहाव, चट्टानसँग ठोक्किँदै उठ्ने सेतो फेना, अनि वरिपरि फैलिएको हरियाली- यी सबैले यात्रालाई रोमाञ्चक बनाइरहेको थियो। बँसीसहर छोडेपछि हामी अब लमजुङको मर्स्याङदी गाउँपालिकामा यात्रा गरिरहेका थियौं। बर्गैंचा कटेर खुदीबजार आइपुगेको थियो। मर्स्याङदी किनारमा अवस्थित यो सानो बजार आकर्षक देखिन्छ। एकैछिन अगाडि पुगेर छहरे खोला तर्दै हामी भुलभुले भन्ने सानो बजार आइपुगेका थियौं, हाम्रो गाडी बिग्रियो। अर्को गाडी आउँदा लागेको समयको सदुपयोग गर्दै हामीले यहाँ चिया खाएका थियौं। अर्को गाडीको प्रतीक्षामा हामीले त्यहाँ करिब ४५ मिनेट बिताएका थियौं। पुरानो गाडीलाई त्यहीं छोड्दै लाग्यौं फेरि अगाडिको यात्रामा।

हिमाली सडकमा मधेशका युवा

अगाडि बढ्दै गर्दा सडकमा काम भइरहेको देखेको थिएँ। त्यहाँ काम गर्ने केही युवाले आपसमा मैथिलीमा बोलेको सुनें। अचम्म लागेको थियो- विकट मानिने मनाङ जाने बाटोमा रोजगारीका सन्दर्भमा मैथिलीभाषी अर्थात् मधेशका युवा। उनीहरूसँग परिचय गर्दै एकछिन बात मारें। २० देखि २५ वर्ष उमेर समूहका रौतहट र सर्लाही घर भएका थुप्रै युवा यहाँ भएको जानकारी चन्द्रनिगाहपुरका प्रदीप सहनीले दिए। अर्का युवक चन्द्रनिगाहपुरकै धीरज यादवले आफूहरू यहाँ यति विकट ठाउँमा आउन नचाहेको, तर ठेकेदारले यहाँ ल्याइपुऱ्याएको भन्दै गुनासो गरेका थिए। त्यस्तै, अर्का युवा अजय यादवले बिहान सातै बजेदेखि साँझ अबेरसम्म काम गर्नुपर्दा पनि दिनको जम्मा आठ सय रुपैयाँ मात्र पाउने गरेको जनाउ दिए। मनमा असन्तोष उत्पन्न भएको थियो।

मनमोहक बुङ र अक्टोपस झरना

हामी मर्स्याङदी गाउँपालिका-४ मा पर्ने बुङ पुग्यौं। यहाँ एक प्रसिद्ध झरना छ। स्थानका आधारमा बुङ झरनाका नामले यो चर्चित छ। भिरालो चट्टानबाट तल झर्दै गरेको झरनाको दृश्य अत्यन्त आकर्षक थियो। पानीको फोहोराले वरिपरि चिसोपन फैलाइरहेको आभाष भएको थियो। ज्याकेट लगाएँ। झरनाको दृश्यपान गरेका थियौं। लाग्यो, यात्राको थकान हरायो। त्यहाँ केही समय हामी रोकियौं। चिया खाजा खायौं। फोटो खिच्यौं र झरनाको सौन्दर्यलाई मनभरि सँगाल्यौं अनि पुनः लम्कियौं गन्तव्यतर्फ।

अगाडि बढेपछि अर्को चर्चित अक्टोपस झरना आयो। विभिन्न धारामा छुट्टिएर झर्ने पानी अक्टोपसका खुट्टाझैं फैलिएजस्तो देखिन्छ। दृश्य साँच्चिकै अद्भुत थियो र यसले प्रकृतिको कलात्मकता झल्काउँथ्यो। तर, हाम्रो दुर्भाग्य हामीले यसलाई पूर्ण विकसित अवस्थामा अवलोकन गर्ने अवसर पाउन सकेनौं। खासै पानी थिएन। पानी भएको वेलामा यो झरनाको दृश्य अद्भुत देखिन्छ। मैले बुङको तुलनामा अक्टोपस झरनाको चर्चा निकै सुनेको थिएँ, तर मौसमका कारण झरनाको पूर्णरूप हेर्न पाइएन। यात्रा अगाडि बढ्दै जाँदा हामीले मर्स्याङ्दी नदीलाई कहिले नजिकबाट, कहिले माथिबाट नियाल्ने मौका पायौं। भनिन्छ, मर्स्याङ्दी नेपालकै सबैभन्दा तीव्र धार (करेन्ट) भएको नदी हो। कतै यो नदी शान्त रूपमा बगिरहेको देखिन्थ्यो भने कतै तीव्र गतिमा बग्दै चट्टानसँग ठोक्किँदै गर्जिरहेको सुनिन्थ्यो। नदीको आवाजले एक किसिमको संगीतमय वातावरण निर्माण गरिरह्यो।

तालगाउँ : आफ्नै बिजुली आफ्नै प्रयोग

अगाडि बढ्दै जाँदा बाटोमा म्यार्दी (मार्दी) खोला आउँछ। यही खोलाले लमजुङ र मनाङको सीमा छुट्याउँछ। पुलमाथिबाट हाम्रो गाडी अगाडि बढ्दै थियो। गाडीचालक तेह्रथुमका बासिन्दा डिकबहादुर लिम्बूले जानकारी दिएका थिए- अब हामी मनाङ प्रवेश गर्यौं। मेरो उत्साह र अनुभूतिको वर्णन म यहाँ गर्न सक्दिनँ, मैले ७५औं जिल्लामा टेकेको थिएँ।

यात्राको क्रममा हामी तालगाउँ आइपुगेका थियौं। अत्यन्त सुन्दर छ यो गाउँ। बँसीसहरबाट उपल्लो मनाङको पदयात्राका लागि यस जिल्लामा पैदल या गाडीबाट आउने पर्यटकको एक रातको बसाइका लागि पहिलो रोजाइमा यो गाउँ पर्ने गरेको छ। मर्स्याङ्दी किनारको सम्म परेको ठाउँमा फैलिएको यो गाउँ २०७८ मा निकै चर्चामा आएको थियो। मर्स्याङ्दीमा आएको बाढीले पूरै गाउँलाई नै डुबाउँदै आफूभित्र समाहित गरेको थियो।

साप्ताहिक राशिफल

७ चैत (शनिबार)
१३ चैत (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

भेटघाटमा मन रमाउनुका साथै महत्त्वपूर्ण कार्य अघि बढ्नेछन्। काम गरेर अरूलाई प्रभावित पार्ने समय रहेको छ। नयाँ काम थालनी होला। प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ। विद्यामा पनि प्रगति हुनेछ। व्यावसायिक काममा सामान्य फाइदा हुनेछ। बिहीबार र शुक्रबार भने काममा बाधा होला। खर्च र थकाइसमेत बढ्ने योग रहेको छ। धार्मिक वा सामाजिक कामबाट प्रतिष्ठा मिल्नेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा धार्मिक वा सामाजिक कामबाट प्रतिष्ठा मिल्नेछ। व्यावसायिक यात्राको योग जुरेको छ। रोकिएका काम बन्नुका साथै नयाँ काम पाइने योग छ। आयआर्जन पनि प्रशस्त हुनेछ। प्रेम र मित्रताको गाँठो कसिएला। सप्ताहान्तमा भने खर्चमा वृद्धि र व्यवसायमा गिरावट आउने देखिन्छ। वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ने योग छ। बोलीकै भरमा महत्त्वपूर्ण काम बन्ने योग छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा घरायसी समस्याले घेर्नेछन्। प्रेमसम्बन्धमा उतारचढाव आउला। चोटपटक लाग्ने सम्भावना छ। कामको दायित्व बढ्नेछ। धार्मिक कृत्यमा अभिरुचि बढ्नेछ। गरेको काममा प्रशंसा पाइएला। नयाँ कामको थालनी हुनेछ। साताको अन्त्यमा पहिले गरिरहेकै कार्यलाई केही दिन यथावत् राख्नुहोला। विलासी दिनचर्याबाट बच्नुपर्ने समय छ। मित्र सहयोगीबाट काममा शुभ छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

रमाइलो यात्रा गर्ने अवसर आउनेछ। शैक्षिक क्षेत्रबाट सोचेअनुसार सफलता मिल्नेछ। विद्यार्थीका लागि अध्ययनशील समय छ। नयाँ कामको जिम्मेवारी मिल्नेछ। अग्रजको सल्लाहमा कार्य गरेमा सफलता मिल्नेछ। साताको अन्त्यमा कीर्तिमानी काम गर्ने मौका मिल्नेछ। सामाजिक काममा मन लाग्नेछ। धार्मिक यात्राको योग रहेको छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको प्रारम्भमा अधुरा या रोकिएका काम बन्नेछन्। शिक्षामा सोचेअनुसार सफलता मिल्नेछ। आतिथ्यपूर्ण सम्मान पाइनेछ। रमाइलो जमघटमा आफ्ना विचार राख्न पाइनेछ। बिहीबार र शुक्रबार केही समस्यामा परिनेछ। अनावश्यक झमेला आइलाग्न सक्छन्। विवाद बढ्ने र चोटपटक लाग्ने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। आयआर्जनमा सुधार आउनेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

प्रतिष्ठित बुद्धिजीवीसँग भेटघाट गर्ने मौका मिल्नेछ। शैक्षिक क्षेत्रमा विशेष लाभदायक समय छ। व्यावसायिक कामबाट लाभ उठाउने मौका छ। शत्रु परास्त भएर जानेछन्। मुद्दासमेत किनारा लाग्नेछन्। प्रेमसम्बन्ध प्रगाढ बन्नेछ। तर, साताको अन्त्यमा पारिवारिक झमेला, काममा बाधा र स्वास्थ्यमा संकट आउने ग्रहयोग रहेको छ। कानसम्बन्धी समस्या देखा परी स्वास्थ्यमा केही बाधा हुने देखिन्छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

पठनपाठनमा राम्रो प्रगति हुनेछ। आर्थिक पक्ष सबल बन्नेछ। व्यापार-व्यवसायमा पनि प्रगति गर्न सकिनेछ। प्रतिस्पर्धीहरू स्वतः निष्क्रिय होलान्। स्वास्थ्यमा सुधार र काममा उत्साह थपिनेछ। साताको अन्त्यमा रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नेछ। विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ। तर, केही व्यक्तिसँग मत-मतान्तरसमेत हुने सम्भावना छ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

काममा सोचेजस्तै सफलता मिल्नेछ। सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ। प्रतिस्पर्धामा फाइदा उठाउने समय रहेको छ। बुधबार र बिहीबार भने निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैले लिन सक्नेछन्। कर्मयोगका थप बाटा अवश्य खुल्नेछन्। पढाइलेखाइ र व्यवसायमा उन्नति हुनेछ। साताको अन्त्यमा शत्रु पराजित हुनेछन्। नयाँ जिम्मेवारीका साथ कामको थालनी हुनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

बोलीको भरमा विशेष काम बन्ने समय रहेको छ। तपाईंका प्रशंसक थपिनेछन्। उद्योग-व्यवसायमा पनि सोचेअनुसार सफलता मिल्नेछ। बुधबार र बिहीबार भने अरूको भर पर्ने समय छैन। आफन्तप्रति शंका जाग्नेछ। खानपानको असावधानीले स्वास्थ्यमा पनि समस्या आउला। साताको अन्त्यमा पठनपाठनमा प्रगति हुनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा प्रियजनसँग भेटघाट हुनेछ। पार्टी, पिकनिक वा भोजमा जाने मौका मिल्नेछ। पारिवारिक जमघट हुने योग रहेको छ। सहयोगीले साथ दिनेछन्। कर्मयोगमा अभिवृद्धि हुनेछ। पराक्रम बढेर जानेछ। आम्दानी पनि बढ्नेछ। साताको अन्त्यमा आफन्तकै विश्वासघातमा परिएला। झुटा आरोप आइलाग्ने योग छ। सानो गल्तीले धोका पाइने सम्भावना छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

अनावश्यक काममा ढिपी गर्दा पैसा र समय खेर जानेछ । वैदेशिक वा टाढाको यात्रा सम्भावित छ। मंगलबारदेखि समय अनुकूल रहनेछ। विशेष व्यक्तित्वसँग भेटघाट हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने समय रहेको छ। प्रशंसकहरू बढ्नेछन्। साताको अन्त्यमा काममा उत्साह थपिनेछ। सानो प्रयत्नले ठुला काम बन्ने समय छ। मनपर्ने वस्त्र वा सरसामान उपहार पाइएला।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

प्रतिस्पर्धी पराजित होलान्। आर्थिक पक्ष पनि सबल बन्नेछ। काममा उत्साह थपिनेछ। चुनौती सजिलै पार लाग्नेछन्। बुधबार भने आकस्मिक खर्च बढ्नेछ। सत्कार्यमा गरेको लगानीबाट फाइदा उठाउन सकिनेछ। वैदेशिक क्षेत्रबाट प्रशस्त फाइदा उठाउने मौका छ। मनपर्ने वस्त्र, अलंकार आदि लाभ होला। आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ।

स्वास्थ्य




● डा. किरण नकर्मी
प्लास्टिक सर्जन, कीर्तिपुर अस्पताल

पछिल्लो समय देशका विभिन्न स्थानबाट जलन भएका बिरामी अस्पतालमा आउने गरेका छन्। आगो, तातो पानी, तातो तेल, तातो वस्तु तथा बिजुलीका कारण पोलेर बिरामी भएको पाइएको छ। गाउँमा आगो ताप्दा वा घरभित्र आगो बाल्दा जलनका घटना बढी देखिएको छ। विशेषगरी, साना बालबालिका, वृद्धवृद्धामा जोखिम बढी हुन्छ।


नवजात शिशुको छाला धेरै कोमल हुने भएकाले धेरै नजिकबाट आगो सेक्दा छाला पोल्न सक्छ। त्यसैले, बच्चालाई सेकाउँदा विशेष ध्यान दिनुपर्छ। ठुला बच्चा हिँड्डुल गर्न थालेपछि दाउराको चुलो वा आगो नजिक जान सक्छन्, जसले जलनको जोखिम बढाउँछ।



चामे बजार



बुङ झरना



चामे बजारबाट देखिएको मनोरम दृश्य

तस्बिरहरू : धमेन्द्र विह्वल र नवीन लामिछाने



प्रसिद्ध तालगाउँ



मर्स्याङ्दी नदी

यो गाउँ सम्हालिएर आजको अवस्थासम्म आइपुगेको छ। सलाम छ तालगाउँका वासिन्दालाई। यो गाउँको अर्को विशेषता पनि छ, त्यो के भने यहाँ राष्ट्रिय प्रसारणलाइनबाट विद्युत् आपूर्ति हुँदैन। यहाँका बासिन्दाले आफैँले स्थानीयस्तरमा विद्युत् उत्पादन गरेका छन् र त्यही उत्पादनबाट गाउँभरिको विद्युत्को आवश्यकता पूरा गर्ने गरेका छन्। समग्रमा तालगाउँ निकै आकर्षक छ। यहाँ पहाडबाट खसुँलाझैँ लाग्ने चट्टानले बनेको अनौठो भूआकृति देख्न सकिन्छ। साँघुरा बाटा, काठका पुलहरू र वरिपरि फैलिएको प्राकृतिक सौन्दर्यले यो ठाउँलाई विशेष बनाएको छ। अगाडि बढ्दा खोत्रे, माथिल्लो र तल्लो धारापानी, दानाक्यु, तिमाङजस्ता रमणीय स्थानको अनुभव सँगाल्ने अवसर पाएका थियौँ।

हिमालबिचको चामेमा चिसोको स्वागत

निर्माणाधीन लालुपाते जलविद्युत् आयोजना र चिनियाँ कम्पनीको जलविद्युत् आयोजना पनि देख्न पाइयो। यी आयोजनाले नेपालको ऊर्जा उत्पादनमा ठुलो योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। ठुला टनेल, बाँध र विद्युत्गृह देख्दा मानव प्रयास र प्रविधिको शक्तिको त्यसैत्यसै तुलना गर्न मन लाग्ने। प्रकृतिको बिचमा यस्ता विकासका संरचना देख्नु एक फरक अनुभव थियो।

जसजसै हामी चामे (२७०० मिटर)तर्फ नजिकिँदै गयौँ, पहाडहरू अझ अग्ला र भव्य देखिन थाले। हरियाली बिस्तारै कम हुँदै गयो र चट्टानी भूभागले स्थान लिनथाल्यो। साँझ पर्न लाग्दा आकाशमा सुनौलो घामको किरण पहाडमा परिरहेको दृश्य अत्यन्त मोहक थियो। साँझ करिब साढे ६ बजेतिर हामी चामे पुगेका थियौँ। यात्रा थकाउने भए पनि अत्यन्त सन्तोषजनक थियो। चामे मनाङ जिल्लाको सदरमुकाम हो, जहाँबाट हिमाली क्षेत्रको वास्तविक अनुभव सुरु हुन्छ। अन्नपूर्ण, मनास्लु र लमजुङ हिमालले घेरेर बिचमा राखेजस्तो लाग्ने मर्स्याङ्दी किनारमा अवस्थित चामेको चिसो हावा, शान्त वातावरणले यात्राको थकानलाई तुरुन्तै भुलाइदिन सक्छ।

मेरो निष्कर्ष छ- बेँसीसहरदेखि चामेसम्मको यो यात्रा दूरी तय गर्ने मात्र होइन, प्रकृति, संस्कृति र विकासको संगम अनुभूत गर्ने अद्भुत अवसर पनि हो। थकानलाई अस्वीकार गर्न सकिँदैन। हामी पनि अपवाद थिएनौँ। जतिसक्दो छिटो आराम गर्न मन त थियो, तर चामे पुग्दा अन्धकार थियो। उत्पादनका दृष्टिले जलविद्युत्को धनी मानिने यो जिल्लाको सदरमुकाममा हाम्रो स्वागत अँध्यारोले गरेको थियो। सँगै रहेका कसैले भनेको सुनियो-यस्तै छ आफू बलेर अन्यत्रलाई उज्यालो दिने मनाङ स्वयं भने यसरी नै अँध्यारोमा डुब्ने गर्छ।

ट्याटु अर्थात् पुर्खाको निसानी

ट्याटु खोप्दा मसीमा आमाको दुध पनि मिसाइन्थ्यो।
यसको अर्थ अर्को जुनीमा यही आमाको कोखबाट जन्मिन पाऊँ भन्ने हो।





संस्कृति



● इन्दु थारू

ट्याटु छालामा सियोमार्फत मसी हालेर बनाइने आकृति वा अक्षर हो। फेसनका रूपमा फस्टाइरहेको ट्याटु थारू समुदायमा भने दशकौँ पहिलादेखि प्रचलनमा थियो। थारू समुदायमा यसलाई टीका छेड्नाको रूपमा चिनिन्छ। टीकाको अर्थ मार्क वा डट र छेड्नाको अर्थ छेड्नु हो। टीका छेड्नालाई विभिन्न नाम दिइएको छ। टीका छेड्ना (पश्चिम तराई-दाङदेखि कञ्चनपुरका डंगाहा थारू र देउखुरिया थारू)को रूपमा प्रचलित छ। लीला (लीला छेडन वा लिगा गोदन-राना थारू र कठरिया थारू)मा र खोदना/गोदना (दाङदेखि पूर्वका थारू)मा प्रचलित रहेको पाइन्छ।

सियो, धागो, दियो, हुक्का, तोरीको तेल, बेसारलगायत सामग्रीबाट टीका छेड्ना बनाइन्छ। हामीसम्म यो कला हस्तान्तरण हुन निकै कठिन भयो। मेरी आमा र हजुरआमासँग यो सिप थियो। मसम्म आइपुग्दा खोप्ने र खोपाउने दुवै रोकियो। तर, बिस्तारै मेरो पुस्ताले यसलाई ब्युँताउन सफल भएको छ।

थारू समुदायमा टीका छेड्ना कहिलेदेखि सुरु भयो ? यकिन छैन। तर, मैले अध्ययन गरेअनुसार यो प्रचलन सयौँ वर्ष पुरानो छ। अनुसन्धानका क्रममा मैले ९० वर्षको हजुरआमासँग कुरा गर्दा उनीहरूले पनि आफ्नो हजुरआमासँग सिकेको सुनाउँछन्।

यसकारण टीका छेड्ना

टीका छेड्नुको अनेक कारण छन्। यही नै सत्य हो भन्ने छैन। धेरैले भन्छन्, हामी मरेपछि लैजाने ट्याटु मात्र हो। थारू समुदायमा हामी मरेपछि 'भवन्वन घर' अर्थात् भगवान्को घर जान्छौँ भन्ने मान्यता छ। स्वर्ग/नर्कको भने भाष्य छैन। तर, हिन्दु धर्मको प्रभावका कारण कतिपयले स्वर्ग र नर्क पनि भन्ने गरेका छन्। मरेपछि भगवान्को घर जान्छौँ। त्यो घर धेरै टाढा होला ! त्यो घर जाँदै गर्दा थाक्छौ होला ! त्यो भगवान्को घर कसरी जाने ? यसैको सिलसिलामा धेरै आकृति बनेको देखिन्छ। जस्तै- घोडा चढेर जाने भन्ने लागेर हुन सक्छ घोडाको आकृति बन्यो। जाँदाजाँदै थकाइ लाग्दा कहाँ बस्ने ? त्यसैले मचिया अर्थात् खटिया बनेका छन्। भोक लाग्छ। त्यसकारण चुल्होको आकृति बन्यो। तरकारीको रूपमा प्रयोग गरिने आलु, भन्टाको आकृति बन्यो। हाम्रो दैनिक जीवनमा प्रयोग हुने विभिन्न आकृति बन्यो।

> कतिपयले यसलाई सुन्दरतासँग जोडेर मात्र हेर्छन्। कतिपय हजुरआमाले राम्री हुने रहर लागेकोले बनाएको भन्छन्। तर, उहाँहरूसँग लामो कुरा गर्दा आमा, साथी र पुर्खासँगको सम्बन्धबारे पछि मात्र कुरा आउँछ।

दाङ र देउखुरी उपत्यकाका थारूको भाषा, संस्कृति र टीका छेड्ना बनाउने तरिका फरक-फरक छ। दाङका महिलामा टीका छेड्ना माइतीको उपहारको रूपमा बनाइन्छ। त्यहाँका छोरीले विवाह गर्ने वेला वा विवाह भएपछि टीका छेड्ना बनाउँछन्। त्यो छोरीले टीका छेड्ना बनाएपछि बनाउने व्यक्तिलाई टिकिनिहा अर्थात् पैसा तिर्नुपर्‍यो। अनुसन्धानका क्रममा मैले एक-दुई रुपैयाँसम्म तिरेको भेटेँ। त्यसबाहेक चामल, अन्डा, रक्सी दिएको भेटेँ। छोरीले त्यो आकृति बनाए पनि त्यो पैसा र सामग्री माइतीले तिर्छन्। देउखुरिया महिलाहरूमा भने सखीसखी अर्थात् साथी-साथीबिच एकले अर्कोलाई खोपाउने चलन छ।

यो कुरा मैले हजुरआमाबाट सुनेपछि छोरीको माइतीसँग सम्बन्ध, आत्मीयता, माइतीको उपहार शरीरमै बोकिरहेको हुने रहेछन् भन्ने जानकारी पाएँ। कतिपय हजुरआमाका अनुसार विवाहपछि महिलाहरू कताकता पुग्छन्। सखी अर्थात् साथी सम्झने माध्यम टीका छेड्ना बन्छ। यो बनाउने अर्को कारण हिलिङ अर्थात् उपचार पद्धति पनि हो। हजुरआमाहरूका अनुसार पहिला खुट्टा धेरै दुख्थ्यो। यो बनाएपछि दुख्न छोड्यो।

पहिले ट्याटु खोप्दा मसीमा आमाको दुध पनि मिसाइन्थ्यो। यसको अर्थ अर्को जुनीमा यही आमाको कोखबाट जन्मिन पाऊँ भन्ने हो। टीका छेड्ना माया दर्साउने तरिका पनि हो। कतिपय हजुरआमाले नयाँ बुट्टा डिजाइन गर्नुभन्दा आफ्ना आमा, दिदी, हजुरआमाले बनाएका आकृति नै धारण गर्ने गरेका छन्। यसले मौलिकपनको निरन्तरतालाई कायम राखेको छ। थारू समुदायमा सबैले बनाउने बुट्टा वा आकृति एकै किसिमको हुन्छ। शरीरको ठाउँ भने फरक हुन सक्छ। यो महिलाले महिलाको लागि मात्र बनाउँछन्। छोरीहरूले १० देखि २० वर्षको उमेरमा खोपिसक्छन्।

ओझेल पर्नुको कारण

टीका छेड्ना मेरो आमाको हातखुट्टामा छ। मैले उहाँको शरीरको त्यो आकृति धेरै लामो समयपछि मात्र देखेँ। गाउँबाट पढ्न हामी धनगढी बजार आयौँ। यहाँ आउनेबित्तिकै यही आकृतिकै कारण मेरी आमाले हेपाइ सहनुपर्‍यो। के बनाएको ? किन राम्रो शरीर बिगारेको ? त्यसपछि मेरो आमाले पूरा बाहुला भएको लुगा लगाउन थालिन्। त्यो हेपाइको कारण हामीलाई कहिल्यै भनिनन्। मेरो पालादेखि हामी विद्यालय जान थाल्यौँ। विद्यालयको अनुशासनमा बस्नुपर्‍यो। ड्रेस कोड झेल्नुपर्‍यो। टीका छेड्ना बनाएर जान सक्ने अवस्था रहेन। एकल सांस्कृतिक प्रभुत्वका कारण हामीमाझ यो बिस्तारै ओझेल पर्‍यो। हाम्रो कलालाई कला नै मानिएन।

राज्यका नीति, आधुनिकताको दबाब, भेदभाव र लाजको भावनाले पुस्तान्तरण रोकियो। यही कारण कतिपय अवस्थामा परिवारका सदस्य नै टीका छेड्नाका लागि बाधक भए। टीका छेड्नाकै कारण उनीहरूमा अपराधबोध हुने अवस्था आयो।

यो संस्कृति जोगाउनु आवश्यक छ। पुस्तान्तरण हुनु आवश्यक पनि छ। त्यसैले, मैले एक वर्ष लगाएर टीका छेड्ना सिकेँ। मैले बनाउन सिकेपछि हजुरआमालाई सुनाएँ। त्यसपछि उहाँको प्रतिक्रिया थियो, 'तिमीले पुर्खालाई बोक्यौ। मलाई गौरवको महसुस भयो।' हामीमाझ पुर्खा छैनन्। तर, ती पुर्खा ट्याटुको रूपमा हामीमाझ रहेका छन्। हामीले पुर्खा बोकिरहेका छौँ।

कतिपयले यसलाई सुन्दरतासँग जोडेर मात्र हेर्छन्। कतिपय हजुरआमाले राम्री हुने रहर लागेकोले बनाएको भन्छन्। तर, उहाँहरूसँग लामो कुरा गर्दा आमा, साथी र पुर्खासँगको सम्बन्धबारे पछि मात्र कुरा आउँछ। अहिले ट्याटु फेसनको रूपमा खोप्ने चलन छ। टीका छेड्नाको महत्त्व थाहा नभएर होला धेरैले अनेकौँ आकृति बनाइरहेका छन्।

अहिले थारू ट्याटु भनेर प्रचारप्रसार गरेपछि धेरैले मलाई पनि बनाईदिनुपर्‍यो भनेर आइरहेका छन्। हामीले टीका छेड्ना कन्भेसन पनि गर्‍यौँ। पाँच जिल्लाबाट १२ जना हजुरआमाबाट तीन दिनमा मसी बनाउनेदेखि छेड्नेसम्मको अभ्यास गर्‍यौँ। टीका छेड्नमा हातले छेड्ने र मेसिनको प्रयोग दुवै हुने गरेको छ। पहिलेकोजस्तो सुविधा नभएकाले अहिले बजारको मसी प्रयोग गरेर काम गरिरहेको छु।

७० को दशकमा हिँडिरहेका महिलापछि यो कला सकिने अवस्थामा पुगेको थियो। तर, अब यसबारे चर्चा बढिसकेको छ। धेरै नयाँ साथीहरू हामीलाई पनि बनाइदिनु भनेर आइरहेका छन्। धेरैले यसमा रुचि पनि देखाइरहेका छन्। यसको महत्त्व खोजिरहेका छन्। बुझिरहेका छन्। आदिवासीको पहिचान, इतिहास जोगाऔँ भन्ने धेरै बहस, छलफल भए। त्यसले पनि टीका छेड्ना कला ब्युँताउन सहयोग मिलेको छ। मैले अहिले आदिवासी ट्याटु मात्र खोप्ने विचार गरेको छु। कसैले मलाई फूल बनाइदेऊ भन्छन् भने बनाउँदिनँ। ४० वर्षदेखि रोकिएको कुरा हामीले बुझ्नेबित्तिकै अर्को पुस्तामा हस्तान्तरण हुन्छ।

(अध्येता थारूसँग **शान्ति तामाङ**ले गरेको कुराकानीमा आधारित)

जलनका बिरामीका लागि प्राथमिक उपचार



तातो राख्न प्रयोग गरिने हट वाटर ब्याग पनि जोखिमपूर्ण हुन सक्छ। राम्रोसँग बन्द नभएमा पानी चुहिएर पोल्न सक्छ। नेपालमा धेरैजसो जलनका घटना आगो (करिब ६० प्रतिशत), तातो तेल वा पानी (करिब २५ प्रतिशत) र विद्युतीय कारण (करिब १५ प्रतिशत) बाट हुने गरेका छन्। ग्रामीण क्षेत्रमा जलनका घटना बढी देखिन्छन्।

जलन भएमा सही समयमा सही प्राथमिक उपचार गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ। यसले घाउ गहिरो हुनबाट जोगाउँछ र जटिलता कम गर्छ। जलन हुँदा धेरै दुखाइ हुन्छ। यस्तो अवस्थामा चिकित्सकको सल्लाहमा दुखाइ कम गर्ने औषधी प्रयोग गर्न सकिन्छ। जलन भएको घाउमा संक्रमण हुने जोखिम उच्च हुने भएकाले नियमित रूपमा सफा गर्ने (ड्रेसिङ गर्ने) आवश्यक हुन्छ।

■ के गर्नुहुँदैन ?

जलन हुँदा केही स्थानमा गोलभेडा, गोबर, एलोभेरा वा बरफ लगाउने चलन छ। तर, यस्ता कुनै पनि वस्तु लगाउनुहुँदैन। विशेषगरी बरफ (आइस) लगाउँदा रगतका नसा साँघुरो भई घाउ झन् गहिरो हुन सक्छ।

गोबर वा अन्य फोहोर वस्तुले संक्रमण गराउँछ र धनुष्टंकर (टिटानस) जस्ता रोग निम्त्याउन सक्छ। कुनै पनि वस्तु लगाउँदा घाउमाथि तह बस्छ र भित्रको ताप बाहिर निस्कन नपाई घाउ झन् गहिरो हुन्छ।

जलन भएपछि तुरुन्तै निम्न चरण अपनाउनुपर्छ। सुरक्षित स्थानमा जानुपर्छ। दौडनु हुँदैन, यसले आगो झन् बढ्न सक्छ। भुइँमा लडिबुडी गरेर आगो निभाउन सकिन्छ। अरूको शरीरमा आगो लागेको छ भने बाक्लो कपडाले छोपेर निभाउनुपर्छ। शरीरमा टाँसिएका तातो कपडा वा गहना तुरुन्त हटाउनुपर्छ।

पोलेको भागलाई कम्तीमा २०-३० मिनेटसम्म बग्ने सफा चिसो पानीले धुनुपर्छ। जमेको पानीमा डुबाउने होइन, बग्ने पानी प्रयोग गर्नु राम्रो हुन्छ। घाउलाई सफा कपडाले छोपेर सकेसम्म छिटो नजिकको अस्पतालमा लैजानुपर्छ। यदि अस्पताल टाढा छ भने बिरामीलाई पानी वा जीवनजल खुवाउँदै लैजानु राम्रो हुन्छ।

समयमै चिसो पानीले धोएमा घाउ गहिरो हुनबाट बचाउन सकिन्छ। गहिरो घाउ भएमा शल्यक्रिया आवश्यक पर्न सक्छ। जलनका बिरामीलाई सुरुका २४ घण्टामा पर्याप्त सलाइन (तरल पदार्थ) दिनु अत्यन्त आवश्यक हुन्छ, किनकि शरीरमा पानीको मात्रा घट्छ। पानीको कमीले शरीरका भित्री अंगमा असर पर्न सक्छ। बिरामीलाई सम्भव भएसम्म मेडिकल टोलीसहित एम्बुलेन्समा अस्पताल ल्याउनु राम्रो हुन्छ। सुरुका दिनमा जीवनजल, पानी र पोषिलो खाना दिनु पनि आवश्यक हुन्छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



जात व्यवस्थाको अन्त्य : अन्तर्जातीय विवाह र बुद्ध धम्म मार्ग

दलन



● मेखराज उदय

जात व्यवस्था के हो र यो अझैसम्म के आधारमा टिकिरहेको छ ? आजको युगमा अधिकतम शिक्षित, सभ्य नागरिक जातका आधारमा गरिने विभेद, छुवाछुत प्रथाको विरोध गरिरहेका हुन्छन्, देखिन्छन् । चुनावमा भोट माग्न दलित बस्तीमा पुगे उम्मेदवार वा कुनै दलको संगठन खडा गर्न गाउँबस्ती पसेका राजनीतिक कार्यकर्ता बिरलै होलान्, जसले विभेदमुक्त समाज बनाउने आश्वासन नबाँडेका होउन् । चुनावताका तयार पारिने घोषणापत्रमा जातीय विभेद छुवाछुत अन्त्यको वाचा नगर्ने, दलितका मुद्दा र सरोकार नसमेट्ने कुनै राजनीतिक दल नै छैनन् भन्दा अत्युक्ति नहोला । लाग्छ, मार्क्स-लेनिन-माओवादी सिद्धान्त, विचार मान्नेदेखि लोकतन्त्रवादी तथा कथित 'पृथ्वीपथ' भन्नेहरूसम्म सबै दलित मुक्ति गरी समानता ल्याउन प्रतिस्पर्धा गरिरहेका छन् । राजनीतिज्ञ, प्राध्यापक, शिक्षक, समाजसेवी, पत्रकार, निजामती कर्मचारी, बुद्धिजीवी, सामाजिक अभियन्ता र अगुवा आदि सबै जात व्यवस्थाको विरोधमा वा विपक्षमा नै देखिन्छन् । त्यति मात्रै किन, ब्राह्मण धर्मका यथेष्ट आधारलाई एकै छिन् बिर्सिएर महाविद्वान्का झुटलाई नै सही मान्दा, धार्मिक गुरु, पण्डित, पुरोहित, ब्राह्मणहरू छुवाछुत प्रथाको विरोध र विपक्षमा देखिन्छन् । के यी सारा मानिस मूर्ख हुन् ? या जातीय विभेद तथा छुवाछुत प्रथालाई मानवताविरोधी कलंक, असभ्यता र कानुनतः दण्डनीय अपराध घोषित गरी व्यवहारमा त्याग्न नसक्ने धोकेबाज, बेसरम र स्वार्थी हुन् ?

यस्तो कसैलाई मन नपरेको, धेरैले न्यायसंगत छैन भनी बुझेका मात्रै होइन, मुलुकको संविधान, कानुनद्वारा दण्डनीय अपराध घोषित जातीय विभेद तथा छुवाछुत प्रथा टिकेको, बाँचेको चाहिँ कसरी होला ? यसका विरुद्ध बहुमत, बहुसंख्यक मानिस लागिपरेको अवस्थामा यो मानवीय कलंक उहिल्यै लोप भइसक्नुपर्ने होइन र ? तर विडम्बना, जात व्यवस्था र छुवाछुत प्रथा अद्यापि दीर्घजीवी र ताकतवर हैसियतमा उपस्थित र जीवित छ । यस्तो अवस्था किन छ ? आखिर जात व्यवस्था र छुवाछुत प्रथा बचाइराख्ने, जोगाउने र संवर्द्धन गर्ने को हो ? यी सवाल निःसन्देह नै महत्त्वपूर्ण छन् ।

जात व्यवस्था के हो ?

भर्खरै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि प्रायः सबै राजनीतिक दलले प्रतिज्ञापत्र वा घोषणापत्र सार्वजनिक गरे । जसमध्ये नेपाली कम्युनिस्ट पार्टीले अन्तर्जातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन गर्ने विषय समेटेको थियो, छ । हुन त ०६६/६७ साल ताका एमाले नेता सुरेन्द्र पाण्डे अर्थमन्त्री भएका बखत अन्तर्जातीय विवाहलाई प्रोत्साहन गर्न बजेट नै छुट्याएका थिए । तथापि, यसपटक नेकपाले यससम्बन्धी व्यवस्था घोषणापत्रमा गरेपछि एकजना आदिवासी जनजाति समुदायका जानेमाने समाजशास्त्री तथा अभियन्ताले उक्त प्रावधानप्रति सामाजिक मिडियामा नकारात्मक टिप्पणी गरे । उनको बुझाइअनुसार अन्तर्जातीय विवाहलाई घोषणापत्र वा राजनीतिक अजेन्डा बनाएर नै प्रोत्साहित गर्नु उपयुक्त छैन, वा यो आवश्यक विषय नै होइन । अनि जात व्यवस्थाको अन्त्य कसरी सम्भव होला त ? यस सम्बन्धमा लेख्न पंक्तिकारलाई उत्प्रेरित गऱ्यो । अतः यो आलेख उनै विद्वान्को टिप्पणीप्रति समर्पित गर्नु उपयुक्त हुने ठान्दछु ।

मानिस जातपात किन मान्छन् ? यस प्रश्नको जवाफ दिँदै अम्बेडकर भन्छन्, 'हिन्दु समुदाय जातपात यसकारण मान्दछन्, किनकि उनीहरू धार्मिक व्यक्ति हुन् । जो जात व्यवस्था मान्छन्, उनीहरू गलत होइनन्, बरु उनीहरूको धर्म, उनका धर्मग्रन्थ, शास्त्र गलत छन्, जसले उनका दिमागमा जातिवादले भरिदिएका छन् । जबसम्म धर्मग्रन्थ (शास्त्र)लाई प्रामाणिक, अभ्रान्त तथा ईश्वरद्वारा रचित वा प्रेषित भएका पवित्र छन् भन्ने भ्रमबाट मुक्त गरिँदैन, ती ग्रन्थप्रति मानिसका श्रद्धा समाप्त हुँदैन । जब ती नियमप्रति मानिसका आचरण आधारित छ, तबसम्म उनीहरूका आचरण बदलिँदैन ।'

प्राचीनकालमा आफ्नो कथित जातीय उच्चता तथा रक्त शुद्धता कायम राख्न ब्राह्मणहरूले स्वजातीय विवाहको कठोर नियम लागू गरे, जो अझै निरन्तर छ । ब्राह्मणहरू पनि पाँच भागमा विभक्त छन् । जस्तै- सारस्वत, कान्याकुब्ज, गौड, मैथिल र उत्काल । उपाध्याय ब्राह्मण आफूलाई सबैभन्दा उच्च ठान्छन् । मनुस्मृतिमा भनिएको छ,

एक देशे तु वेदस्य वेदान्यापि धा पुनः ।
योद्रध्यापयति वृत्यर्थमुपाध्यायः स उच्यते ।।
–(मनुस्मृति २/१४१)

अर्थात्, मनुस्मृतिका अनुसार वृत्तिका लागि जसले वेदको कुनै अंश वा वेदाङ्ग पढाउँछ, त्यो उपाध्याय कहलाउँछ । यस हिसाबले उपाध्याय वा जैसीबिच भेद छुट्याउने ठोस आधार भेटिँदैन । किनकि, भेद पढ्ने वा वेदाङ्गको अधिकार ब्राह्मणबाहेक क्षेत्री (दुई वर्ण) सम्मलाई मात्रै थियो ।

उपाध्याय ब्राह्मणमा कुनै सजातीय स्त्रीको जारी विवाह, पुनर्विवाह वा विधवा विवाह स्वीकृत छैन, बरु कडा रूपमा वर्जित छ । त्यस्तो भयो भने त्यसबाट जन्मेको बालक उपाध्याय नभएर जैसी हुन जान्छ । तर, जैसी समाजमा त्यस्तो भएमा त्यसको जातक जैसी नै हुन्छ । अर्थात्, जैसी समाजमा सजातीय स्त्रीसँग जारी विवाह वा विधवा विवाह पनि स्वीकृत छ । अथर्ववेदका अनुसार ब्राह्मण पत्नीहरू पनि क्षत्रीय अर्थात् राजाबाट सुरक्षित थिएनन् । यति हुँदाहुँदै पनि वर्ण व्यवस्थाको मर्यादामा कुनै पनि कमी आएन ।

मनुका अनुसार वर्जित (अन्तर्जातीय) विवाह वा सगोत्री विवाह गर्नाले र वर्ण व्यवस्था उल्लंघन गर्नाले वर्णशंकरको उत्पत्ति हुन्छ । महाभारत अनुशासन पर्वअनुसार धन, लोभ, काम र वर्ण कर्तव्यको अज्ञानतावश पनि वर्णशंकर उत्पन्न हुने कुरा उल्लेख छ । गीताका अनुसार स्त्री जाति व्यभिचारिणी भएपछि पनि वर्णशंकर हुन्छ । महाभारतको वनपर्वमा युधिष्ठिरले वर्णशंकरत्वलाई कडा शब्दमा निन्दा गरेका छन् ।


चातुर्वर्ण्य (ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र) का वर्ण (रंग) अनुसारका तिलक, प्रतीक र वासस्थानको व्यवस्था गर्ने प्राचीन व्यवस्था सुरु भएको थियो । नाट्यशास्त्रको प्रमाण भन्छ-

प्रथमे ब्राह्मणस्तम्भे, सर्वशुक्लो विधिः ५१
ततश्च क्षत्रियस्तम्भे, सर्व रक्तम, ५२
वैश्यस्तम्भे विधिः दिग्भागे पश्चिमोत्तरे, सर्वपीतम्, ५३
शूद्रस्तम्भे विधिः पूर्वोत्तराश्रये, नीलप्रायम् ५४
(नाट्यशास्त्रम्, अ. २)

अर्थात्, पहिले ब्राह्मणका लागि स्तम्भ बनाइयोस्, जो सफेद (सेतो) रङको हुन्छ, फेरि क्षत्रीय वर्णका लागि लाल (रातो) रङको स्तम्भ बनाइयोस् । तत्पश्चात् पश्चिमोत्तर दिशामा वैश्यका लागि पहेंलो रङको तथा पूर्वोत्तर दिशामा शूद्रका लागि निलो रङका स्तम्भ बनाइयोस् । यसरी यी विभिन्न रङ (वर्ण) का स्तम्भ विभिन्न वर्णका मानिस बस्नका लागि नाट्यशालामा खडा रहन्थे । यही थियो, वर्ण व्यवस्था, जसमा चारै वर्णका लागि भिन्नभिन्न वर्ण (रङ) निश्चित थियो ।

जात व्यवस्थाको अन्त्य

जात व्यवस्था अन्त्यका लागि सांस्कृतिक क्रान्ति अनिवार्य छ । बरु वर्गसंघर्ष वा वर्गसंघर्षद्वारा ल्याइने समाजवादी व्यवस्थासँग जात व्यवस्था अन्त्यको कुनै सम्बन्ध छैन । हाम्रै आवश्यकता अधिसंरचना (सुपर स्ट्रक्चर) जसमा धर्म, धर्म विधि, रीतिरिवाज, परम्परा,



जात व्यवस्था नष्ट गर्नु आवश्यक छ, तर सहज छैन । यससँग सम्बन्धित व्यवस्था कसैको आस्था, विश्वास र धर्म हो भन्दैमा प्रश्न उठाउनबाट वर्जित गर्नुहुँदैन । यसका लागि चरणबद्ध सामाजिक, राजनीतिक र आर्थिक आन्दोलन र संघर्ष तयार गर्नु आवश्यक छ ।

मिथक, अन्धविश्वास तथा न्याय आदि पर्छन् र त्यसलाई बदल्नु हो । जो मार्क्स-लेनिन-माओवादीले भन्ने गरेको समाजवादी आर्थिक उत्पादन-प्रणालीसँग सम्बन्धित कैयौं क्रान्तिका बाबजुद जस्ताको त्यस्तै चल्दै आइरहेका छन् । अधिसंरचना (सुपर स्ट्रक्चर) भन्नाले मार्क्सवादी समाजशास्त्रमा आर्थिक आधार (उत्पादनका साधन र सम्बन्ध) माथि बनेको समाजको सांस्कृतिक, राजनीतिक र वैचारिक व्यवस्था हो । जसमा धर्म, कानुन, दर्शन, साहित्य, राजनीति र राज्यव्यवस्था आदि पर्छन् । जसले आर्थिक आधारलाई कायम राख्न वा परिवर्तन गर्न भूमिका खेल्छन् । जात व्यवस्था आर्थिक उत्पादन प्रणालीसँग कहिल्यै सम्बन्धित थिएन र छैन । यदि हुँदो हो त, गुलामी युगका विरुद्ध गरिएको क्रान्ति, सामन्तवादी युगको विरुद्ध उठेका क्रान्तिले समाप्त गर्नुपर्थ्यो । तथापि, यस्तो भएन । कारण हो, आर्थिक उत्पादन प्रणालीसँग जात व्यवस्थाको कुनै वास्ता र सम्बन्ध छैन ।

केही व्यक्ति पुँजीवादविरुद्ध गरिने वर्गसंघर्षद्वारा स्थापित हुने क्रान्तिको परिणामस्वरूप मात्रै जात व्यवस्था नष्ट हुन्छ भन्ने भ्रममा विश्वास गर्छन् । त्यसका सम्भवतः मुख्य तीन कारण हुन सक्छन्, एक- मार्क्सवादलाई ठिक ढंगले बुझ्न नसक्नु । दुई- जानेर बुझेर पनि मानिसलाई भ्रममा पार्न झुट बोल्नु र तीन-आफ्ना समर्थक वा अनुयायीको भिड बढाउन शब्दजाल देखाइरहनु आदि ।

यो सत्यलाई पुष्टि गर्ने एंगेल्सका ऐतिहासिक पत्रको सारसंक्षेप यहाँ प्रस्तुत छ । सन् १८८३ मा कार्लमार्क्सको मृत्युपश्चात् उनका सहकर्मी एंगेल्सले सन् १८९० मे २१ मा जोसेफ ब्लखलाई एक पत्र लेखेका थिए । उक्त पत्रमा एंगेल्स भन्छन्, 'इतिहासको भौतिकवादी धारणाअनुसार इतिहासमा अन्तिम निर्णायक कारक हो, उत्पादन तथा असली जीवनका पुनरुत्पादन । यसभन्दा बढी कुनै कुरा न मार्क्सले बताए, न मैले । यदि कसैले यसलाई भ्रमित गरेर आर्थिक कारक नै एक मात्रै निर्णायक कारक हो भन्छ भने सम्झनुस्, ऊ हाम्रै कथनलाई निरर्थक, उडन्ते एवं वाहियात बनाएर पेस गर्दै छ ।' हरेक कुरा वर्गसंघर्ष तथा अर्थव्यवस्थासँग जोड्ने प्रवृत्ति दोषपूर्ण मान्दै यसका लागि खुद एंगेल्स आफैं र मार्क्सलाई दोषी स्वीकार गर्छन् । त्यस्तो हुनाका कारण यसरी बताउँछन्, 'यस तथ्यका लागि म र मार्क्स अंशतः दोषी छौं कि युवा जमात कहिलेकाहीं आर्थिक पक्षमा जरुरतभन्दा ज्यादा जोर दिने गर्छन् । हामीले आफ्नो मूल सिद्धान्त (आर्थिक पक्ष) माथि हाम्रा ती विरोधीमाथि ध्यानमा राखेर जोड दिनुपऱ्यो, जो यो मूल सिद्धान्तलाई निषेध गर्दै थिए । हामीसँग सधैं पर्याप्त समय, उपयुक्त स्थान तथा पर्याप्त अवसर पनि हुँदैनथ्यो । उक्त अभावका कारण हामीले ती अन्य तत्त्वको जरुरत हुँदाहुँदै थप व्याख्या गर्न सकेनौं ।'

एंगेल्सको यस पत्रले सिद्ध गर्छ कि वर्गसंघर्ष तथा अर्थव्यवस्थाका दृष्टिबाट मात्रै बहुत सारा चिजको व्याख्या गर्न सकिँदैन । पहिलो, अधिसंरचना (सुपर स्ट्रक्चर) मा सारा चिज सामेल छन्, जो अर्थव्यवस्था, वर्गसंघर्ष समान नै महत्त्वपूर्ण छन् । दोस्रो, हरेक कुरामा वर्गसंघर्ष तथा अर्थव्यवस्था घुसाइदिनु मार्क्सवादको दोषपूर्ण बुझाइको सूचक हुन् । यो भिडभाडपना हो र यो आज मात्रै होइन, मार्क्स-एंगेल्सका युगमा समेत थियो । (जातिः बुद्ध व आंबेडकर जरुरी, मार्क्स फलतू, लेखक, सुरेन्द्रकुमार अज्ञात)

१८५३ अगस्ट ८ गते न्युयोर्क ट्रिबुनमा मार्क्सद्वारा लेखिएको एक लेख छापिएको थियो । 'फ्युचर रिजल्ट अफ ब्रिटिस रुल इन इन्डिया' शीर्षकमा प्रकाशित उक्त लेखमा मार्क्सले जात व्यवस्था सम्बन्धमा लेखेका छन्, 'रेलवे व्यवस्थाका कारण पैदा भएको आधुनिक उद्योगधन्धाले त्यो पैत्रिक/आनुवंशिक श्रम विभाजनलाई खत्तम गरिदिनेछ, जसको आधारमा भारतीय जातिप्रथा खडा छ । जो भारतको उन्नति तथा उसको शक्तिको राहको ठुलो रोकावट हो ।' विडम्बना, मार्क्सको त्यो कल्पनाविपरीत जात व्यवस्था आजपर्यन्त ज्युँकात्युँ छ ।

अन्तरजातीय विवाह (इन्टर-म्यारिएज) को माध्यमद्वारा जात व्यवस्था नष्ट हुन्छ । हिन्दु मान्यताअनुसार 'आफ्नो गोत्रको बाहिर तर आफ्नो समूहभित्र' विवाह गर्ने नियम वा परम्परा जो छ । जसका आधारमा जात व्यवस्था टिकिरहेको छ । यसको सट्टा समूहको पनि बाहिर विवाह सुरु हुन्छ, अर्थात् एक निश्चित वा सीमित समूहभित्र मात्रै विवाह सीमित रहँदैन, तब जातको भाइरस आफैं समाप्त हुनेछ । बाबासाहेब डा. भीमराव अम्बेडकर भन्छन्, 'म यो मान्दछु कि जात व्यवस्थाको वास्तविक समाधान अन्तर्जातीय विवाह हो । रक्त मिश्रणद्वारा मात्रै मानिस एक-आपसमा निकटताको भावना पैदा गर्न सक्छन् । जबसम्म एक-आपसमा नातेदार हुने, परस्पर सम्बन्धित हुनेका भावना दृढ हुँदैन, तबसम्म जात व्यवस्थाद्वारा पैदा गरिएको अलगाव (पृथक्) भावना र एक दोस्रोप्रति अपरिचित र अनजान हुने भावना समाप्त हुन सक्दैन ।'

हिन्दु समाजका लागि अन्तर्जातीय विवाह बहुत जरुरी छ । यो सामाजिक जीवनमा एकता उत्पादन गर्ने महत्त्वपूर्ण शक्ति हो । गैरहिन्दु समाज, जहाँ सामाजिक एकता र समानता पहिल्यैदेखि मौजुद छ, त्यहाँका लागि विवाह जीवनको एक सामान्य घटना मात्रै मानिन्छ । तथापि, जहाँ समाज विघटित छ, उहाँ विवाह एक बाँध्नेवाला शक्ति (विवाह बन्धन), एकता उत्पादन गर्ने शक्तिका रूपमा अनिवार्य आवश्यकता बन्न पुग्छ । यसर्थ, जात व्यवस्था नष्ट गर्न अन्तर्जातीय विवाह एक वास्तविक इलाज हो, यसका अलवा कुनै उपाय (मार्ग) द्वारा जात व्यवस्था उन्मूलन (नष्ट) गर्न सकिँदैन । (डा. अम्बेडकर : लेख तथा प्रवचन, भो.-१, पि.६७)

सन् १९४५ मा डा. भीमराव अम्बेडकरले एक पुस्तक लेखे, जो विश्वविख्यात बन्यो, 'हु वयर द शूद्राज ?' उक्त पुस्तकमा बयान गरिएअनुसार पहिले समाज त्रैवर्णिक (तीन वर्ण भएको) थियो । जस्तै(ब्राह्मण पुरोहित, क्षत्रीय (क्षेत्र-खेतका पालक) तथा आममानिस अर्थात् वैश्य । जब एक दिन शूद्र नामक क्षत्रीय कबिलाका मुखिया थिए, उनले कुनै विवादका कारण ब्राह्मण, पुरोहितको अपमान र पिटाइ गरिदिए । उक्त समयमा ठुलो द्वन्द्व र आतंक नै फैलिएको थियो । जसका कारण शूद्र गणका मानिसमाथि ब्राह्मणहरूले धार्मिकलगायत सबै खालका बहिष्कार लागू गरिदिए । उनको यज्ञ, जन्म-मृत्यु संस्कार आदि कर्म गर्न र उनीहरूलाई अन्य शुभकार्यमा उपस्थिति गराउन बन्द गराइयो । आफूहरूसमेत ब्राह्मण, पुरोहितको बहिष्कारमा परिने डरले गैरब्राह्मण वा अन्य समुदाय वा अन्य समाजका व्यक्तिले समेत शूद्र गणमाथि बहिष्कार गर्न थाले । अनि समाजमा चौथो वर्णको जन्म हुन पुग्यो, 'शूद्र' । शूद्रमाथि विभेद लादियो । उनीहरू क्षत्रीय वर्णकै भए पनि उनीहरू बहिष्करणमा पारिए । कुनै कामधन्धा, रोजगार, घरबार, इज्जत प्रतिष्ठाविहीन बनाइए ।

यसैबिच बुद्ध धम्मको उदय भयो, जसको उद्देश्य नै समानता थियो । त्यसको मुख्य राहत बहिष्कृत समाज शूद्रलाई हुन गयो । किनकि, बुद्ध जातीय विभेदबाट मुक्त थिए । ठुलो संख्यामा उनीहरू बुद्ध धर्ममा प्रवेश गरे । सोही समय विशेषतः दुई कारणले शूद्रलाई अस्पृश्य (अछुत) जाति घोषणा गरियो ।

बौद्धान् पाशुपतांश्चैव लोकायतिकनास्तिकान् ।
विकर्मस्थान् द्विजान् स्पृष्ट्वा सचैलो जलमाविशेत ।।
(याज्ञवल्क्यस्मृति ३/, अपरार्क, पृष्ठ ९२३, स्मृतिचन्द्रका)


अर्थात्, यसप्रकारले यहाँ गोमांस (गाईको मासु) भक्षण गरेका कारण यी निषाद्लाई अस्पृश्य (अछुत) घोषित गरिएको छ । र, दोस्रो ग्रन्थमा यिनले बुद्धधर्म अपनाएका कारण यी सबैलाई अछुत बनाइएको छ । यसरी बुद्धकाल तथा मनुस्मृतिकालसम्म शूद्रलाई विभेद गरिने भए पनि अछुत करार गरिएको थिएन । पहिलो, गाईको मासु खान नछाडेका कारण तथा दोस्रो बुद्ध धर्म अपनाएका कारण केही शूद्र गणलाई अछुत घोषित गरिएको प्रमाण शास्त्रहरूमा प्रशस्तै भटिन्छन् ।

अशोकवदान नामक ग्रन्थका अनुसार पुष्यमित्र शुंग (इ.पू. १८५-इ.पू. १४९) ले बौद्ध भिक्षुको हत्या गर्ने र बुद्धविहारलाई जलाउँदै स्यालकोटसम्म पुग्यो । त्यहाँ पुगेर उसले घोषणा गऱ्यो- जसले एक श्रमण (बुद्धका अनुयायी, बौद्ध भिक्षु) को टाउको काटेर मलाई दिन आउँछ, उसलाई म १०० दिवार दिनेछु ।

जात व्यवस्था अन्त्य गर्नु सबैका लागि जरुरी र मानव कल्याणमा हितकर छ । जात व्यवस्था नष्ट गर्नु आवश्यक छ, तर सहज छैन । यससँग सम्बन्धित व्यवस्था कसैको आस्था, विश्वास र धर्म हो भन्दैमा प्रश्न उठाउनबाट वर्जित गर्नुहुँदैन । यसका लागि चरणबद्ध सामाजिक, राजनीतिक र आर्थिक आन्दोलन र संघर्षको तयार गर्नु आवश्यक छ ।

इजरायल-इरान युद्धमा हतियारका रूपमा एआई

युद्ध



● डेनियल एस्ट्रिन



इजरायल-इरान युद्ध 'डिजिटल-भौतिक युद्धभूमि'मा लडिएको छ, जसमा परम्परागत छलनीति र अत्याधुनिक एआई प्रविधि पनि हतियारका रूपमा प्रयोग भइरहेको छ

इरानमाथि आक्रमणअघिको रात इजरायली जनरलहरूले आफूले चढ्ने गरेको कार तेल अभिभको सैन्य मुख्यालयको पार्किङस्थलहरूमा नभई घरमै राखेका थिए । रातको समय मुख्यालयमा थुप्रै गाडी देख्दा इरानका लागि निगरानी गर्नेहरूले कुनै तयारी हुँदै गरेको ठान्ने र युद्ध नजिकिँदै गरेको संकेत मान्न सक्थे । त्यस्तै, युद्धअघिका केही दिन अमेरिकी युद्धविमानहरू इरानलाई झुक्याउनका खातिर दक्षिणी इजरायलमा जानाजानी पार्क गरेर राखिको थियो । इरानले चिनियाँ भूउपग्रहमार्फत इजरायलमाथि नजिकबाट नजर राखेको अनुमानमा भ्रम छर्न यस्तो गरिएको थियो । इजरायलले युद्धका लागि प्रयोग गरेका लडाकु विमानसमेत पूर्णतः अनपेक्षित क्षेत्र अर्थात् उत्तरी इजरायलको रमत डेभिड बेसबाट उडाएको थियो ।

इजरायली सेनाको अपरेसन निर्देशनालयका एक वरिष्ठ रक्षा अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा एनपिआरसँगको कुराकानीमा इजरायल र अमेरिकाले इरानविरुद्ध युद्ध सुरु गर्दा यीलगायत धेरै छलनीति अपनाएको पुष्टि गरे । 'यस्ता चालको उद्देश्य प्रतिद्वन्द्वी पक्षलाई छिट्टै कुनै कदम चालिँदै छ भन्ने भनकसमेत नपरोस् भन्ने हुन्छ,' केही अघिसम्म इजरायली सेनाका लागि मनोवैज्ञानिक प्रभाव युद्धको नेतृत्व गर्ने कर्नल डोरोन हदारले भने । अधिकारीहरू र विश्लेषकका अनुसार इरान युद्ध 'डिजिटल-भौतिक युद्धभूमि'मा लडिएको छ, जसमा परम्परागत छलनीति र अत्याधुनिक एआई प्रविधि पनि हतियारका रूपमा प्रयोग भइरहेको छ ।

इरानविरुद्ध साइबर अपरेसन

इरानी भूमिमा अमेरिकी बम बर्सिनुअघि नै अमेरिकाको सेनाले त्यहाँ साइबर आक्रमण गरेको थियो । 'एकदम सटिक रूपमा अन्तरिक्ष र साइबर अपरेसन एकसाथ चलाएर निसाना क्षेत्रको सञ्चार र सेन्सर सञ्जाल पूरै अवरुद्ध गरिएको थियो । परिणामस्वरूप प्रतिद्वन्द्वीको अवलोकन गर्ने, समन्वय गर्ने र जवाफ फर्काउने क्षमता प्रभावकारी रूपमा कमजोर बन्यो,' अमेरिकी सेनाको 'जोइन्ट चिफ अफ स्टाफ' प्रमुख जनरल डेन केनेले आक्रमणबारे पत्रकारसँग बोल्ने क्रममा भने ।

उता इरानी सर्वोच्च नेता अयातुल्लाह अली खामेनीलाई निसाना बनाउन पठाइएका इजरायली युद्धक विमानले इरानको राजधानीका सडकमा ट्राफिक प्रयोजनका लागि राखिएको क्यामेरा ह्याक गरेर उनको अवस्थिति पत्ता लगाएको इजरायली रक्षा मन्त्रालयका एक वरिष्ठ अधिकारीले भने । 'फाइनान्सियल टाइम्स'ले लेखेको एक समाचार अनुसार इजरायलले निसाना यकिन गर्न ट्राफिक क्यामेराले खिचेका भिडियो फुटेजहरू र अर्बौं डेटा पोइन्स मिलाएर हेरेको थियो । 'यस युद्धमा इजरायलले निसाना सटिक बनाउन धेरै अत्याधुनिक प्रकारको डेटा प्रशोधन वा ठुलो डेटा फ्युजन प्रविधि प्रयोग गऱ्यो । सामान्य मानिसले बुझ्ने भाषामा यो युद्धमा एआईको प्रयोग भएको हो,' इजरायली अखबार 'हारेट्ज'का साइबर-सुरक्षा रिपोर्टर ओमर बेन्जाकोबले भने ।

सैन्य प्रयोगका लागि आफ्नै स्वतन्त्र एआई प्रणाली विकास गर्ने सन्दर्भमा इजरायल अमेरिकाभन्दा धेरै अगाडि रहेको बेन्जाकोबको ठम्याइ छ । अहिले नै एन्थ्रोपिक' कम्पनीले विकास गरेको एआई मोडेल 'क्लाउड'को सैन्य प्रयोग गर्न दिने सन्दर्भमा ट्रम्प प्रशासन र कम्पनीबिच विवाद चलिरहेको छ । 'यो प्रविधि विकासमा केही स्तरमा सेना आफैं सक्षम हुनुपर्छ भन्ने धारण यहाँ छ,' बेन्जाकोबले इजरायलको सेनातर्फ औंल्याउँदै भने, 'कुनै दिन इजरायली सेनाले पनि क्लाउड प्रयोग गरेको पत्ता लाग्यो भने सान फ्रान्सिस्कोमा विरोध हुनेछ । त्यसपछि तिनले क्लाउड प्रयोग रोक्नेछन् । त्यस्तो अवस्थाको पहिले अनुमान गरेर इजरायलले क्लाउडको आफ्नै संस्करण विकासमा जोड दिएको हुन सक्छ,' उनले भने ।

साइबर-युद्धमा पछि छैन इरान पनि

उता साइबर युद्धमा इरान पनि सक्रिय नै छ । पछिल्ला केही वर्षयता 'टेलिग्राम' मेसेजिङ एपमार्फत इरानले दर्जनौं इजरायली नागरिकहरूलाई गुप्तचर कार्यमा जोडेको तथ्यांक इजरायलसँग छ । उनीहरूलाई इजरायली समाजमा जातीय कलह भड्काउन, सार्वजनिक सम्पत्तिमा आगजनी गर्न वा सरकारविरोधी भित्तेचित्र लेख्न पैसा दिइएको पाइएको इजरायली अधिकारी बताउँछन् । बेन्जाकोब आफू र आफ्नी श्रीमतीलाई धम्की दिने इजरायलीहरू पनि सम्भवतः इरानले भर्ती गरेको मानिस रहेको विश्वास गर्छन् । विशेषतः धम्की दिन प्रयोग भएका सामाजिक सञ्जाल एकाउन्ट प्रायः फेक हुनुले पनि उनको आशंकालाई बल दिएको छ ।

'मेरी श्रीमतीले काम गर्ने ठाउँमा कसैले यहुदीहरूले मृत्युपछि बाल्ने मैनबत्तीको प्याकेज पठायो र त्यही समय मेरो ह्वाट्सएपमा बेनामे व्यक्तिले मैले जे गरिरहेको छु त्यो काम नछाडे मेरी श्रीमतीले ती मैनबत्ती प्रयोग गर्नुपर्ने अवस्था आउने धम्की आयो । यो एकप्रकारले डिजिटल मनोवैज्ञानिक आक्रमण हो,' बेन्जोकोबले भने ।

हाल 'हालकियोन च्यान्समवेयर रिसर्च सेन्टर'मा कार्यरत एफबिआईकी पूर्वसाइबर विभाग उपनिर्देशक सिन्थिया कैसर इरानले अमेरिकासँग बदला लिन विगतमा जस्तै अमेरिकी अस्पतालको प्रणालीलाई लक्षित गरेर साइबर आक्रमण गर्न सक्ने चेतावनी दिन्छिन् । उनले विदेशमा रहेका इरानीहरूको सूचना संकलन गर्न इरानी-प्रायोजित अभियान चलेको पनि बताइन् । 'हामीले यस्ता केही गतिविधि देखेका छौं जुन यस भेगका मानिसको सूचना संकलन हुने संस्थामाथि जासुसी भएजस्तो देखिन्छ । हाम्रो मूल्यांकनले यो सम्भवतः वर्तमान शासनप्रति असन्तुष्ट मानिसप्रति लक्षितजस्तो देखाउँछ,' कैसरले भनिन् ।

इरानमा इजरायली ह्याकिङ र ट्रोलिङ

उसो त इजरायलले प्रतिद्वन्द्वीविरुद्ध मनोवैज्ञानिक साइबरयुद्ध सञ्चालन गर्ने गरेको लामो इतिहास छ । उसले युद्धको सुरुमा इरानमा लोकप्रिय रहेको मुस्लिमको प्रार्थनासम्बन्धी एक 'एप' ह्याक गरेको थियो । ह्याक गरेर सो एपमा इरानी सैनिकहरूलाई वर्तमान शासनविरुद्ध लाग्न प्रेरित गर्ने सन्देश पठाइएको एक वरिष्ठ इजरायली अधिकारीले बताए । अमेरिकी पत्रिका 'वाल स्ट्रिट जर्नल'ले पहिलोपटक यो ह्याकिङसम्बन्धी समाचार लेखेको थियो । गत वर्ष, इजरायलले तेहरानमा रहेको इरानको कुख्यात 'इभिन जेल'मा बमबारी गरेपछि इजरायलले इरानी अधिकारीहरूलाई त्यो बम विस्फोटको भिडियो पठाएको एकजना इजरायली अधिकारीले भने । 'भिडियोसँगै तपाईंहरू आफूले सोचेजस्तो बलियो हुनुहुन्न भन्ने सन्देश पठाइएको थियो,' ती अधिकारीले भने ।

डिजिटल अधिकारवादी समूह 'सिटिजन ल्याब'ले प्रकाशित गरेको एक रिपोर्टमा भने अनुसन्धानकर्ताहरूले त्यतिबेला इजरायलले झुटा ट्विटर खातामार्फत इभिन जेल विस्फोटको एआईनिर्मित फोटो व्यापक फैलाएको पाएका छन् । ती तस्बिरमार्फत इरानीहरूलाई वर्तमान शासकविरुद्ध विद्रोह गर्न प्रेरित गर्ने इजरायलको उद्देश्य रहेको ल्याबको ठम्याइ छ । इजरायली अधिकारीहरूले भने यो आरोप अस्वीकार गरे । 'खासमा इजरायलले विगतमा ठ्याक्कै यस्तै प्रकारको काम गर्ने गरेको रेकर्ड छ,' सिटिजन ल्याबको रिपोर्टको सहलेखक क्लेम्सन विश्वविद्यालयका गलत सूचना अनुसन्धानकर्ता ड्यारेन लिनभिलले भने, 'तिनीहरूले सैन्य अपरेसनसँग मनोवैज्ञानिक अपरेसनलाई एकीकृत गरेर इरानी शासनलाई जसरी पनि ढाल्ने अभियान चलाइरहेका छन् ।'

(विभिन्न अन्तर्राष्ट्रिय मिडियाका लागि एक दशकदेखि मध्यपूर्वबारे रिपोर्टिङ गरिरहेका एस्ट्रिन सन् २०१९ मा 'एडवर्ड आर. मुर्रो' पुरस्कारबाट सम्मानित पत्रकार हुन् । एनपिआरमा प्रकाशित उनको लेखलाई श्रवण उप्रेतीले अनुवाद गरेका हुन् ।)

एक वर्षमा ६१ अर्बको कुखुराको मासु कारोबार, करिब १५ अर्बको अन्डा बिक्री

मनाङ र मुस्ताङमा अझै भएको छैन व्यावसायिक कुखुरापालन

नयाँ पत्रिका

नेपालमा एक वर्षको अवधिमा ६० अर्ब ९६ करोड रुपैयाँभन्दा बढीको कुखुराको मासु कारोबार हुने एक अध्ययनले देखाएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'व्यावसायिक कुखुरापालन सर्वेक्षण २०८१/८२' अनुसार वर्षमा १४ अर्ब ८२ करोडको अन्डा, १० अर्ब २२ करोडको चल्ला र करिब एक अर्ब रुपैयाँबराबरको कुखुराको मल उत्पादन तथा बिक्री हुने गर्छ। नेपालमा कुखुरापालन व्यवसाय उल्लेख्य रूपमा विस्तार भए पनि अझै मनाङ र मुस्ताङमा भने कुखुरापालनसम्बन्धी व्यवसाय सञ्चालनमा नरहेको पाइएको छ। सर्वेक्षणअनुसार देशभर २२ हजार नौ सय २८ फार्म तथा कृषकले कुखुरापालन गरिरहेका छन्। तीमध्ये अधिकांश अर्थात् ९२ प्रतिशत किसान मासु उत्पादनमै केन्द्रित छन्। अन्डा उत्पादन गर्ने ७.४ प्रतिशत र चल्ला उत्पादन गर्ने किसानको संख्या अत्यन्तै न्यून ०.५ प्रतिशत मात्रै छ।

सर्वेक्षणका लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका अवधि लिइएको छ। सन्दर्भ वर्ष भन्नाले १६ पुस ०८० देखि १५ पुस ०८१ सम्मको अवधिलाई मानिएको छ। त्यस्तै, सन्दर्भ दिन भन्नाले गणना भएको दिनलाई मानिएको कार्यालयले जनाएको छ। व्यवसाय गरेको चालू तथा पुँजीगत खर्च, अस्थायी कामदार संख्या, मासु तथा अन्डा उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भ अवधि १२ महिनालाई मानिएको छ भने स्थायी कामदारको संख्या, फार्ममा रहेका कुखुरा संख्या, कृषि ऋण, व्यावसायिक भवनको प्रयोग आदिलाई लिँदा गणना दिनलाई सन्दर्भ अवधि मानिएको छ।

यो क्षेत्रमा करिब ६३ हजार आठ सयभन्दा बढी कृषक संलग्न छन्, जसमा पुरुषको संख्या केही बढी भए पनि महिलाको सहभागिता पनि उल्लेख्य देखिन्छ। अधिकांश फार्म व्यक्तिगत स्वामित्वमा सञ्चालन भइरहेका छन् भने ६३.७ प्रतिशत मात्रै सरकारी निकायमा दर्ता भएका छन्।

व्यवसाय सञ्चालनको हिसाबले पाँचदेखि १४ वर्ष पुराना फार्महरू सबैभन्दा धेरै छन्। साथै, ३५ देखि ४४ वर्ष उमेर समूहका व्यक्तिहरू यस क्षेत्रमा सबैभन्दा बढी सक्रिय देखिएका छन्। शैक्षिक हिसाबले हेर्दा आधाभन्दा बढी व्यवसायीले माध्यमिक तहसम्मको शिक्षा हासिल गरेका छन्।

कृषकहरूले पालन गरेको कुखुराको संख्या अहिले नेपालमा तीन करोड ३४ लाखभन्दा बढी रहेको पाइएको छ। जसमा ब्रोइलर कुखुराको हिस्सा सबैभन्दा ठुलो छ। तर, रोग तथा अन्य कारणले आधाभन्दा बढी फार्ममा क्षति पुगेको तथ्यांकले देखाएको छ।



तथ्यांकमा कुखुरापालन व्यवसाय

- **एक वर्षमा ६० अर्ब ९६ करोड रुपैयाँभन्दा बढीको कुखुराको मासु कारोबार**
- **एक वर्षमा १४ अर्ब ८२ करोडको अन्डा बिक्री**
- **१० अर्ब २२ करोडको चल्ला र एक अर्बको कुखुराको मल उत्पादन तथा बिक्री**
- **देशभर २२ हजार नौ सय २८ फार्म, ९२ प्रतिशत किसान मासु उत्पादनमै केन्द्रित छन्**
- **अन्डा उत्पादन गर्ने ७.४ प्रतिशत र चल्ला उत्पादन गर्ने ०.५ प्रतिशत किसान**
- **६३ हजार ८ सयभन्दा बढी कृषक संलग्न छन्, जसमा पुरुषको संख्या बढी**
- **नेपालमा अहिले कुखुराको संख्या तीन करोड ३४ लाखभन्दा बढी**
- **एक वर्षमा कुखुरापालनमा करिब ७९ अर्ब खर्च, व्यवसायीको स्थायी सम्पत्ति ६१ अर्बभन्दा बढी**
- **बिमा गर्ने फार्म ४ प्रतिशत मात्रै, पछिल्लो तीन वर्षमा ५.६ प्रतिशतले मात्र पाए सरकारी अनुदान**
- **१० वर्षमा कुखुरा फार्मको संख्यामा समग्रमा ४.४ प्रतिशतले मात्रै वृद्धि**
- **सुदूरपश्चिममा कुखुरा फार्मको संख्यामा सबैभन्दा बढी ६१.८ प्रतिशतको वृद्धि**
- **बागमतीमा नेपालको कुल कुखुरा फार्मको सबैभन्दा ठुलो हिस्सा ३४.४ प्रतिशत**

प्रदेशअनुसार व्यावसायिक कुखुरापालन गर्ने फार्म तथा कृषकको संख्या र प्रतिशत

प्रदेश	०७२ संख्या	०७२ प्रतिशतमा	०८२ संख्या	०८२ प्रतिशतमा	अन्तर संख्यामा	अन्तर प्रतिशतमा
कोशी	३५६१	१६.२	३८९५	१७.०	३३४	९.४
मधेश	२०९६	९.५	२२६८	९.९	१७२	८.२
बागमती	७६३८	३४.८	७८९२	३४.४	२५४	३.३
गण्डकी	२९९३	१३.६	३०७५	१३.४	८२	२.८
लुम्बिनी	३६९१	१६.८	३१६४	१३.८	-५२७	-१४.३
कर्णाली	८६४म	३.९	८३३	३.६८	-३१	-३.६८
सुदूरपश्चिम	१११३८	५.१८	१८०१	७.९	६८८	६१.८
नेपाल (जम्मा)	२१९५६	१००	२२९२८	१००	९७२	४.४

कुखुरापालनमा एक वर्षमा ७९ अर्ब खर्च

आर्थिक पक्ष हेर्दा एक वर्षमा कुखुरापालनमा करिब ७९ अर्ब रुपैयाँ खर्च भएको देखिएको छ। कुखुरापालन व्यवसायमा व्यवसायीको स्थायी सम्पत्ति ६१ अर्बभन्दा बढी पुगेको छ। तर, बिमा र अनुदानमा पहुँच भने निकै कमजोर देखिएको छ। जम्मा चार प्रतिशत फार्मले मात्रै बिमा गरेका छन् भने पछिल्लो तीन वर्षमा ५.६ प्रतिशतले मात्र सरकारी अनुदान पाएका छन्। सर्वेक्षणले सन्दर्भ वर्षमा वार्षिक पाँच सयभन्दा कम कुखुरापालन गरेका वा अन्तिम लटमा दुई सयभन्दा कम कुखुरापालन गरेका फार्म, व्यवसायी तथा कृषकलाई समेटेको छैन। व्यावसायिक रूपमा कुखुरापालन गर्ने कृषक तथा फार्मको विवरण द्वितीय स्रोत (सरकारी निकायहरूसँग भएको सूची, आर्थिक गणना, स्थलगत सूची संकलन आदि) बाट संकलित गरिएको थियो।

१० वर्षमा कति फेरियो कुखुरापालनको अवस्था ?

नेपालमा व्यावसायिक रूपमा कुखुरापालन गर्ने फार्म तथा कृषकको संख्या ०७२ मा २१ हजार नौ सय ५६ थियो। ०८२ मा बढेर २२ हजार नौ सय २८ पुगेको छ। यस १० वर्षको अवधिमा कुखुरा फार्मको संख्यामा समग्रमा ४.४ प्रतिशतले मात्रै वृद्धि भएको छ।

सुदूरपश्चिम प्रदेशमा कुखुरा फार्मको संख्यामा सबैभन्दा उच्च ६१.८ प्रतिशतको वृद्धि देखिएको छ। जसले यस क्षेत्रमा कुखुरापालन व्यवसाय तीव्र गतिमा विस्तार भइरहेको देखिन्छ। उक्त अवधिमा लुम्बिनीमा भने १४.३ प्रतिशतले कुखुरापालन खुम्चिएको छ। कर्णालीमा ३.६ प्रतिशतले कुखुरा फार्मको संख्यामा कमी आएको देखिएको छ। कोशी, मधेश, बागमती र गण्डकी प्रदेशमा सामान्य वृद्धि देखिएको छ। बागमती र गण्डकीमा संख्यात्मक वृद्धि भए पनि कुल हिस्सामा सामान्य कमी आएको देखिएको छ। बागमती प्रदेशमा अझै पनि नेपालको कुल कुखुरा फार्मको सबैभन्दा ठुलो हिस्सा ३४.४ प्रतिशत छ। यद्यपि, दश वर्षको अवधिमा यसको प्रतिशत हिस्सामा सामान्य गिरावट आएको छ।

इरान युद्धका कारण मल आपूर्ति प्रभावित हुने जोखिम तत्काललाई टर्‍यो

दुबईस्थित सन इन्टरनेसनल एफजेडईले युरिया र सिंगापुरस्थित आदित्य बिर्ला ग्लोबल ट्रेडिङले डिएपी मल आयात गर्ने

नयाँ पत्रिका



इरान युद्धका कारण रासायनिक मल आपूर्ति प्रभावित हुने जोखिम तत्काललाई टरेको छ। कृषि सामग्री कम्पनीले शुक्रबार मलको ठेक्का लगाएसँगै मल आपूर्ति सहज हुने देखिएको हो। सरकारी स्वामित्वको कृषि सामग्री कम्पनी लिमिटेडले ३०-३० हजार मेट्रिकटन युरिया र डिएपी मल आपूर्तिका लागि दुई अन्तर्राष्ट्रिय कम्पनी छनोट गरेको छ। यी कम्पनीहरूले आगामी असार, साउन र भदौका लागि आवश्यक मल आपूर्ति गर्नेछन्। युरिया मल आपूर्तिका लागि दुबईस्थित सन इन्टरनेसनल एफजेडई सबैभन्दा कम दर प्रस्ताव गर्ने योग्य कम्पनीका रूपमा छनोट भएको छ। उक्त कम्पनीले प्रतिटन सात सय ४९ अमेरिकी डलर दरमा मल आपूर्ति गर्ने प्रस्ताव गरेको छ। जसअनुसार कुल दुई करोड २४ लाख ७० हजार अमेरिकी डलरमा मल आपूर्ति गर्नेछ। मल वीरगन्ज र विराटनगरसम्म ढुवानी गरेर उपलब्ध गराइने प्रस्तावित टेन्डरमा उल्लेख छ।

त्यस्तै, डिएपी मल आपूर्तिका लागि सिंगापुरस्थित आदित्य बिर्ला ग्लोबल ट्रेडिङ (सिंगापुर) प्रालि छनोट भएको छ। यस कम्पनीले प्रतिटन नौ सय १४ दशमलव ७० अमेरिकी डलर दर प्रस्ताव गरेको थियो। जसअनुसार कुल ठेक्का रकम दुई करोड ७४ लाख ४१ हजार अमेरिकी डलर रहनेछ। डिएपी मल भैरहवा, वीरगन्ज र विराटनगरसम्म ढुवानी गरेर उपलब्ध गराइनेछ।

कम्पनीले यसअघि २२ जनवरी २०२६ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो। प्राप्त प्रस्तावमध्ये प्राविधिक र आर्थिक मूल्यांकनपछि सबैभन्दा कम मूल्य प्रस्ताव गर्ने कम्पनीहरू छनोट गरिएको कृषि सामग्री कम्पनीले जनाएको छ।

चालू आर्थिक वर्ष ०८२/८३ मा सरकारको लक्ष्यअनुसार ६ लाख टन रासायनिक मल आपूर्तिको सुनिश्चित भइसकेको पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार चालू आवको १० फागुनसम्म तीन लाख ९० हजार ६६ टन रासायनिक मल किसानलाई वितरण भइसकेको छ। यो सबै मल आगामी चैते धान, मकै बाली र बर्खे धानको बिउ (ब्याड) राख्न पर्याप्त हुने कम्पनीको भनाइ छ। दुई लाख १० हजार टन मल कृषि सामग्री र ९५ हजार टन मल साल्ट ट्रेडिङमार्फत आपूर्ति हुने उल्लेख छ।



वैदेशिक रोजगारी कल्याणकारी कोष १० करोडको पुच्याइने

काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)ले वैदेशिक रोजगारी कल्याणकारी कोषलाई विस्तार गर्दै १० करोड रुपैयाँबराबरको पुच्याउने भएको छ। हालै सम्पन्न एनआरएनएको १२औँ अधिवेशनबाट निर्वाचित कार्यसमितिको पहिलो बैठकले यस्तो निर्णय गरेको हो।

नवनिर्वाचित अध्यक्ष डा. हेमराज शर्माले कार्यसमितिको पहिलो बैठक बुधबारदेखि सुरु भएको जानकारी गराउँदै बैठकका निर्णयसमेत सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका हुन्। 'वैदेशिक रोजगारी कल्याणकारी कोषलाई विस्तार गर्दै यस कार्यकालमा १० करोड पुच्याउने। यसका लागि आजकै बैठकबाट एक करोड संकलन भइसकेको छ,' उनले सार्वजनिक गरेको निर्णयमा उल्लेख छ, 'सदस्य शुल्कको एक डलरसमेत सोही कोषमा जम्मा गर्ने निर्णय गरिएको छ। यसबाट थप करिब एक करोड रुपैयाँ जम्मा हुनेछ।' एनआरएनएले युद्धका कारण समस्यामा परेका नेपालीको तत्काल उद्धारमा खटिने तथा प्रत्येक एनसिसीमा दोस्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक नियुक्त गर्ने तथा उनीहरूले संघमा तिर्नुपर्ने लेभी निःशुल्क गर्नेसमेत निर्णय गरेको छ। त्यस्तै, कार्यसमिति बैठकले आइसिसीका पदाधिकारीले राजनीतिक दल वा भ्रातृ संगठनका पदबाट राजीनामा दिने, सामाजिक सञ्जालमा राजनीतिक दलका गतिविधि सेयर नगर्ने र व्यक्तिगत गालीगलौज नगर्ने निर्णय गरेका छन्।

■ विश्व बैंकको 'नेपाल फिस्कल ड्यासबोर्ड'

सरकारी आम्दानी र खर्चसम्बन्धी तथ्यांक एकै प्लाटफर्ममा

नयाँ पत्रिका

नेपालको संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारी आय, खर्च र ऋणसम्बन्धी तथ्यांक अब एकै प्लाटफर्ममा हेर्न सकिने भएको छ। यो ड्यासबोर्डमार्फत संघ, प्रदेश र स्थानीय तहका सरकारको बजेट, राजस्व, खर्च, ऋण र वित्तीय सूचकहरू हेर्न, विश्लेषण गर्न र डाउनलोड गर्न सकिन्छ। तीन तहका सरकारको आफ्नै बजेट, राजस्व स्रोत र खर्च हुन्छ। सोही विषयमा केन्द्रित रहेर विश्व बैंक नेपालले शुक्रबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज)समक्ष गरेको एक कार्यक्रममा ड्यासबोर्ड एकीकृत प्रणालीको इन्टरएक्टिभ र प्रयोगकर्तामैत्री रहेको जनाएको छ। प्रयोगकर्ताले आफूलाई चाहिएको वर्ष, तथ्यांक प्रकार विभिन्न फिल्टर प्रयोग गरेर चार्ट परिवर्तन गर्न सकिन्छ। त्यस्तै, डेटालाई जिडिपीको हिस्सा, कुल बजेटको हिस्सा वा प्रतिव्यक्ति आधारमा पनि हेर्न सकिने विश्व बैंक नेपालले जनाएको छ।

ड्यासबोर्डमा सन् २०१८ देखि २०२२ सम्मका डेटा समावेश गरिएका छन्। नयाँ डेटा उपलब्ध हुँदै जाँदा अद्यावधिक गरिने बैंकले जनाएको छ। स्रोतका रूपमा बजेट भाषण, महालेखा नियन्त्रकको कार्यालयले प्रकाशन गर्ने एकीकृत वित्तीय विवरण र नेपाल राष्ट्र बैंकलगायतका सार्वजनिक निकायका तथ्यांक प्रयोग गरिएको छ। कार्यक्रममा नाफिजकी अध्यक्ष मेनुका कार्कीले ड्यासबोर्ड उपयोगी भएको बताएकी छिन्। उनले भनिन्, 'चार्टमै लेबलिङ भए हामीले सिधै प्रयोग गर्न सक्थ्यौं, अहिले डेटा डाउनलोड गरेर फेरि चार्ट बनाउनुपर्छ। यो आर्थिक पत्रकारिताका लागि निकै उपयोगी छ, एकै ठाउँमा डेटा पाइने भएकाले विश्लेषण सजिलो हुन्छ।'

निर्वाचनले घटायो मालपोत राजस्व

नयाँ पत्रिका

भर्खरै सम्पन्न निर्वाचनका कारण फागुनमा घरजग्गा कारोबार सुस्त देखिएको छ। महिनाभर निर्वाचनकेन्द्रित गतिविधि र सार्वजनिक बिदाका कारण देशभर अघिल्लो महिनाको तुलनामा ४२ हजारभन्दा बढी कारोबार संख्या घटेको छ। फागुनमा कुल घरजग्गा कारोबार एक लाख ११ हजार चार सय ९४ पटक भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्याक छ। तर, माघमा यस्तो कारोबार एक लाख ५३ हजार नौ सय २० पटक भएको थियो।

जग्गा किनबेचसँग सम्बन्धित लिखत पारित माघमा ५० हजार आठ सय ३७ रहेकोमा फागुनमा घटेर ३६ हजार चार सय ७१ मा पुगेको छ। नामसारी पाँच हजार पाँच सय ५८ बाट घटेर तीन हजार चार सय ६ पुगेको छ। संशोधन १९ हजार दुई सय ३८ बाट घटेर १२ हजार सात सय ४९ र रोक्का ३५ हजार एक सय ३१ बाट घटेर २८ हजार ६ सय दुई कायम छ। फुकुवा ३२ हजार पाँच सय ३३ बाट घटेर २३ हजार नौ कायम छ। दाखिल खारेज, जग्गा दर्ता, जग्गा बाँडफाँट, प्रतिलिपि लिने कामलगायत अधिकांश सेवामा पनि कमी आएको छ। अपार्टमेन्टको लिखत पारित र गुठीसम्बन्धी सेवा पनि घटेका छन्। निर्वाचनबाहेक सामान्यतया बजारमा कारोबार सुस्त हुनु, बैंक ऋण प्रवाहमा कमी वा आर्थिक गतिविधि कमजोर हुनुजस्ता कारणले यस्तो गिरावट आउने गर्छ।

फागुनमा मालपोत राजस्व ८६ करोड घट्यो

मालपोत कार्यालयमार्फत संकलन हुने राजस्व माघको तुलनामा फागुनमा करिब ८६ करोड घटेको छ। माघमा कुल पाँच अर्ब नौ करोड ९२ लाख राजस्व संकलन भएकोमा फागुनमा घटेर चार अर्ब १४ करोड ९५ लाखमा सीमित भएको छ। रजिस्ट्रेसन दस्तुर माघमा दुई अर्ब ६८ करोडबाट घटेर फागुनमा दुई अर्ब २१ करोडमा झरेको छ। पुँजीगत लाभ कर पनि एक अर्ब ९६ करोडबाट घटेर एक अर्ब ६५ करोडमा सीमित भएको छ। सेवा कर पनि ३१ करोडबाट घटेर २४ करोडमा झरेको छ। यी तीनवटै शीर्षक घरजग्गा किनबेचसँग प्रत्यक्ष जोडिने प्रमुख राजस्व स्रोत हुन्। डोर सुविधा शुल्क, विलम्ब शुल्क र विभिन्न कोषमा जाने रकममा पनि कमी आएको छ।

घरजग्गामा कर्जा प्रवाह पनि घट्यो

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार चालू आर्थिक वर्ष ०८२/८३ को माघमा घरजग्गा कर्जा प्रवाह खस्किएको छ। पुससम्ममा बैंक तथा वित्तीय संस्थाको रियल इस्टेट कर्जा प्रवाह दुई खर्ब ६४ अर्ब ३० करोड रुपैयाँ रहेकोमा माघमा दुई खर्ब ६३ अर्ब ६ करोडमा झरेको छ। अर्थात्, माघमा यस्तो कर्जा ०.४७ प्रतिशतले खस्किएको छ। यद्यपि, तीन करोड रुपैयाँसम्मको आवासीय घरकर्जा प्रवाह भने बढेको थियो। पुससम्मको यस्तो कर्जा प्रवाह चार खर्ब ४३ अर्ब ८१ करोड कायम भएकोमा माघसम्ममा ०.९ प्रतिशतले बढेर चार खर्ब ४७ अर्ब ८२ करोड कायम भएको छ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

ठेक्का किन नतोड्ने ? सम्बन्धी अत्यन्त जरुरि सूचना !!

प्रकाशित मिति : २०८२/१२/०७

यस कार्यालय अन्तर्गत तपशिलमा उल्लेखित डुबान क्षेत्रमा नाला निर्माण कार्य सम्पन्न गर्नका लागि बारम्बार मौखिक तथा लिखित ताकेता भएको तथा जनप्रतिनिधि र स्थानीयवासीहरूले पनि बारम्बार यस कार्यालयमा समय भित्र निर्माण कार्य गराउन ताकेता गरेकोमा खरिद सम्झौताको शर्त बमोजिमका काम नगरी ठेक्का अलपत्र पारी छाडेको अवस्था छ।ठेक्काको पटक पटक म्याद थप भए पनि समयमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसायीबाट कुनै चासो नदेखाइएको/प्रयास नगरेको देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क), ५९(७) तथा सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२८(२) घ र तल तालिकामा उल्लेखित ठेक्का सम्झौताको GCC Clause 57.1 मा व्यवस्था भए बमोजिम ठेक्का सम्झौता किन नतोड्ने? ठेक्का तोड्नु नपर्ने कुनै मनासिब कारण भएमा ७ दिन भित्र विश्वसनीय स्पष्टीकरण सहित यस कार्यालयमा स्वयं आधिकारिक व्यक्ति उपस्थित हुनुहुन अनुरोध छ।अन्यथा यस सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरू, प्रचलित ऐन नियम कानुन बमोजिम ठेक्का तोडी कालोसूचीमा राख्ने तथा नियमानुसार कार्यसम्पन्न जमानत तथा धरौटी बापतको रकम जफत गर्नुको साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह मानी असुल उपर गर्नेतर्फ कारबाही अघि बढाइने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

क्र.सं	ठेक्का नं	निर्माण कार्यको विवरण तथा स्थल	निर्माण व्यवसायीको नाम, ठेगाना
1	124/PMC/NCB/W/080-81	Suikhet Duban Niyantran Yojana, PMC-25	B.G Nirman Sewa Pvt. Ltd. Pokhara-15, Nepal.

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure Development (DoLID)
Rural Connectivity Improvement Project (RCIP)
Project Implementation Unit-1 (PIU-1)
Jhapa, Nepal

Notice of Intention to Award the Contract

(First date of Publication : 21 March, 2026)

This is to notify to all concerned bidders pursuant to Section 27, Sub-section 2 of the Public Procurement Act, 2063 that we intend to accept the bid received for the IFB No.: RCIP/PIU-1/Jhapa-01/2082/083 dated 2082/11/11 for Construction and Upgrading of Rani-Nimuwa-Koshi Nahar Service Road in Morang District with the contract identification no as listed below under Rural Connectivity Improvement Project (RCIP). The Bidder's Bid price as corrected and modified in accordance with the ITB is as follows:

S. N.	Contract ID No.	Substantially Responsive Lowest Evaluated Bidder	Bid Amount including PS & VAT	
			in Figure (NPR)	in Words (NPR)
1	DoLID/RCIP/PIU-1/ Works /NCB-01/2082/083	M/S Sheikh Builders Pvt.ltd., Damak-4, Jhapa	4,500,962.13	Four Million Five Hundred Thousand Nine Hundred Sixty Two Rupees and Paisa One Three Only

PROJECT MANAGER

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार ७ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

जय ट्रफीमा उत्कृष्ट प्रदर्शन गर्ने ब्याट्सम्यान र बलर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले १०औँ आइसिसी टी-२० विश्वकप सकिएलगत्तै घरेलु खेलाडीलाई व्यस्त बनाउन जय ट्रफी कप आयोजना गऱ्यो । क्यानको पूर्वखेलतालिकाअनुसार ८ देखि १९ फागुनसम्म त्रिवि क्रिकेट तथा मूलपानी क्रिकेट मैदानमा प्रतियोगिता भएका थिए । निर्वाचनका कारण फाइनल खेल चैतमा सारियो । दुईदिवसीय जय ट्रफीमा गत वर्ष सम्पन्न भएको प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनल पुगेका चार टोलीबिच प्रतिस्पर्धा भएको थियो । गत वर्ष नेपाल पुलिस, त्रिभुवन आर्मी, नेपाल एपिएफ र बागमती प्रदेशले अन्तिम चार स्थान बनाएका थिए । लिग चरणमा शीर्ष दुई स्थानमा रहेका नेपाल पुलिस र आर्मीबिच फाइनल भयो । क्यानले उपाधि भिडन्त भने तीन दिवसीय बनाएको थियो । पुलिसले आर्मीलाई चार विकेटले हराउँदै उपाधि रक्षा गऱ्यो । तीन सातासम्म चलेको प्रतियोगितामा सर्वाधिक रन र विकेट लिने समान पाँच खेलाडी यस्ता छन् ।

सर्वाधिक रन

कुशल भुर्तेल (पुलिस)
४ खेल, ७ इनिङ्स, रन ३३६



दोस्रो संस्करणको जय ट्रफीमा साबिक विजेता नेपाल पुलिसका कुशलको ब्याटिङ राम्रो चल्यो । मूलपानी मैदानमा कुशलले संयमित हुँदै प्रतिस्पर्धा गरेका थिए । उनले चार खेलमा सात इनिङ्समा ब्याटिङ गरी प्रतियोगिताकै सर्वाधिक तीन सय ३६ रन बनाए । यस क्रममा उनले तीन अर्धशतकीय इनिङ्स खेलेका थिए । लिग चरणमा कोशी प्रदेशविरुद्ध कुशलले व्यक्तिगत सर्वाधिक ९६ रन जोड्दा शतक लगाउन चार रनले मात्र चुकेका थिए । जय ट्रफीमा चार सय २८ बल सामना गरेका उनले ३९ चौका र ६ छक्का प्रहार गरेका थिए । उनी एकपटक नटआउट रहे । उनको स्ट्राइक रेट ७८.५० रहेको छ । कुशलले फाइनलको दोस्रो इनिङ्समा आर्मीविरुद्ध महत्त्वपूर्ण ५१ रन बनाएका थिए ।

ईशान पाण्डे (बागमती)
३ खेल, ६ इनिङ्स, रन ३३१



सन्दीप लामिछानेको कप्तानीमा रहेको बागमती प्रदेश लिग चरणबाटै बाहिरिएको थियो । तर, बागमतीका ईशान प्रतियोगिताकै उत्कृष्ट ब्याट्सम्यान बने । उनले तीन खेलमा ६ इनिङ ब्याटिङ गरेका थिए । प्रतियोगितामा उनले दोस्रो सर्वाधिक रन बनाए । यसक्रममा उनले चार सय ७८ बल सामना गरी तीन सय ३१ रन जोडेका थिए । ईशानले तीन अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले बागमती प्रदेशविरुद्ध व्यक्तिगत सर्वाधिक ८४ रन जोडेका थिए । ईशानले समग्रमा ३७ चौका र ६ छक्का प्रहार गरेका थिए । दोस्रो संस्करणमा ईशानले ६६.२० को औसतमा ब्याटिङ गरे । एकपटक नटआउट रहेका उनको ६९.२४ को स्ट्राइक रेट रह्यो ।

रोहित पौडेल (एपिएफ)
३ खेल, ६ इनिङ्स, रन २७९

राष्ट्रिय टोलीका समेत कप्तान रहेका रोहित धेरै रन बनाउने सूचीको तेस्रो स्थानमा रहे । तीन खेलमा ६ इनिङ्स ब्याटिङ गरेका रोहितले दुई सय ७९ रन जोडेका




थिए । उनले यसक्रममा दुई अर्धशतकीय इनिङ्स खेलेका थिए । जय ट्रफीमा उनको उत्कृष्ट ब्याटिङ प्रदर्शन बागमतीविरुद्ध रह्यो, जसमा उनले पहिलो इनिङ्समा ८७ रन तथा दोस्रोमा ५६ रन जोडेका थिए । यसैगरी, आर्मीसँगको खेलमा उनले ४८ रन र ३५ रन जोडेका थिए । रोहितको औसत ६९.७५ र स्ट्राइक रेट ८०.१७ रह्यो । रोहितले समग्रमा दुई अर्धशतकीय इनिङ्स खेल्दा ३५ चौका र दुई छक्का प्रहार गरेका थिए ।

भीम सार्की (आर्मी)
४ खेल, ८ इनिङ्स, रन २६६



लगातार दोस्रोपटक आर्मीले फाइनल स्थान बनाउँदा मध्यक्रमका भीमबाट गतिलो साथ पाएको थियो । प्रतियोगितामा उनी चौथो सर्वाधिक रन बनाउने ब्याट्सम्यान बनेका छन् । उनले चार खेलमा आठ इनिङ्स ब्याटिङ गरी दुई सय ६६ रन जोडेका थिए । उनको औसत ४४.३३ र स्ट्राइक रेट ८४.७१ थियो । लिग चरणमा उनले एपिएफविरुद्ध अविजित एक सय पाँच रनको योगदान दिएका थिए । प्रतियोगितामा उनले एक अर्धशतक पनि प्रहार गरेका थिए । उनले ३१ चौका तथा पाँच छक्का प्रहार गरे । बागमीतविरुद्ध खेलमा उनले ७१ रन जोडेका थिए ।

दीपक बोहरा (एपिएफ)
३ खेल, ६ इनिङ्स, रन २२५



उपाधि दाबेदार मानिएको नेपाल एपिएफ लिग चरणबाटै बाहिरिए पनि व्यक्तिगत प्रदर्शनमा खेलाडीहरू अब्बल रहे । प्रतियोगितामा पाँचौँ सर्वाधिक रन बनाउने खेलाडीमा एपिएफकै दीपक हुन् । तीन खेलमा ६ इनिङ्स ब्याटिङ गरेका उनले दुई सय २५ रन बनाए । दीपकले ७३.०५ को स्ट्राइक रेट तथा ३७.५० को औसतमा ब्याटिङ गरेका थिए । उनको सर्वाधिक व्यक्तिगत ९४ रन रह्यो । प्रतियोगितामा उनले २४ चौका र सात छक्का प्रहार गरेका थिए ।

सर्वाधिक विकेट

ललित राजवंशी (पुलिस)
खेल ४, इनिङ्स ८, विकेट २६



पुलिसले उपाधि रक्षा गर्दा स्पिनर ललितको प्रदर्शन प्रमुख मान्न सकिन्छ । यसै दोस्रो जय ट्रफीमै उनले ५० विकेट पूरा गरेका थिए । जय ट्रफीमा ५० विकेट लिने उनी पहिलो बलर हुन् । समग्रमा उनले दोस्रो संस्करणमा चार खेलमा आठ इनिङ्स बलिङ गरी सर्वाधिक २६ विकेट हात पारे । ललितले कुल १६७.३ ओभर बलिङ गरेका थिए । यसपटक उनले आफ्नो इकोनोमी ३.०९ राखेका थिए । प्रतियोगितामा धेरै मेडन फ्याँक्ने बलर उनी नै हुन् । उनले समग्रमा ३९ मेडन ओभर गरेका थिए । उनको उत्कृष्ट प्रदर्शन एपिएफविरुद्ध रह्यो । जसमा उनले ८० रन खर्चेर पाँच विकेट हात पारे । प्रतियोगितामा ललितले दुईपटक पाँच तथा एकपटक चार विकेट लिए । यसै प्रदर्शनका कारण उनी प्रतियोगिताकै सर्वाधिक विकेट लिने बलर बने ।

सागर ढकाल (पुलिस)
खेल ४, इनिङ्स ८, विकेट १६



यसपटक पुलिसका बलरहरूले प्रतियोगिताभरि नै उत्कृष्ट प्रदर्शन गर्न सफल रहे । विशेषतः फाइनलमा आर्मीसँगको खेलमा उसका सिमर तथा स्पिनर चलेका थिए । पुलिसका सागर सर्वाधिक विकेट लिने सूचीको दोस्रो स्थानमा छन् । उनले आठ इनिङ्समा १६ विकेट हात पारे । सागरले १२ मेडन ओभर गरेका छन् । उनले इकोनोमी ३.४६ राखी बलिङ गरेका थिए । उनले आर्मी क्लबविरुद्ध ९२ रन दिएर ६ विकेट लिएका थिए ।

करण केसी (पुलिस)
खेल २, इनिङ्स ४, विकेट ११

जय ट्रफीमा धेरै विकेट लिने सूचीको शीर्ष तीन स्थानमा पुलिसका करण छन् । तेस्रो स्थानमा



फास्ट बलर उनी रहे । उनले चार इनिङ्स बलिङ गरी ११ विकेट हात पारे । समग्रमा उनले ५९.२ ओभर बलिङ गरी १० मेडन राखेका थिए । करणको इकोनोमी ३.२१ रह्यो । उनले बागमती प्रदेशविरुद्ध २७ रन मात्रै खर्चेर चार विकेट लिएका थिए । करणले १७.३७ औसतमा बलिङ गरेको देखिन्छ ।

नरेन साउद (आर्मी)
खेल ४, इनिङ्स ६, विकेट ११



प्रतियोगिताको उपविजेता आर्मीका नरेन चौथो धेरै विकेट लिने बलर हुन् । नरेनले चार खेलमा ६ इनिङ्समा ११ विकेट लिएका छन् । यसक्रममा उनले ५७ ओभर बलिङ गरी इकोनोमी ३.५२ राखे । दोस्रो संस्करणमा नरेनले आठ मेडन ओभर बलिङ गरे । लिग चरणमा उनले एपिएफविरुद्ध उत्कृष्ट बलिङ स्पेल गरे । दोस्रो इनिङ्समा उनले ७९ रन खर्चेर पाँच विकेट हात पारेका थिए ।

साहब आलम (आर्मी)
खेल ४, इनिङ्स ८, विकेट ११



पहिलो संस्करणमा साहब सर्वाधिक विकेट लिने सूचीमा थिए । यसपटक भने साहब पाँचौँ स्थानमा सीमित भएका छन् । इकोनोमी रनरेट आधारमा उनी पाँचौँ स्थानमा रहेका हुन् । उनले आठै इनिङ्स बलिङ गरी ११ विकेट हात पारे । उनको इकोनोमी २.५६ रन रह्यो । पहिलो तथा दोस्रो जय ट्रफीमा गरी उनले ४२ विकेट लिइसकेका छन् । ललितको कीर्तिमान बराबरी गर्न उनलाई आठ विकेट आवश्यक छ । साहबले १३४.१ ओभर बलिङ गर्दा २५ मेडन गरेका थिए ।

भुवनलाई सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि

यो सिजनमा तेस्रो ट्रफी चुम्ने क्रममा भुवन नगरकोटीले दोस्रो स्थानमा रहेका सञ्जय लामालाई एक स्ट्रोकले निराश बनाए



नयाँ पत्रिका

भुवन नगरकोटीले करिअरकै १४ तथा यस सिजनको तेस्रो उपाधि जित्ने क्रममा शुक्रबार सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत २६औँ संस्करणको सूर्य नेपाल वेस्टर्न ओपन जितेका छन् । भुवनले समग्रमा तीन अन्डर दुई सय चारको स्कोर गर्दै उपाधि जितेका हुन् । दोस्रो स्थानमा रहेका सञ्जय लामामाथि उनले एक स्ट्रोकको अग्रता लिँदै ह्याट्रिकसमेत गरे । उपाधिसँगै भुवनले एक लाख ७० हजार प्राप्त गरे ।

यसअघि चालू सिजनमा उनले सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप र सूर्य नेपाल काठमाडौं ओपनको उपाधि जितेका थिए । उपविजेता बनेका सञ्जयले समग्रमा दुई अन्डर दुई सय पाँचको स्कोर गरेका थिए । उनले एक लाख २५ हजार रुपैयाँ जितेका छन् । एमेच्योर राहुल विश्वकर्माले अन्तिम दिनमा खेल सुधार गरी समग्रमा एक अन्डर दुई सय ६ स्कोर गर्दै गरी तेस्रो स्थान रक्षा गरेका छन् ।

धरानका गल्फर शुक्रबहादुर राईले अन्तिम दिनको खेल सकाउँदा समग्रमा दुई ओभर दुई सय नौसहित चौथो स्थान रक्षा गरे । व्यावसायिकतर्फ शुक्रबहादुर तेस्रो हुँदै उनले एक लाख आफ्नो नाममा लेखाए । जयराम श्रेष्ठले समग्रमा सात ओभर दुई सय १४ सहित पाँचौँ स्थानमा चित्त बुझाए । पोखराका घरेलु गल्फर भूबहादुर गुरुङ छैटौँ भए ।

१८ होलसम्म भुवन र सञ्जयबिच प्रतिस्पर्धा

भुवन र सञ्जयबिच अन्तिम होलसम्म प्रतिस्पर्धा बनेको थियो । दुईमध्ये एक खेलाडीले सामान्य गल्ती गर्दा पनि उपाधि गुमाउन सक्ने अवस्था सिर्जना भएको थियो । यस्तोमा भुवनले संयमित हुँदै अन्तिम १८ होलसम्म एक स्ट्रोकको अग्रता बनाइराखे । अर्कोतिर शुक्रबहादुर र जयरामले सुरुदेखि खेल बिगार्दा भुवनलाई उपाधि जित्न सजिलो भयो । छैटौँ होलमा बोगी खेपेका भुवनले आठौँ होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन इभन पार खेली ३४ स्कोर गरे ।

त्यसपछि बाँकी नौ होलमा शुक्र र जयरामले टक्कर दिन नसके पनि सञ्जयले चुनौती दिएका थिए । भुवनले ब्याक नाइन पनि इभन पार ३५ मा सकाउँदै एक स्ट्रोकको जित निकाल्न सफल भए । उनले १०औँ र १३औँ होलमा बर्डी निकाले भने १२औँ र १७औँ होलमा समान एक सट खेर फाले । सञ्जयले फ्रन्ट नाइन एक अन्डर ३३ मा सकाए । उनले पहिलो, सातौँ र आठौँ होलमा बर्डी प्रहार गरेका थिए । दोस्रो र छैटौँ होलमा उनले एक-एक सट खेर फालेका थिए । ब्याक नाइनमा सञ्जयले पाँचै होलमा बर्डी प्रहार गरे ।

१०औँ होलमा र यसपछि १४ देखि १७ होलसम्म लगातार चार बर्डी प्रहार गरे । तर, १२औँ र १८औँ होलको बोगीले उनी ब्याक नाइन तीन अन्डर ३२ को स्कोरमा सीमित भए । विजयी खेलाडीलाई सूर्य नेपाल प्रालिका डेपुटी जनरल म्यानेजर केशव प्रधान र नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले पुरस्कार वितरण गरे । प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीले भाग लिएका थिए । १० लाख ५० हजार पुरस्कार रहेको यो प्रतियोगितामा शीर्ष १८ स्थानसम्मका प्रोफेसनल खेलाडीले नगद पुरस्कार पाएका छन् ।

इयू टी-२० बेल्जियम लिगमा दीपेन्द्र अनुबन्धित

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी इयू टी-२० बेल्जियम लिगमा आबद्ध भएका छन् । लिगको फ्रेन्चाइज टोली जेबी ब्रुग्सले दीपेन्द्रलाई अनुबन्ध गरेको जनाएको छ । लिगमा आबद्ध हुने उनी दोस्रो नेपाली खेलाडी हुन् । यसअघि नेपालका लेग स्पिनर सन्दीप लामिछानेलाई लिएज रेड लायन्सले भित्र्याएको थियो । सन्दीप र दीपेन्द्र इयू टी-२० बेल्जियम लिगको अक्सनअगाडि नै अनुबन्धित भएका हुन् ।

जेबी ब्रुग्सले सामाजिक सञ्जालबाट नेपालका दीपेन्द्रलाई अनुबन्ध गरेको जनाएको छ । आइसिसी टी-२० अलराउन्ड वरीयतामा दीपेन्द्र लगातार चौथो साता चौथो स्थानमै छन् ।

जेबी ब्रुग्स नेपाल प्रिमियर लिगको फ्रेन्चाइज टोली जनकपुर बोल्ट्स आबद्ध रहेको ड्रिम स्पोर्टस्को स्वामित्वमा रहेको छ । जेबी ब्रुग्सले यसअघि न्युजिल्यान्डका आक्रामक ओपनर कोलिन मुन्रो र दक्षिण अफ्रिकाका राशि भान डेर डुसेनलाई भित्र्याएको छ ।

डेस्टिनो लेजेन्ड्स स्पोर्टस् एलएलसीले बेल्जियम क्रिकेट फेडेरेसनसँगको सहकार्यमा पहिलोपटक आयोजना गर्न लागेको इयू टी-२० बेल्जियम क्रिकेटमा ६ टोली सहभागी हुनेछन् । जसमा १८ नेपाली खेलाडीले ड्राफ्टमार्फत प्रतिस्पर्धा गर्दै छन् । प्रतियोगिताको ड्राफ्ट २४ मार्चमा हुँदै छ । अन्तर्राष्ट्रियस्तरका इंग्ल्यान्डका जेम्स भिन्स र एलेक्स हेल्ससहित श्रीलंकाका एन्जेलो म्याथ्युज र वानिन्दु हसरंगाजस्ता खेलाडीले लिग खेल्नेछन् ।

आयोजकले एसोसिएट तथा स्थानीयबाट समान चार खेलाडी अनुबन्ध गर्नेछ । सुरुवाती ११ खेलाडीमा कम्तीमा दुईजना बेल्जियमको हुनुपर्नेछ । प्रत्येक टिममा १८ खेलाडी हुनेछन् । चार खेलाडी पूर्ण सदस्य टोलीका सक्रिय खेलाडी र ६ जना भेट्रान खेलाडी हुनुपर्नेछ ।

नेपालका लेग स्पिनर सन्दीप लामिछानेपछि टी-२० आई अलराउन्डर वरीयताको चौथो स्थानमा रहेका दीपेन्द्रसिंह ऐरी पनि इयू टी-२० बेल्जियम लिगमा जेबी ब्रुग्सबाट खेल्ने

छैटौँ फ्रेन्चाइज लिग खेल्दै दीपेन्द्र

टी-२० फर्म्याटमा दीपेन्द्र राम्रा खेलाडी मानिन्छन् । विशेष उनी एसोसिएट राष्ट्रका उत्कृष्ट अलराउन्डरमा पर्छन् । ब्याटिङ, बलिङ र फिल्डिङमा उनको प्रदर्शन असाधारण हुने गर्छ । करिअरमा उनले छैटौँ अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइज लिगमा आबद्ध भएका हुन् । बेल्जियम लिग उनको छैटौँ हो ।

फेब्रुअरी र मार्चमा आयोजना भएको १०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितापछि दीपेन्द्र पाकिस्तान प्रिमियर लिगमा जोडिएका थिए । इस्लामाबाद युनाइटेडले उनलाई अनुबन्ध गरेको थियो । यसअघि उनी क्यानडाको मोन्टेरियल टाइगर्सबाट खेलेका थिए । यसैगरी, गल्फ जायन्टबाट पनि उनले टी-२० फ्रेन्चाइज लिग खेलेका छन् । नेपालबाट ९४ टी-२० आई खेलेका उनले ८२ इनिङ्समा दुई हजार एक सय २५ रन बनाएका छन् । यसक्रममा उनले एक शतक तथा १२ अर्धशतकीय इनिङ्स खेलेका छन् । उनले टी-२० आईमा एक सय ५२ चौका र ८९ छक्का प्रहार गरेका छन् । समग्र टी-२० फर्म्याटमा उनले एक सय तीन खेलमा एक शतक र १२ अर्धशतकको सहयोगमा दुई हजार दुई सय ३१ रन बनाएका छन् । बलिङका क्रममा उनले ६८ इनिङ्समा ६० विकेट हात पारेका छन् । टी-२० आईमा नेपालबाट एक हजार र दुई हजार रन कटाउने उनी पहिलो ब्याट्सम्यान हुन् ।



सन्दीप र डु प्लेसिस सँगै खेल्दै

दक्षिण अफ्रिकाका आक्रामक ब्याट्सम्यान फाफ डु प्लेसिस पनि इयू टी-२० बेल्जियम लिगमा आबद्ध भएका छन् । उनी रेड लाइन्समा अनुबन्धित भएका हुन् । डु प्लेसिसले पुनः एकपटक नेपालका लेग स्पिनर सन्दीपसँगै एकै टोलीबाट प्रतिस्पर्धा गर्नेछन् । यी दुवैले यसअघि दोस्रो नेपाल प्रिमियर लिगमा विराटनगर किंग्सबाट खेलेका थिए । गत मंसिरमा भएको एनपिएलमा सन्दीपको कप्तानीमा रहेको विराटनगरबाट डु प्लेसिसले खेलेका थिए ।

उनले काठमाडौंविरुद्ध आक्रामक ब्याटिङ गरेका थिए । यसपटक डु प्लेसिसको कप्तानीमा सन्दीपले प्रतिस्पर्धा गर्नेछन् । पहिलो संस्करणको इयू टी-२० लिग आगामी ३० मेदेखि ७ जुनसम्म आयोजना हुनेछ । प्रतियोगितामा एन्टवर्प, ब्रुज, लुभेन, लिएज, गेन्ट र ब्रसेल्सका ६ टोली हुन् ।

मेसीले पूरा गरे नौ सय गोल

फुटबल इतिहासमा पोर्चुगलका क्रिस्टियानो रोनाल्डोपछि नौ सय गोल गर्ने लियोनल मेसी विश्वकै दोस्रो खेलाडी

एजेन्सी

अर्जेन्टिनाका कप्तान लियोनल मेसीले व्यावसायिक फुटबल करिअरमा नौ सय गोल पूरा गरेका छन् । फुटबल इतिहासमा नौ सय गोल गर्ने मेसी विश्वकै दोस्रो खेलाडी हुन् । यसअघि पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले नौ सय गोल पूरा गरेका थिए । मेसीले इन्टर मियामी र नासभिल एससीबिच भएको खेलमा गोल गर्दै ऐतिहासिक सफलता हात पारेका हुन् ।

रोनाल्डोले करिअरमा नौ सय ६५ गोल गरेका छन् । उनले सन् २०२४ को सेप्टेम्बरमा पोर्चुगलबाट नौ सय गोल पूरा गरेका थिए । ब्राजिलका पेलेले आफूले खेलजीवनमा हजारभन्दा बढी गोल गरेको दाबी गरेका थिए । तर, फुटबलको तथ्यांक संकलनमा उनको नाममा सात सय ६२ गोल मात्र समावेश छ । ब्राजिलका रोमारियोले सात सय ५६ गोल गरेका थिए ।

३८ वर्षीय मेसीले अमेरिकाको टेनेसीस्थित जियोडिस पार्कमा भएको कनकाकाफ च्याम्पियन्स कपको सार्तौं मिनेटमा गोल गरेका थिए । उनको यो गोल करिअरकै नौ सय गोलका रूपमा रह्यो । सन् २०२३ यता इंग्लिस फुटबलर डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीका लागि मेसीले ९२ खेलमा ८१ गोल गरेका छन् । तीन वर्षको अवधिमा उनले मियामीलाई लिग कप र एमएलएस कप दिलाएका छन् । मेसीले कीर्तिमानी रूपमा आठपटक बालोन डि अर उपाधि जितेका छन् ।

मेसीले आफ्नो करिअरमा स्पेनिस क्लब बार्सिलोनापछि फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट प्रतिस्पर्धा गरेका छन् । करिअरमा उनले सबैभन्दा धेरै सिजन बिताएको क्लब नै बार्सिलोना हो । उनले १७ वर्ष बार्सिलोनाबाट खेलेका थिए । यसक्रममा उनले सात सय ७८ खेलमा ६ सय ७२ गोल गरेका थिए । बार्सिलोनामा रहँदा मेसीले १० वटा स्पेनिस ला लिगा र चार च्याम्पियन्स लिगलगायत अन्य उपाधि हात पारे ।

बार्सिलोनापछि उनले पिएसजीबाट खेल्दा ७५ खेलमा ३२ गोल गरेका थिए । मेसीले आफ्नो कप्तानीमा अर्जेन्टिनालाई सन् २०२२ मा कतार विश्वकप दिलाएका थिए । अर्जेन्टिनाले सन् १९८६ पछि विश्वकप जित्दा मेसीले उत्कृष्ट प्रदर्शन गरेका थिए । चार वर्षअघि कतारमा भएको विश्वकप फाइनलमा मेसीले फ्रान्सविरुद्ध प्रेरणादायी खेल प्रस्तुत गरेका थिए । मेसीले अर्जेन्टिनाबाट एक सय ९६ अन्तर्राष्ट्रिय खेलमा एक सय १५ गोल गरिसकेका छन् ।



धेरै गोल गर्ने

१.	क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)	९६५
२.	लियोनल मेसी (अर्जेन्टिना)	९००
३.	पेले (ब्राजिल)	७६२
४.	रोमारियो (ब्राजिल)	७५६
५.	फेरेन्स पुस्कास (हंगेरी)	७२५
६.	जोसेफ विकान (पाराग्वे)	७२२
७.	रोबेर्टो लेवान्डोस्की (पोल्यान्ड)	६८९
८.	जिमी जोनेस (नर्थ आइरल्यान्ड)	६३९
९.	गर्ड मुलर (जर्मनी)	६३४
१०.	जोए बाम्ब्रिक (नर्थ आयरल्यान्ड)	६२६

सन् २०१२ को सिजनमा ९१ गोल

सन् २०१२ को सिजनमा मेसी आफ्नो करिअरको उत्कृष्ट फर्ममा थिए । यस सिजनमा उनले कीर्तिमानी ९१ गोल गरेका थिए । फुटबल इतिहासमा अहिलेसम्म एकै सिजनमा ९० भन्दा धेरै गोल उनीबाहेक अन्य खेलाडीले गरेका छैनन् । यसैगरी, उनले च्याम्पियन्स लिग फुटबल प्रतियोगितामा छिटो सय गोल गरेका छन् । क्लब तथा अन्तर्राष्ट्रिय करिअरमा मेसीले स्पेनिस क्लब सेभिल्लाविरुद्ध धेरैपटक गोल गरेका छन् । उनले सेभिल्लासँगको खेलमा २५ गोल गरेका थिए । यसैगरी, उनले एथलेटिको क्लबविरुद्ध २४ गोल गरे । यसैगरी, उनले एथलेटिको म्याड्रिडविरुद्ध २३, भ्यालेन्सियासँगको खेलमा १८ गोल गरेका थिए । बार्सिलोनामा रहँदा चिरपरिचित प्रतिद्वन्द्वी रियल म्याड्रिडविरुद्ध उनले १७ गोल र लाभान्टेविरुद्ध १६ गोल गरेका थिए । सन् २०१२ को सिजनमा उनले बार्सिलोनाबाट ७९ र अर्जेन्टिनाका लागि १२ गोल गरेका थिए ।

बायाँ खुट्टाबाट धेरै गोल

मेसीले आफ्नो करिअरमा सबैभन्दा धेरै गोल बायाँ खुट्टाबाट गरेका छन् । उनले बायाँ खुट्टाबाट मात्रै सात सय ५५ गोल गरेका छन् । यसैगरी, उनले दायाँ खुट्टाले एक सय ११ गोल गरे । उनले डिबक्सभित्रबाट हेडिङबाट ३० गोल गरे । मेसी डिबक्सभित्र निकै चतुर मानिन्छन् । डिबक्समा प्राप्त बलमा गोल गर्न उनी मिस गर्दैनन् । उनले यस क्षेत्रबाट विपक्षी पोस्टमा सात सय २४ गोल गरेको रेकर्ड छ । यसैगरी, सानो डिबक्सबाट उनले एक सय ७६ गोल गरेका छन् । मेसीले पेनाल्टीमा एक सय १२ गोल र फ्रिकिकबाट ७० गोल गरेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com